र्‍यापर लिजोको प्रस्तुति । ८

उपल्लो मुस्ताङमा गल्फ । १२






नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित


वर्ष ३० अंक १९१ | १२ भदौ २०७९ आइतबार भाद्र शुक्लपक्ष प्रतिपदा | नेपाल संवत् ११४२ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Sunday, August 28, 2022 | पृष्ठ १२ | १० रुपैयाँ

## नागरिकता विधेयकमा के छ, के छैन ?

### विधेयकमा भएका विषयमा चर्चै छैन, विधेयकले छोडेको विषयमा चर्को बहस

**कान्तिपुर एक्स्प्लेनर**

- बहसमा रहेको विधेयकले 'वैवाहिक अंगीकृत' सम्बन्धी न कुनै प्रावधान थपेको न घटाएको छ, खासमा 'वैवाहिक अंगीकृत' शब्दावली नै यो विधेयकमा छैन ।
- नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिलाले विदेशको नागरिकता त्याग गर्ने कारबाही चलाएको निस्सा पेस गरेमा नागरिकता पाउने कानुन विद्यमान छ, विधेयकले यसमा संशोधन गर्न खोजेको छैन ।
- नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिलाले नेपालको नागरिकता पाउने व्यवस्था नागरिकता ऐन २०६३ मै छ, त्यो व्यवस्था २०४९ को कानुनबाट साभार गरिएको हो ।
- यो विधेयक पारित भए वा नभए पनि 'वैवाहिक अंगीकृत नागरिकता' सम्बन्धी व्यवस्था २०६३ (वस्तुतः २०४९) कै बहाल रहन्छ । यससम्बन्धी कानुन परिवर्तन गर्न खोजे संसद्ले हिजो पनि संशोधन गर्न सक्थ्यो, अहिले सक्छ र भविष्यमा पनि सक्छ ।
- वैवाहिक अंगीकृतका लागि समयसीमा तोक्ने विषयमा अहिलेसम्म कुनै पनि सरकारले विधेयक संसद्मा लगेका छैनन् । ओली सरकारले २०७५ मा संसद्मा दर्ता गराएको विधेयकमा, उही सरकारले २०७८ मा जारी गरेको अध्यादेशमा वा अहिले संसद्मा रहेको विधेयकमा त्यसबारे केही उल्लेख छैन ।




**तुफान न्यौपाने** (काठमाडौं)

सरकारले 'फास्ट ट्र्याक' प्रक्रियाबाट पारित गर्न नागरिकतासम्बन्धी विधेयक संसद्मा दर्ता गरेदेखि नै विभिन्न पक्षबाट समर्थन र आलोचना भइरहेको छ । नागरिकता ऐन संशोधन गर्न ल्याइएको विधेयक दुवै सदनले पारित गरेर प्रमाणीकरणका लागि राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष पठाइएकामा उनले सन्देशसहित फर्काइदिएकी थिइन् । उनको सन्देशलाई पन्छाएर प्रतिनिधिसभाले पुनः हुबहु पारित गरेको छ भने राष्ट्रिय सभामा आइतबार प्रस्तुत हुँदैछ । राष्ट्रपति र प्रतिनिधिसभाको सन्देशसहितको विधेयकमा राष्ट्रिय सभाले निर्णय गर्नेछ ।

नागरिकतासम्बन्धी विधेयकमा समावेश भएका विषयवस्तुमाथि अहिले कहींकतै देखिएको छैन, विधेयकले नसमेटेका विषयवस्तु भने विवादको केन्द्रमा छन् । विधेयकले यसअघि जन्मका आधारमा नेपालको नागरिकता पाएका व्यक्तिका सन्तानलाई वंशजको नागरिकता दिने प्रबन्ध गरेको छ । यो प्रबन्ध संविधानको हुबहु व्यवस्था हो ।

पुरानो संविधानले वंशज, अंगीकृत र जन्मका आधारमा गरी तीन प्रकृतिका नागरिकता प्रचलनमा ल्याएकामा नयाँ संविधानले जन्मका आधारमा दिइने नागरिकतासम्बन्धी व्यवस्थालाई हटाएको थियो । तर त्यसअघि नै जन्मका आधारमा नागरिकता पाएका (२०४६ चैत मसान्तसम्म नेपालमा जन्मिएर स्थायी रूपमा बसोबास गरी २०६४ संविधानसभाको निर्वाचनअघि निवेदन दिएर पाएका मात्र) करिब एक लाख ९० हजार व्यक्तिका सन्तानलाई वंशजको नागरिकता प्रदान गर्ने व्यवस्था २०७२ को संविधानमा गरिएको छ । त्यसैका लागि कानुन बनाउन अहिले विधेयक ल्याइएको हो । गैरआवासीय नेपालीलाई पनि निश्चित सीमासहित नागरिकता प्रदान गर्ने अर्को प्रावधान छ । जन्मका आधारमा नागरिकता पाएका व्यक्तिका सन्तानले वंशजको नागरिकता पाउने र गैरआवासीय नेपालीलाई नागरिकता दिने दुवै प्रावधानमा विवाद छैन । विवाद भने वैवाहिक अंगीकृत नागरिकतासम्बन्धी प्रावधानमा छ, जुन विषयमा विधेयक मौन छ ।

अहिले नागरिकतासम्बन्धी हकलाई नियमन गर्ने कानुन २०६३ सालको 'नेपाल नागरिकता ऐन' हो । उक्त ऐनले 'नेपाली पुरुषसँग विवाह गरेकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पेस गर्नुपर्ने' व्यवस्था गरेको छ । २०६३ सालको कानुनको यस्तो प्रावधानमा अहिले कुनै संशोधनको प्रस्ताव गरिएको छैन । त्यसैले यो विधेयक पारित भए वा नभएमा पुरानै व्यवस्थाले निरन्तरता पाउनेछ । अर्थात् नेपाली पुरुषसँग विवाह गरेकी विदेशी महिलाले विदेशको नागरिकता त्याग गर्ने कारबाही चलाएको प्रमाण पेस गरेमा उनी नेपालको नागरिकता प्राप्त गर्न योग्य हुनेछिन् । २०६३ मा मात्र होइन, नागरिकता संशोधन ऐन २०४९ मा पनि यही प्रावधान थियो ।

वैवाहिक अंगीकृतका लागि समयसीमा तोक्ने विषयमा अहिलेसम्म कुनै पनि सरकारले विधेयक संसद्मा लगेका छैनन् । ओली सरकारले २०७५ मा संसद्मा दर्ता गराएको विधेयकमा, उही सरकारले २०७८ मा जारी गरेको अध्यादेशमा वा अहिले संसद्मा रहेको विधेयकमा त्यसबारे केही उल्लेख छैन ।

जन्मसिद्धका सन्तान र गैरआवासीय नेपालीलाई नागरिकता दिने विषयमा वर्तमान सरकारले प्रस्तुत गरेको दुवै सदनले अघिल्लो महिना पारित गरेका थिए । बाँकी पृष्ठ ११

**समयरेखा**

वैवाहिक अंगीकृत नागरिकताबारे २०१९ देखि अहिलेसम्मका कानुन

पृष्ठ ११

## निर्वाचन भत्ता मनमौजी



**मकर श्रेष्ठ** (काठमाडौं)

निर्वाचन आयोगले निर्वाचनमा खटिने पदाधिकारी तथा कर्मचारीको भत्ता मनोमानी ढंगले हेरफेर गरेको छ । निर्वाचन गराउन प्रत्यक्ष सरोकार नै नभएका कर्मचारीलाई समेत भत्ता, खाजा-खाना र सञ्चार सुविधा खर्च दिने व्यवस्था गरेर आयोगले कार्यविधि ल्याएको हो । मतदान केन्द्रमा लाइन व्यवस्थापन र मतदाताको नामावली रुजु गर्न खटिने स्वयंसेवकको भत्ता भने कटौती गरिएको छ ।

आयोगले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत कार्यालयका लागि स्थानीय तह निर्वाचनका बेलाको मसलन्द तथा कार्यालय सामग्री खर्चमा शतप्रतिशत थप गरेको छ । मुख्य निर्वाचन अधिकृत कार्यालयलाई यसअघि ५० हजार रुपैयाँको मसलन्द खर्च दिइएकामा आउँदो निर्वाचनका लागि एक लाख रुपैयाँ पुर्‍याइएको छ । निर्वाचन अधिकृतको कार्यालयका लागि मसलन्द खर्च ४० हजार रुपैयाँबाट ८० हजार रुपैयाँ बनाइएको छ ।

आयोगद्वारा स्वीकृत प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन सञ्चालनसम्बन्धी आर्थिक व्यवस्थापन कार्यविधिअनुसार २०७४ को निर्वाचनका बेला निर्वाचन अधिकृतको कार्यालयले पानी-धारा, बिजुलीका लागि एक महिनाको १० हजार रुपयाँ खर्च गर्न पाउँथ्यो । चार महिनाअघि भएको स्थानीय तह निर्वाचनमा बढाएर ४५ हजार रुपैयाँ बनाइएकामा आउँदो प्रतिनिधिसभा र प्रदेशसभामा निर्वाचनका लागि ६० हजार रुपैयाँ खर्च गर्न पाउने कार्यविधि बनाइएको छ । 'स्थानीय तहमा भएको खर्चका आधारमा थप रकम राखिएको हो,' आयोगका प्रवक्ता शालिग्राम पौडेलले भने ।

इन्धन खर्च मुख्य निर्वाचन अधिकृतका लागि ४० हजार रुपैयाँ रहेकामा ६० हजार र निर्वाचन अधिकृतका लागि ३५ हजारबाट ६० हजार रुपैयाँ पुर्‍याइएको छ । मतदान केन्द्र निर्माण खर्च (भवन उपलब्ध नभए) पनि ५ हजारबाट १० हजार रुपैयाँ बनाइएको छ । मतपेटिका ढुवानी खर्च तीन गुना बढाइएको छ । यसअघि १५ किलोमिटर मतपेटिका तथा निर्वाचन सामग्री ढुवानीका लागि एक हजार रुपैयाँ खर्च दिने गरिएकामा आउँदो निर्वाचनमा ३ हजार रुपैयाँ दिने गरी कार्यविधि बनेको छ ।

आयोगका पदाधिकारी तथा कतिपय कर्मचारीलाई तलबको शतप्रतिशत भत्ता र खाजा खर्चबापत दैनिक थप ६ सय रुपैयाँसम्म खाजा खर्च दिने व्यवस्था गरिएको छ । स्थानीय तहको निर्वाचनमा स्वयंसेवकको भत्ता १ हजार २ सय रुपैयाँ थियो भने आउँदो निर्वाचनमा घटाएर १ हजार रुपैयाँ कायम गरिएको छ । ३ देखि ४ जनासम्म स्वयंसेवक एउटा मतदान केन्द्रमा खटिनेछन् । स्वयंसेवक मात्रै करिब ६७ हजार ५ सय हुनेछन् । बाँकी पृष्ठ ११

## रोमियो सातौं प्रयासमा फौजी

**लक्ष्मी साह** (बारा)

सिम्रौनगढ नगरपालिका-८ कचोर्वा गाउँ । यहीं छन्, दलितमा पनि निकै पछाडि पारिएका मानिने चमारका ४० घरपरिवार । टोलको एक छेउमा २४ परिवारको टोल छ । त्यही टोलको एउटा कुनामा ६ धुर जमिनमा उभिएको छ रोमियो भनिने २४ वर्षीय राजकुमार रामको झुपडी । शनिबार उनको टोलमा बेग्लै खुसी थियो । नहोस् पनि किन, उनी प्रहरीमा भर्ती भएका थिए । टोलभरिबाटै उनी प्रहरी बन्ने पहिलो युवक । त्यो पनि पहिला प्रयासमा होइन, सातौं पटकमा ।

रोमियोको सफलतामा बाबु नन्दलाल चमार र आमा देवपति झनै खुसी देखिन्थे । सुडेनीका काम गर्ने देवपति र बिहेबटुलोमा बाजा बजाउने टोलीमा रहेर सहनाई वादक नन्दलाललाई संसारै जितेको अनुभव भइरहेको थियो । प्रहरीमा भर्ती भएपछि रोमियोलाई गाउँका साथीभाइको बधाईका फोन लगातार आइरहेको छ । चिनेजानेको कोही आफन्त बाँकी छैनन्, जसले उनको सफलतामा खुसी नसाटेका हुन् । उनले २०७० मा दोस्रो श्रेणीमा एसएलसी पास गरे । त्यसपछिका दुई वर्ष विभिन्न उद्योगमा मजदुरी गरे । तिनै दिनमा उनको स्कुले साथी दीपक साह प्रहरी जवानमा छनोट भए । अनि त उनलाई पनि साथीकै बाटो हिँड्न मन लाग्यो । तर प्रहरीमा भर्ती हुन्छु भनेर उनले देखेको सपना पूरा हुन छनोट प्रक्रिया फलामको चिउरा जस्तै भइदियो । बाँकी पृष्ठ ११



सेना, प्रहरी, सशस्त्रका भर्तीमा पटकपटक आवेदन दिएर छनोटमा नपरी बाहिरिएका देखेर बाबुआमाले हरेस खाएका थिए तर कोसिस गर्न छाडेनन्

**दीक्षान्त समारोहमा आमाबुबासँग राजकुमार राम ।**

*तस्बिर : राजकुमार/फेसबुक*




एक पिल्लर मलाई

उदयपुरको सुन जस्तो चुनढुङ्गाबाट तयार गरिएको
THE BEST

शौर्य सिमेन्ट

हार्दिक धन्यवाद

"एक पिल्लर मलाई" योजना अन्तर्गत हाम्रा प्रतिनिधिहरुलाई हजुरहरुले अन्य सिमेन्टबाट निर्माण गरिरहनु भएको निर्माण स्थलमा शौर्य सिमेन्ट प्रयोग गरेर एक पिल्लर बनाउन अनुमति दिई, सोहि स्थानमा भारबहन क्षमता (COMPRESSIVE STRENGTH) निःशुल्क परिक्षण गरी सन्तुष्ट भई बाँकी निर्माणपनि शौर्य सिमेन्ट प्रयोग गरेर हामीलाई हौसला प्रदान गर्नु भएकोमा हार्दिक धन्यवाद ।

यो योजना पोखरा, नारायणघाट, सिराहा, उदयपुर र सप्तरी जिल्लामा सफल परिक्षण गरी सयौं ग्राहकहरुलाई गुणस्तरमा सन्तुष्ट गराई देशका विभिन्न स्थानहरुमा ग्राहकवर्गहरुको माग अनुसार सोहि योजनालाई पुनःविस्तार गर्दैछौं ।

यो योजनामा भाग लिनको लागि देखाइएको QR CODE मा SCAN गर्नुहोस् अथवा TOLL FREE NO. मा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

Toll Free No. 16600112444 (NTC) 9801572112 (NCELL)




थप जानकारीका लागि सम्पर्क:
शौर्य सिमेन्ट इण्डष्ट्रिज लिमिटेड
जगदम्बा टावर, गैहीधारा, काठमाडौं

फोन: +977-1-4441235/ 4441250/ 4545823
ईमेल: info@shauryacements.com

shauryacements.com
Shauryacements

Engineers Team :
9802322827, 9802333226 (Sagarmatha),
9801969086 (Mechi, Koshi), 9802333263 (Janakpur)
9864848866 (Chitwan)

# सार्वजनिक पदमा बस्ने महिलाको निजी जीवनमा अतिक्रमण



**फिनल्यान्डकी प्रधानमन्त्री सना मरिन निजी पार्टीमा सहभागी भएको फोटो र भिडियोले सार्वजनिक 'बहस' सिर्जना गरेको छ, यसरी निजी जीवनका विषयमा सार्वजनिक सफाइ दिन बाध्य उनी पहिलो नेत्री होइनन्**

**बुद्धिसागर मरासिनी** (काठमाडौं)

करिब ३ वर्षअघि फिनल्यान्डको प्रधानमन्त्रीका रूपमा विश्वासको मत जितेपछि ३४ वर्षीया सना मरिनले 'आफ्नो उमेर वा लिंगबारे नभई राजनीतिमा आउनुको कारण र विश्वासका विषयमा सोच्ने गरेको' बताएकी थिइन् । त्यतिबेला विश्वकै कान्छी प्रधानमन्त्री बनेर रेकर्ड बनाएकी उनी साताअघि पुनः चर्चामा आइन् । कारण थियो- मदिरा सेवन गरेर पार्टीमा नाच्दै गरेको भिडियो । भिडियो सार्वजनिक भएपछि उनले महिला भएकै कारण थप अपमानित हुनुपरेको छ ।

उनी मदिराको तालमा साथीहरूसँग नाच्दै गरेको भिडियो अघिल्लो शुक्रबार बाहिरिएको थियो । जसका कारण उनको कडा आलोचना मात्र भएन, अन्य दलका नेताले उनले लागूऔषध सेवन गरेको आरोप लगाउँदै परीक्षण गर्नुपर्ने माग गरे । उनीहरूले मरिनमाथि छानबिन गर्न दबाबसमेत दिए । प्रधानमन्त्री मरिनले भने आफूले मदिरा पिएर रमाइलो गरेको तर लागूऔषध सेवन नगरेको बताएकी थिइन् । आलोचना बढ्दै गएपछि र राजीनामाको समेत आवाज उठ्न थालेपछि उनी लागूऔषध परीक्षण गराउन बाध्य भएकी थिइन् ।

मरिनले लागूऔषध सेवन गरेको पुष्टि भएन तर व्यक्तिगत जीवनको एउटा पाटो उघारिएका कारण उनी तनावमुक्त रहिनन् । त्यसका साथै प्रधानमन्त्रीको सरकारी निवासमा आयोजित अर्को एक छुट्टै पार्टीमा दुई अर्धनग्न युवतीले चुम्बन गरिरहेको भिडियो बाहिरिएपछि उनले 'अमर्यादित कार्य' भन्दै माफी माग्नुपरेको थियो ।

> 'मरिन कडा नीति, बलियो नेतृत्व र सफल वार्ताकारका रूपमा चिनिन्छन् तर उनलाई अर्कै विश्वको जस्तो गरी हेरियो'

परीक्षण गराएपछि उनले आफूले जीवनभर लागूऔषध प्रयोग नगरेको बताउँदै उक्त भिडियो सार्वजनिक गरिएकामा निकै दुःख लागेको बताएकी थिइन् । लागूऔषध सेवन गरेको कुरा अफवाह भएको उनको भनाइ थियो । 'म मेरा साथीहरूसँग थिएँ, हाम्रो पार्टी थियो,' उनले भनेकी थिइन्, 'मैले नाचगान गरे पनि ड्रग्स कहिल्यै लिएको छैन । मसँग लुकाउन केही छैन । त्यो एक निजी भिडियो थियो, जुन यसरी सार्वजनिक गर्नु हुँदैनथ्यो ।' मरिनले आफू प्रधानमन्त्री पदमा रहेको भए पनि निजी जीवन हुने र त्यस अवधिमा साथीहरूसँग रमाउँदा कानुन उल्लंघन नहुने भन्दै स्पष्टीकरणसमेत दिनुपरेको थियो ।

सामाजिक सञ्जाल इन्स्टाग्राममा पोस्ट गरिएको उनको भिडियोमा अस्वाभाविक प्रतिक्रिया आएको थियो । कतिपयले प्रधानमन्त्रीले पनि निजी जीवन जीउन पाउनुपर्ने बताएका थिए भने कतिपयले सना मरिन फिनल्यान्डको प्रधानमन्त्री बन्न योग्य नभएको प्रतिक्रिया दिएका थिए । 'काम गरेपछि उनले पार्टी गर्न किन सक्दिनन् ? के तिनीहरू मानव होइनन् ?' उनको समर्थनमा एक जनाले लेखेका थिए । अर्का प्रयोगकर्ताले भने प्रधानमन्त्रीको व्यवहार आफूलाई स्वीकार्य नहुने भन्दै तर्क गरेका थिए । 'प्रधानमन्त्रीको यस्तो व्यवहार स्वीकार्य छ ? मलाई लाग्छ- छैन,' उनले लेखेका थिए ।

प्रधानमन्त्री भएदेखि नै पार्टी गर्ने बानीले मरिन बारम्बार आलोचित हुने गरेकी छन् । संगीत समारोहमा सामेल भएका उनका तस्बिरहरू कैयौं पटक बाहिर आएका छन् । पछिल्लो पटक भाइरल भएको भिडियोमा उनी फिनल्यान्डका पपस्टारसँग नाच्दै थिइन् । आलोचना भए पनि धेरैले उनको तारिफ गरिरहेका छन् । जर्मन समाचार संस्था बिल्डले उनलाई विश्वकै 'कुलेस्ट' प्रधानमन्त्रीको संज्ञा दिएको छ ।

मरिनको कार्यकालमा फिनल्यान्डले धेरै चुनौतीको सामना गरेको छ । कोरोना महामारीका कारण देशले धेरै समस्या झेल्नुपरेको थियो भने युक्रेनमा रुसको आक्रमणले फिनल्यान्डको चुनौती थप बढाएको छ ।

मरिन सोसल डेमोक्रेटिक पार्टीका तर्फबाट सन् २०१९ मा ३४ वर्षको उमेरमा प्रधानमन्त्री निर्वाचित भएकी थिइन् । उनको नेतृत्वमा बनेको गठबन्धन सरकारमा सहभागी अन्य चारवटै दलको नेतृत्व महिलाले गरेका थिए । देशको सत्ता आफ्नो हातमा लिन मरिनले 'सेन्टर पार्टी' र वाम विचारधाराका दलबीच महत्त्वपूर्ण गठबन्धन बनाएकी थिइन् । यो गठबन्धनमा थप चार जना महिला नेता समावेश छन् ।

तत्कालीन प्रधानमन्त्री आन्ती रिन्नेले पद त्यागेपछि पार्टीले मरिनलाई सरकारको नेतृत्वका लागि चयन गरेको थियो । हुलाक सेवामा भएको हडतालको विषयमा विश्वासको मत गुमाएपछि प्रधानमन्त्री रिन्नेले राजीनामा दिएका थिए ।

प्रधानमन्त्रीका रूपमा विश्वासको मत जितेपछि मरिनले 'आफ्नो उमेर वा लिंगबारे नभई राजनीतिमा आउनुको कारण र विश्वासका विषयमा सोच्ने गरेको' बताएकी थिइन् । मरिन नोर्डिक देशमा प्रधानमन्त्री हुने तेस्री महिला हुन् ।

साधारण परिवारमा जन्मिएकी मरिन सानै छँदा आमाबाबु अलग भएका थिए । आमाले एक्लै हेरचाह गरेका कारण उनले बाल्यकालमा आर्थिक समस्या भोग्नुपरेको थियो । मरिन परिवारमा विश्वविद्यालय स्तरको शिक्षा लिने पहिलो व्यक्ति हुन् । १५ वर्षको हुँदा एक पसलमा काम थालेकी मरिनले केही समय पत्रिका वितरणको काम पनि गरेकी थिइन् । त्यसताका आमा एक महिलासँग सम्बन्धमा रहेको भन्दै आफूले आलोचना खेपेको मरिनको भनाइ छ ।

जीवनको दुई दशक लाग्दै गर्दा राजनीतिमा प्रवेश गरेकी मरिनले त्यसको दुई वर्षपछि काउन्सिलरको चुनावमा उम्मेदवारी दिएकी थिइन् । पहिलो चुनावमा पराजित भएकी उनी ५ वर्षपछि काउन्सिलर बनिन् । त्यसलगत्तै २७ वर्षको उमेरमा देशको तेस्रो ठूलो सहर टाम्पेरेको काउन्सिलको नेतृत्व गर्ने मौकासमेत पाएकी थिइन् ।

सन् २०१९ मा सोसल डेमोक्रेटिक पार्टीबाट प्रधानमन्त्री बन्दा उनको उमेर ३४ वर्ष मात्रै थियो । यसअघि सन् २०२१ मा कोभिड महामारीको समयमा पार्टी गरिरहेको तस्बिर भाइरल भएपछि उनी विवादमा परेकी थिइन् । त्यतिबेला तत्काल माफी मागेकी थिइन् ।

फिनल्यान्डको गठबन्धन राजनीतिमा निकै कठिन मानिएको अन्तरपार्टी विवादलाई सहजै मिलाउँदै उनले सन् २०२१ को बजेट ल्याएपछि उनलाई क्षमतावान राजनीतिज्ञका रूपमा चित्रित गरिएको थियो । कोरोना भाइरसको महामारीबाट जुध्न उनको निर्णय क्षमता र नीतिका कारण फिनल्यान्डका जनताले पुराना विवादास्पद छवि भुलेका थिए ।

मदिरा सेवन गरेर पार्टीमा नाच्दै गरेको पछिल्लो भिडियो सार्वजनिक भएसँगै मरिन विवादित बनेकी छन् । उनका समर्थकहरूले भने महिलाविरोधी भावना भएकाहरूले मरिनमाथि अनावश्यक आक्रमण गरेका बताएका छन् ।

सन् २०२० मा डाभोसमा आयोजित एक कार्यक्रममा मरिनलाई सबै महिला नेतृत्वका दलको गठबन्धन सरकारले गरेका कामबारे सोधिएको प्रश्नको जवाफमा मरिनले 'सरकारले अन्य देशमा जस्तै काम गरिरहेको र महिलालाई मात्र अनुमति रहेको कोठामा बस्ने नगरेको' भन्दै कडा व्यंग्य गरेकी थिइन् । त्यसको केही समयपछि उनी एक म्यागेजिनका लागि गरिएको फोटोसुटमा भित्री वस्त्रबिना कोटमा देखिएपछि आलोचित बनेकी थिइन् ।

सन् २०१७ यता न्युजिल्यान्डको प्रधानमन्त्री रहेकी जसिन्डा आर्डन महिला सरकार प्रमुखका रूपमा चर्चित अर्को नाम हो । मरिन जोडिएको पछिल्लो अवस्थाका विषयमा विश्वभरबाट प्रतिक्रिया जनाउने राजनीतिज्ञको सूचीमा आर्डन पनि थपिएकी छन् । पछिल्लो पत्रकार सम्मेलनमा सोधिएको प्रश्नको जवाफ दिने क्रममा आर्डनले पुरुषको तुलनामा महिला राजनीतिज्ञले सामाजिक तथा पारिवारिक विषयमा बढी चुनौती सामना गर्नुपरेको बताएकी छन् । 'हो, तपाईंलाई थाहा भएजस्तै म कुनै पनि देशको राजनीतिक अवस्थालाई इंगित गर्दिनँ तर मेरो सामान्य अनुभव के हो भने जबदेखि म प्रधानमन्त्रीको भूमिकामा छु, आफ्नो सबै जीवन छाडेर राजनीतिमा मात्रै रहनुपर्छ भन्ने सोचका मानिसहरू देखेकी छु,' उनी भन्छिन् ।

३७ वर्षको उमेरमा प्रधानमन्त्री बन्दा आर्डन विश्वकै कान्छी महिला सरकारप्रमुख थिइन् तर दुई वर्षपछि त्यो रेकर्ड मरिनले खोसेकी हुन् । उनी सन् २०२० को चुनावमार्फत दोस्रो कार्यकालका लागि प्रधानमन्त्री बनेकी थिइन् । २८ वर्षको उमेरमा सांसद निर्वाचित भएकी आर्डन पाकिस्तानकी बेनजिर भुट्टोपछि पदमै रहेका बेला आमा बन्ने दोस्रो महिला प्रधानमन्त्री हुन् ।

यसअघि संयुक्त राष्ट्रसंघको एक बैठकमा सहभागी हुने क्रममा चार महिनाकी छोरीलाई काखमा लिएर पुगेपछि आर्डन चर्चामा आएकी थिइन् । उनले संसारभरका कामकाजी महिलालाई जागिर र जिम्मेवार पदमा रहँदा पनि आमाको जिम्मेवारी सम्हाल्न सकिन्छ भन्ने सन्देश दिएको भन्दै निकै प्रशंसा भएको थियो । पुरुषका तुलनामा नम्रता, संवेदनशीलता, सामाजिक-पारिवारिक विशेषता र प्राकृतिक गुणका कारण महिला नेतृत्व बढी प्रभावकारी हुने कतिपयको भनाइ छ ।

चुनाव नजिकिँदै गरेका बेला सार्वजनिक भिडियो र त्यसप्रतिको प्रतिक्रियाका कारण मरिनलाई आगामी कार्यकाल प्रधानमन्त्री बन्न कठिन बन्ने देखिएको विश्लेषकहरूको भनाइ छ । फिनल्यान्डमा सन् २०२३ को अप्रिलमा संसदीय चुनाव हुँदै छ । घटनापछि फिनल्यान्डका महिला भने मरिनको समर्थनमा उत्रिएका छन् । उनीहरूले आफूले पार्टीमा रमाइलो गरेका भिडियो सामाजिक सञ्जालमा सार्वजनिक गर्दै 'सनाप्रति ऐक्यबद्धता' लेखेका छन् ।

टुर्कु विश्वविद्यालयका प्राध्यापक अनु कोइभुनेन मरिनको स्थानमा पुरुष प्रधानमन्त्री भएको भए पनि केही विवाद हुने तर महिला भएका कारण बढी आलोचना भएको बताउँछिन् । 'मरिन कडा नीति, बलियो नेतृत्व र सफल वार्ताकारका रूपमा चिनिन्छन् तर उनलाई अर्कै विश्वको जस्तो गरी हेरियो,' उनको भनाइ छ ।

मरिन नेतृत्वको एसडीपीका पूर्वसचिव मिखाएल जंगनर उनी अर्को वर्ष हुने निर्वाचनमार्फत पुनः प्रधानमन्त्री बन्ने सम्भावना कमै देख्छन् । 'जब मानिसहरू तपाईंमाथि हाँस्छन्, तब यो राजनीतिक जीवनका लागि खतरा हो,' उनले भने, 'पार्टी गर्नु खराब होइन तर गलत मानिससँग पार्टी गर्नु खराब हो ।'

यद्यपि आममानिसले मरिनलाई रकस्टारको जस्तो गहिरो छाप छाड्न सफल भएका कारण उनी सन् २०२४ मा हुने चुनावमार्फत राष्ट्रपतिमा निर्वाचित हुन सक्ने बताउँछन् । 'उनको राजनीतिक करियर अन्त्य भइसकेको छैन,' जंगनरले भने ।

*(एजेन्सीहरूको सहयोगमा)*



पार्टीको भिडियो सार्वजनिक भएपछि उठेको विवादमा प्रस्टीकरण दिँदै फिनल्यान्डकी प्रधानमन्त्री सना मरिन (माथि) र राष्ट्रसंघीय महासभामा श्रीमान् र बच्चा लिएर सहभागी न्युजिल्यान्डकी प्रधानमन्त्री जसिन्डा आर्डन । *तस्बिर : एपी र रोयटर्स*



# बेलायतमा नेपाली नर्सको तलब मासिक ४ लाख

काठमाडौं (कास)- बेलायतमा जाने नेपाली नर्सले मासिक ४ लाख रुपैयाँसम्म पारिश्रमिक पाउने भएका छन् । त्यहाँको कानुनअनुसार लाइसेन्स लिएपछि नेपाली नर्सले वार्षिक ४८ लाख रुपैयाँ (२७ हजारदेखि ३२ हजार पाउन्ड) सम्म तलब पाउने नेपाल र बेलायत सरकारबीच सम्झौता भएको छ । श्रम मन्त्रालयका अनुसार बेलायतको 'नर्सिङ एन्ड मिडवाइफरी काउन्सिल (एनएचएस)' मा दर्ता भएपछि मात्रै यो तलबसुविधा पाइनेछ । 'यहाँबाट सहायक स्वास्थ्यकर्मीका रूपमा छनोट हुन्छ ।

बेलायतको नर्सिङ काउन्सिलबाट पास भएपछि मात्रै दर्तावाला नर्स भइन्छ,' मन्त्रालयका सहायक प्रवक्ता थानेश्वर भुसालले भने । नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएका २० देखि ४५ वर्ष उमेरका नर्स भर्ना प्रक्रियामा सहभागी हुन पाउनेछन् । प्रतिस्पर्धा गर्न आईईएलटीएसमा औसत ७ र ओईटीमा 'बी' अंक ल्याउनुपर्छ । छनोट भएर गएका सहायक स्वास्थ्य हेरचाहकर्मीले बेलायत पुगेको ८ महिनाभित्र स्वास्थ्यसँग सम्बन्धित व्यावहारिक वस्तुपरक परीक्षा (ओएससीई) उत्तीर्ण गर्नुपर्छ । यसका लागि तीन पटकसम्म परीक्षाको मौका दिइनेछ । तीनै पटक उत्तीर्ण हुन नसके भिसा रद्द हुने भुसालले बताए ।

त्यसरी दर्तावाला नर्सले सीप र क्षमताका आधारमा ५ वर्ष वा त्योभन्दा बढी अवधि काम गर्न पाउनेछन् । सम्झौताअनुसार आईएलटीएस र ओईटी, भिसा र टिकटमा लाग्ने खर्च बेलायत सरकारले शोधभर्ना गर्नेछ । सहायक प्रवक्ता भुसालका अनुसार भर्नाको सबै प्रक्रिया अनलाइन माध्यमबाट हुनेछ ।














**बुबा सम्झेर...**

कुसेऔंसीका दिन शनिबार काठमाडौंको गोकर्णेश्वरमा लागेको भक्तजनको भीड । पितृकार्यका लागि आवश्यक कुश घरघरमा राखी पूजा गरिने यो दिन बुबा हुनेले विशेष सम्मानका साथ मिठोमसिनो खान दिने र नभएकाले पवित्र नदी वा तीर्थमा गई श्राद्ध पिण्डदान गर्ने चलन छ । *तस्बिर : दीपक केसी/कान्तिपुर*

# नुवाकोटमा बाढीपहिरोले ४० करोडको क्षति

नुवाकोट (कास)- साउन तेस्रो साताको बाढीपहिरोले नौ स्थानीय तहमा झन्डै ४० करोडको क्षति पुगेको प्रतिवेदन संकलन भएको छ । दुप्चेश्वर, तादी, विदुर, लिखु, शिवपुरी, पञ्चकन्या, किस्पाङ, सूर्यगढी र तारकेश्वर गाउँपालिकामा बाढीपहिरोले घरजग्गा, पशुचौपाया, निजी तथा सार्वजनिक संरचनामा क्षति पुऱ्याएको हो ।

दुप्चेश्वरको १ वडादेखि ६ सम्म ३ सय ४ धुरी जोखिममा परेका छन् भने विदुरमा ३८, तादीमा २४, किस्पाङमा १३, सूर्यगढीमा ६, शिवपुरीमा ८ र तारकेश्वरमा २ घरधुरी उच्च जोखिममा परेको प्रतिवेदनमा उल्लेख छ । बढी क्षति दुप्चेश्वरमा पुगेको छ । यहाँ १ हजार ४ सय ७८ रोपनीमा लगाएको करिब १ करोड मूल्य बराबरको धानबाली नष्ट भएको छ । ४५ वटा सिँचाइ कुलो र ३२ वटा खानेपानी योजनामा क्षति पुगेको छ । दुप्चेश्वरको समुद्रटारदेखि सानो गोल्फु भन्ज्याङसम्मका विभिन्न स्थानमा करिब ४ किमि सडकमा क्षति पुगेको छ । 'बाढीपहिरो रोकिएको छैन,' दुप्चेश्वर गाउँपालिकाका अध्यक्ष शंकरबहादुर थापाले भने, 'माथिबाट पहिरो खसिरहेको छ । ३ नम्बर वडाकै दोरदोरेमा दुई घरमा मानिस बस्नै सकेका छैनन् ।'

किस्पाङ गाउँपालिकाको नेलगाउँ, पैरेबेंसी र पुरानोगाउँ र सातदोबाटे बढी जोखिममा छन् । बाढीपहिरोले सूर्यगढीको १ देखि ५ वडासम्म सडक, खानेपानी र सिँचाइ कुलो गरी २४ वटा योजनामा क्षति पुगेको छ । तादीको वडा २ देखि ४ सम्म सिँचाइ कुलो, ४ वटा कृषि फार्म र ५ सय रोपनी खेतमा लगाइएको धानबाली नष्ट भएको छ । त्यसैगरी, पञ्चकन्यामा पनि १ वडादेखि ५ सम्ममा ६० रोपनीमा लगाइएको धानबाली नष्ट भएको छ । शिवपुरीको ५, ६ र ८ वडाका सडक, खानेपानी र सिँचाइ कुलो गरी १४ वटा ठाउँमा क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ ।

विदुर नगरपालिका ५, ७, १० र ११ मा १ सय १५ रोपनीमा लगाइएको धानबालीमा क्षति पुगेको छ भने ५ वडा पसल नष्ट भएका छन् । सडक, खानेपानी र सिँचाइ कुलो गरी २४ ठाउँमा क्षति पुगेको छ । लिखुको १ देखि ६ वडामा ४४ वटा सिँचाइ कुलो योजना नष्ट भएका छन् ।

तादीखोलामा निर्माण भएका ४ वटा पुलमा पनि बाढीले क्षति पुऱ्याएको छ । पञ्चकन्या-२ र तादी-६ जोड्ने पुल, तादी-४ र पञ्चकन्या-४ जोड्ने सातबिसेको पुल र भ्याङ्लेको पुलमा क्षति पुगेको हो । दुप्चेश्वर गाउँपालिकामा मात्रै सडक, खानेपानी, सिँचाइ कुलो र संरक्षणमा गरी १० करोड रुपैयाँभन्दा बढी रकमको क्षति देखिएको छ । विदुरको ५, ७, १० र ११ वडामा गरी ८ करोड बराबरको क्षति भएको प्रतिवेदनमा उल्लेख छ ।

पुल मर्मत र भत्किएका सडकमात्रै बनाउन ११ करोड रुपैयाँ लाग्ने सरोकारवाला निकायले निकालेको प्रतिवेदनमा जनाएका छन् । दुप्चेश्वरका विभिन्न वडाका गरी २९ घरधुरीलाई जिल्ला विपद् व्यवस्थापन समितिले टेन्ट र ४० धुरीलाई त्रिपाल र रेडक्रसले खाना पकाउनेलगायतका हाइजेनिक किट प्रदान गरेको समितिका अध्यक्ष एवं नुवाकोटका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसालले बताए । बाढी र पहिरोले क्षति पुऱ्याएका ९ स्थानीय तहले समितिलाई बुझाएको विवरणमा ३५/४० करोड रुपैयाँभन्दा बढी क्षति देखिएको छ ।

# राजधानी नजिकै सुत्केरीलाई हवाई उद्धारको भर

## समयमै स्वास्थ्य सेवा नपाउँदा ग्रामीण क्षेत्रका आमा र बच्चा अकालमै ज्यान गुमाउँदै

**सरिता श्रेष्ठ** (धादिङ)

रुबी भ्याली गाउँपालिका-३ सेर्तुङकी १७ वर्षीया सजिना तामाङको सुत्केरी हुने दिन आउँदै थियो । जाँचका लागि उनी सेर्तुङ स्वास्थ्य चौकी पुग्ने गर्थिन् । गत साउन २३ गते उनलाई बेथा लाग्यो । बच्चा जन्माउन नसकेपछि आफन्तले काठमाडौं लैजाने तयारी गरे । गाउँपालिकाको सिफारिसमा जिल्ला प्रशासन कार्यालयले महिला तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई खबर गरेपछि हेलिकोप्टर गाउँमा आयो । हेलिकोप्टरमार्फत काठमाडौंको थापाथलीस्थित परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल पुऱ्याएपछि भोलिपल्ट उनले पहिलो सन्तानलाई जन्म दिइन् ।

'हवाई सुविधा नपाएको भए आमा र बच्चाको ज्यान तलमाथि हुने थियो,' सजिनाका श्रीमान् मिनी तामाङ भन्छन्, 'धन्न सरकारले यो सुविधा ल्याएर सहज भयो ।'

रुबी भ्याली-३ कै २५ वर्षीया डलीमाया तामाङ पनि हवाई उद्धारमार्फत काठमाडौं पुगेपछि सुत्केरी भइन् । सुत्केरी हुने दिन नजिकिँदै गर्दा पेटको बच्चा चल्न छाडेपछि श्रीमान् टोपमानले स्वास्थ्य चौकी लगे । त्यहाँबाट सकेसम्म छिटो काठमाडौं लैजान सुझाव पाए । ०७६ असोज २३ गते धादिङबेसीबाट एम्बुलेन्स बोलाए र एम्बुलेन्स आउने बाटोसम्म बोकेरै लगे । एम्बुलेन्समा चढेर करिब ४ घण्टाको बाटोमा पुगेपछि श्रीमती अचेत भइन् । तत्काल काठमाडौंमा भएका मामालाई फोन गरे । 'मामाले प्रमुख जिल्ला अधिकारीलाई खबर गर्नुभएछ,' उनले भने, 'करिब आधा घण्टामा काठमाडौंबाट हेलिकोप्टर आइपुग्यो ।'

प्रसूति गृह पुऱ्याएको केहीबेरपछि डलीमायालाई सुत्केरी बेथा लाग्यो, भोलिपल्ट बिहान दोस्रो सन्तानका रूपमा छोरी जन्माइन् । अस्पतालले तीन दिनपछि डिस्चार्ज गरेर घर पठायो । हेलिकोप्टरले निःशुल्क उद्धार गरेर ज्यान बचाउन पाउँदा खुसी लागेको टोपमान बताउँछन् । गत वर्षको असार ११ गते रुबी भ्याली-५ लापाकी ४० वर्षीया माइली घलेले लापा स्वास्थ्य चौकीको पहलमा निःशुल्क हेलिकोप्टर सेवा लिइन् । स्वास्थ्य चौकीमा सुत्केरी गराउन पुगेकी उनको अवस्था नाजुक बन्दै गएपछि सुरक्षित प्रसूतिका लागि हेलिकप्टरबाट काठमाडौं पठाइयो ।



धादिङ रुबी भ्यालीकी गर्भवती सुनार तामाङलाई हेलिकोप्टरबाट काठमाडौं लगिँदै । *फाइल तस्बिर : कान्तिपुर*

संघीय राजधानी काठमाडौंसँग जोडिएको जिल्लाका महिलाले उपचार सेवाका लागि हवाई उद्धारको भर पर्नुपर्ने अवस्था छ । आमा र बच्चाको ख्याल गर्दै सरकारले आमा सुरक्षा कार्यक्रम सञ्चालन गरिरहेको छ । अस्पतालमा बच्चा जन्माउन प्रोत्साहनका लागि यातायात खर्च, पौष्टिक आहार दिने गरिए पनि अझै घरमै बच्चा जन्माउने महिलाहरू छन् । घरमा सुत्केरी हुँदा आमा र बच्चाकै स्वास्थ्य जोखिममा पर्ने री स्वास्थ्य चौकीका प्रमुख अरुण तामाङले बताए । 'कतिपय दुर्गम गाउँका महिला सुत्केरी हुन अस्पताल जानुपर्छ भन्ने ठान्दैनन्,' उनी भन्छन्, 'जटिल अवस्थाकालाई चाँडै स्वास्थ्य संस्थामा नल्याए आमा र बच्चा दुवैको ज्यान जान्छ ।' पहिलो सन्तान घरमै जन्माउनेहरू दोस्रो सन्तान पनि घरमै जन्मिन्छन् भनेर ढुक्क हुने गरेको तामाङले बताए ।

परम्परागत सोच, आर्थिक अवस्था कमजोर, स्वास्थ्य चौकीसम्म पुग्न घण्टौं हिँड्नुपर्ने बाध्यताका कारण पनि स्वास्थ्य संस्थासम्म पुग्न कठिन छ । लामो बेथा लागेर बच्चा जन्माउन कठिन भएका, गर्भमै बच्चाको मृत्यु भएको, गर्भवती अवस्थामा अत्यधिक शरीर सुनिएको, सुत्केरीपश्चात् अत्यधिक रक्तस्राव भएका महिलाको अवस्थाअनुसार अन्यत्र रिफर गर्ने गरेको उनले बताए ।

आर्थिक वर्ष २०७८/७९ मा रुबी भ्यालीमा १२ जना सुत्केरी र ४ जना अन्य गरी १६ जनाले राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत निःशुल्क हवाई सेवा पाएका छन् । त्यसमध्ये १२ जनालाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र ४ जनालाई गृह मन्त्रालयले उद्धार गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । साउनयता भने एक सुत्केरीको उद्धार गरिएको छ । दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीको निःशुल्क हवाई उद्धार प्रभावकारी बनेको प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालले बताए । 'गाउँका स्वास्थ्य संस्थामा नसक्ने अवस्था आएमा तुरुन्तै हेलिकप्टरमार्फत काठमाडौं लैजाने व्यवस्था छ,' प्रजिअ लम्साल भन्छन्, 'यसका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले समन्वय मिलाउने गरेको छ ।'

भौगोलिक विकटता, आर्थिक अवस्था कमजोर र ज्यान जोखिममा परेका सुत्केरी तथा गर्भवतीका लागि निःशुल्क हवाई उद्धार निर्देशिका २०७७ अनुसार महिलाहरूको उद्धार हुने गरेको छ । गाउँपालिकाले आफ्नो गाउँपालिकाभित्र सुरक्षित प्रसूति गराउन कठिनाइ भएकालाई निःशुल्क हेलिकोप्टर उपलब्ध गराउँदै आएको छ । निःशुल्क हवाई सुविधाका कारण जोखिममा रहेका धेरै आमा र बच्चाको ज्यान जोगिएको गाउँपालिकाका स्वास्थ्य संयोजक दीपक अधिकारीले बताए । गाउँपालिकाभित्र अघिल्लो वर्ष ५ जना महिलाको हेलिकोप्टरमार्फत उद्धार गरिएको थियो । यस वर्ष भने राष्ट्रपति महिला उत्थान कार्यक्रम रुबी भ्यालीसहित गंगाजमुना र खनियाबासमा गाउँपालिकामा पनि सुरु भएको छ ।

समयमै स्वास्थ्य सेवा नपाएकै कारण ग्रामीण क्षेत्रका आमा र बच्चाहरूले अकालमै ज्यान गुमाउनुपरेको घटनासमेत रहेको रुबी भ्याली गाउँपालिकाका स्वास्थ्य संयोजक राज तामाङ बताउँछन् । 'निःशुल्क हवाई सेवाले धेरै सुत्केरी र गर्भवती महिलाको ज्यान बचेको छ,' उनी भन्छन्, 'विकट क्षेत्र, सडक सञ्जालको विस्तार नहुनु, गाउँमै व्यवस्थित र प्रभावकारी स्वास्थ्य सेवा नहुनु, गाउँसम्म एम्बुलेन्स सेवा नहुनु र समयमै उपचारका लागि अस्पताल लैजान नसक्दा ज्यानसमेत गुमेको घटना छ ।'

हवाई एम्बुलेन्सको व्यवस्था भएपछि दुर्गम ठाउँका धेरै गर्भवती र सुत्केरी महिलाको ज्यान जोगिएको छ । मुलुकी ऐनमा महिलाको उपयुक्त विवाह उमेर २० वर्ष तोकिए पनि धेरैले त्योभन्दा कम उमेरमा विवाह गर्छन् । उमेर परिपक्व नभई गर्भवती हुँदा आमा र बच्चाको स्वास्थ्य जोखिममा पर्छ । यसैगरी, उमेर पुगेकै कतिपय गर्भवती तथा सुत्केरीको पनि स्वास्थ्य समस्यालाई गम्भीर रूपले नलिइदिँदा उनीहरूले अकालमै ज्यान गुमाउनुपरेको छ ।

# थाहामा स्थानीय पाठ्यक्रम

हेटौंडा (कास)- थाहा नगरपालिकाले सबै सरकारी तथा सामुदायिक विद्यालयमा स्थानीयता झल्कने पाठ्यक्रम कार्यान्वयनमा ल्याएको छ । स्थानीय परिवेश, चालचलन, परम्परा, पर्यटकीय स्थल, स्वास्थ्य, स्थानीय खेलजस्ता मौलिक र संरक्षण गर्नुपर्ने विषयको महत्त्व बुझाउन 'थाहा ज्ञानमाला' गत वैशाखदेखि पढाउन थालिएको हो । पहिलो चरणको १ देखि ५ कक्षासम्म पढाइ सुरु भइसकेको छ भने दोस्रो चरणमा ६ देखि ८ कक्षासम्म पढाइ हुने मेयर विष्णु विष्टले बताए ।

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ले कक्षा १ देखि ८ सम्म स्थानीय सरोकारवालाको संलग्नतामा स्थानीय तहलाई पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ । नगरपालिकामा ५३ वटा सामुदायिक, ६ संस्थागत विद्यालयमा ९ हजार ७ सय ५२ जना विद्यार्थी छन् । कक्षा १ देखि ५ सम्मको पाठ्यपुस्तकमा रूपचन्द्र विष्ट र थाहा अभियानबारे सामान्य जानकारी मात्र समावेश गरिएको छ । ती कक्षाका बालबालिकाका लागि बुझ्न सक्ने प्रकृतिको पाठ्य सामग्री समावेश गरिएको शिक्षा शाखा प्रमुख शोभाकर रेग्मीले बताए । रूपचन्द्र विष्टको उपनाम र विशेषताका बारेमा मात्र साना कक्षाका बालबालिकालाई पढाउने योजनाअनुसार सामान्य जानकारी समावेश गरिएको छ ।

Radio Kantipur | KMG

JOIN OUR TEAM

Kantipur Media Group is the Country's first and leading private media group. With the mission of enhancing Nepalese people's right to right information, KMG is committed to propagating responsible journalism, offering value to our subscribers and providing an effective platform for advertisers. Kantipur Publications, Radio Kantipur, Kantipur Television, Kantipur Digital Corp and Kantipur Foundation are the main brands under KMG's umbrella.

HEAD MARKETING - 1

The ideal candidate for this role is highly-organized, forward-thinking, ambitious and has the ability to develop, expand and explore the business opportunities of Radio Kantipur and lead the team to achieve the departmental goals.

Qualifications and Requirements
- Master's Degree in Management with concentration in Marketing with three years of relevant work experience.
- Strong leadership and management skills.
- Superior oral and written communication skill in English & Nepali language.
- Excellent presentation and negotiation skills.
- Good interpersonal skill and ability to work under pressure.
- Media marketing experiences; especially in Radio will be an added advantage.

EXECUTIVE MARKETING - 3

Minimum of Bachelor's Degree in any discipline with good communication skills in both English and Nepali, having the passion and dedication towards the marketing job with creative and outstanding personality are advised to apply for the position.

Qualifications and Requirements
- Strong Interpersonal and Communications skills
- Candidates should be computer literate for all job positions
- Good problem solver and multi-tasking skills
- Basic computer skills for all positions.
- Candidate having 'Two Wheeler' will be an added advantage for Executive- Marketing

To Apply:

Interested Nepali Citizens having met the above requirements are encouraged to submit their application along with a cover letter and updated CV at kfm@kmg.com.np no later than 17:00 hours, September 4, 2022.

VACANCY ANNOUNCEMENT

SINOHYDRO CORPORATION LTD. TANAHU HYDROPOWER PROJECT MANAGEMENT PACKAGE 2 needs to recruit several draftsman for work needs; the main job is to draw workshop drawings according to the design drawings approved by Engineer. The requirements are as follows:

1. CTEVT graduate or Similar , major in Drafting;
2. Proficient in using CAD Drawing, MS-OFFICE and other office software,Good English writing ability
3. Two years or above working experience in drafting;
4. Can understand civil engineering drawings, can understand EM & HM drawings is preferred;
5. The salary is negotiable.

**Contact:** 9826638509 Ms. Saraswoti
**Email:** yr.yangzhenhua@powerchina.cn

वर्गीकृत डिस्प्ले

Housing Project को लागि अनुभवी पार्टनर

रुपन्देही जिल्लाको Lumbini Circuit Road नजिकै र उदयमान सौ. फर्साटिकर बजारबाट ३०० मि. को दुरीमा ८ बिगाहाको जग्गामा आधुनिक हाउजिङ्ग प्रोजेक्ट Partnership मा गर्न इच्छुकहरूले सम्पर्क गर्नु होला ।

मोबाइल : ९८५७०७०९२८
Email : info@safnepal.com



INDUSTRIAL EXHAUST ROOF FAN
SB Machinery
Contact No.
9851185162, 9802016221
E: cavikashbajaj@gmail.com

यौन-शक्ति बर्द्धक
यौन दुर्बलता कमजोरी हटाई EXTRA TIME बढाई यौनशक्ति बढाउने विश्वस्तरिय HERBAL SUPPLIMENT. GERMAN, USA, LONDON PRODUCTS ARE AVAILABLE (80 वर्षसम्म हुन)
जाँड-रक्सी कुलत थाहै नदिई छुटाउने
स्तन बढाउने घटाउने, गुप्तांक टाइट गर्ने, मोटोपन घटाउने बढाउने ।
हाइट बढ्ने स्टेपअप
SEX TOY पाईन्छ ।
FREE HOME DELIVERY ALL OVER NEPAL
9851147810,9818941842

Teacher Wanted Urgently
1. Pre-Primary incharge: Should be Montessori trained and Experienced
2. Maths teacher: For grade IV, V, and VI

Gyan Niketan Secondary English School,
Shankhamool, Kathmandu
Contact No.: 9863355558

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रु. ३०००/-*
स्पट कलर: रु. ३५००/-*
मल्टि कलर: रु. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# ‘गठबन्धन गरेर चुनाव लड्नु ठगी’



सन्जोग मानन्धर

काठमाडौं (कास)- राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले गठबन्धन गरेर चुनाव लड्नु ठगी भएको बताएका छन् । पार्टीको उपत्यकास्तरीय भेलालाई शनिबार खुलामञ्चमा सम्बोधन गर्दै लामिछानेले विभिन्न टुक्रा-टुक्रामा विभाजित पार्टीहरू एक भएर प्रतिस्पर्धा गर्नु ठगी भएको बताएका हुन् ।

सत्तारूढ दलहरूको चुनावी गठबन्धनप्रति संकेत गर्दै लामिछानेले एक्लाएक्लै चुनाव लड्न चुनौती दिए । आफूहरूले राजनीति गर्न नजानेको भन्ने नेताहरूका टिप्पणीमा जवाफ दिँदै उनले भने, ‘राजनीति सिक्दै गरौंला, यसपटक ती पुराना पार्टीहरूलाई जिताउन हुँदैन ।’ उनले ‘बा’ पुस्ताका नेताहरूलाई आगामी चुनावमा नजिताउनसमेत आग्रह गरे ।

# एमालेका प्रधानमन्त्री उम्मेदवार ओली

## पार्टी विभाजन, पाँच दलको गठबन्धन र आफू प्रधानमन्त्री हुँदाका विवादित कामका कारण ओलीका लागि आगामी चुनाव असहज

**बबिता शर्मा र मणि दाहाल** (काठमाडौं)

स्थानीय निर्वाचनमा अपेक्षित परिणाम हासिल गर्न नसकेको प्रमुख प्रतिपक्षी दल एमालेले पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई भावी प्रधानमन्त्रीका रूपमा अगाडि सारेर आमनिर्वाचनमा जाने निर्णय गरेको छ । एमालेले स्थानीय निर्वाचनको भन्दा १६ प्रतिशत मत बढाएर बहुमत हासिल गर्ने महत्त्वाकांक्षी योजना अघि सारेको छ ।

२०७४ को निर्वाचनमा ओलीलाई प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरिए पनि पार्टीले औपचारिक निर्णय गरेको थिएन । एमालेले यसअघि मनमोहन अधिकारीलाई प्रधानमन्त्री उम्मेदवारका रूपमा प्रस्तुत गरेर निर्वाचनमा सहभागी भएको थियो ।

केन्द्रीय कमिटीको शनिबार सकिएको बैठकले आगामी निर्वाचनमा ओलीको नेतृत्वमा बहुमतको सरकार बनाउने संकल्प गर्दै राजनीतिक स्थायित्वका लागि एमालेको पक्षमा जनादेश दिन आह्वान गरेको छ । सत्तारूढ गठबन्धनमा सिट बाँडफाँटको गृहकार्य जारी रहँदा एमालेले निर्वाचन परिचालन कमिटीका संयोजक ओलीलाई भावी प्रधानमन्त्रीका रूपमा पेस गरेर गठबन्धनमाथि दबाब बढाएको छ ।

एमाले पोलिटब्युरो सदस्य तथा प्रमुख सचेतक विशाल भट्टराईले मुलुक कसरी अघि बढाउने भन्ने विषयमा अध्यक्ष ओलीले स्पष्ट खाका अघि सारेकाले प्रधानमन्त्रीका रूपमा अघि सारिएको बताए । ‘अरू पार्टी विदेशी भूमिमा बसी प्रधानमन्त्री को हुने, के हुने भनेर सत्ता साझेदारीको बैठक गर्छन्, हामीले आफ्नै पार्टीको नेतृत्वमा बैठक बसेर अध्यक्षलाई भावी प्रधानमन्त्री बनाउने निर्णय गरेका छौं,’ उनले भने, ‘उहाँ यसभन्दा अगाडि पाँच वर्षका लागि प्रधानमन्त्री निर्वाचित हुनुभएको थियो तर अदालतको परमादेशले हटायो, जे अधुरा काम थिए, ती काम पूरा गर्नका लागि पनि उहाँलाई अघि सार्‍यौं र केपी ओली नै एउटा यस्तो प्रधानमन्त्री हो, जसले देशमा विकास र समृद्धिका सपना देखाएर स्पष्ट खाकासहित अघि आउनुभयो ।’

भट्टराईले अबको प्रधानमन्त्री हो भनेर पात्रसहित जनताका बीचमा भोट मागौं भनेर पनि यो निर्णय गरेको बताए । ‘स्थानीय तह निर्वाचन असाध्यै प्रतिकूलता र घेराबन्दीबीच सम्पन्न भयो, त्यस्तो हुँदा पनि हामीले ३४ प्रतिशत मत प्राप्त गर्‍यौं, ३४ मा १६ नथपी ५० प्रतिशत पुग्दैन,’ उनले भने, ‘५० नभई एक्लै बहुमत हुँदैन । हामीले १६ प्रतिशत मत वृद्धिको कार्यक्रम बनाएका छौं । प्रधानमन्त्रीको उम्मेदवारका रूपमा केपी शर्मा ओलीलाई अघि सार्दा पनि मत बढ्छ भन्ने विश्वास छ ।’

ओलीले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा आगामी चुनावी अभियानमा आममानिसमा पार्टीका नीति र एजेन्डाको व्यापक प्रचार गर्ने र एमाले सरकारले गरेका कामको सशक्त प्रचार गर्ने उल्लेख छ । आफ्नो पार्टीको निर्णयले राजनीतिक स्थायित्व र समृद्धिलाई साकार पार्ने नेताहरूको दाबी छ ।



२०७४ को चुनावमा एमाले र माओवादीबीच गठबन्धन हुँदा राजनीतिक स्थायित्व र आर्थिक समृद्धिको नारा लिएर चुनावमा गएका थिए । चुनावमा वामपन्थी गठबन्धनले प्रतिनिधिसभामा करिब दुई तिहाइ स्थान जितेको थियो भने सात प्रदेशमध्ये ६ प्रदेशमा सरकार बनाएको थियो । त्यस समयमा एमाले र माओवादीले संयुक्त घोषणापत्रमा चुनाव लडेका थिए । चुनावलगत्तै पार्टी एकता गर्ने घोषणा पनि गरेका थिए । घोषणाअनुसार २०७५ जेठ ३ मा एमाले र माओवादीबीच पार्टी एकता भएर नेकपा बनेको थियो । तर पछि नेकपा मात्रै नभएर नेकपा एमालेसमेत विभाजित बन्न पुगेको छ ।

संसद्को सबैभन्दा ठूलो दल एमालेविरुद्ध अहिले कांग्रेससहितको पाँचदलीय गठबन्धन छ । गठबन्धनले मंसिर ४ मा हुने प्रतिनिधिसभा र प्रदेशसभा चुनावमा तालमेल गर्ने निर्णय गरिसकेको छ, जसका कारण आगामी निर्वाचन एमालेका लागि सुखद नहुने अनुमान गरिँदै आएको छ । आफ्नै पार्टी विभाजन, स्थानीय निर्वाचनमा अनपेक्षित हार, पाँच दलको गठबन्धन र आफू प्रधानमन्त्री हुँदाका विवादित कामका कारण ओलीका लागि चुनाव सहज हुनेछैन ।

त्रिभुवन विश्वविद्यालयका प्राध्यापक खड्ग केसी विकसित प्रजातान्त्रिक अभ्यास गर्दै आएका देशहरूमा प्रधानमन्त्रीको उम्मेदवार बनाएर जाने गरिएको बताउँछन् । ‘विकसित प्रजातन्त्रको अनुभव हेर्दा राम्रै कुरा हो, हामीले विकसित प्रजातन्त्रका विषय कति अंगीकार गर्न सक्छौं ? त्यसमा भने प्रश्न छ,’ उनले भने, ‘त्यसरी घोषणा गर्दा सम्बन्धित व्यक्तिको व्यक्तिगत विवरण पनि प्रकाशित गर्ने चलन छ, जसमा स्वास्थ्यदेखि सम्पत्तिको अवस्थासम्मका विषयलाई पारदर्शी ढंगले राखिएको हुन्छ ।’

२०७२ र २०७४ सालमा दुई पटक प्रधानमन्त्री बनेका ओलीलाई एमालेले पुनः प्रधानमन्त्रीका रूपमा अघि सारेको हो । एमालेका नेताहरूले ओली पार्टी अध्यक्षका रूपमा अन्तिम कार्यकाल तथा संसदीय चुनावमा अन्तिम पटक नेतृत्वमा हुने बताउँदै आएका छन् । २०७२ मा संविधान जारी भएलगत्तै भारतले गरेको नाकाबन्दीको विरोध गरेपछि ओली निकै लोकप्रिय बनेका थिए भने २०७४ मा मतदातालाई स्थायित्वको नाराले आकर्षित गरेको थियो ।

ओलीकै नेतृत्वमा स्थानीय चुनावमा प्रतिस्पर्धा गरेको एमाले दोस्रो स्थानमा खुम्चिएको थियो । ‘पार्टी अध्यक्ष नै संसदीय दलको नेता बन्ने र बहुमत पुगे प्रधानमन्त्री हुने विषय सामान्य हो, अध्यक्ष ओलीलाई जसरी घोषणा गरिएको छ त्यसले उहाँ नै सर्वेसर्वा हो भनेर प्रस्तुत गर्न खोजेको छ,’ राजनीतिशास्त्री खगेन्द्र प्रसाईंले भने, ‘गठबन्धनको गणित सफल भयो भने एमाले राम्रो गर्ने अवस्थामा देखिएको छैन । कमजोर प्रदर्शन हुँदा भोलि संसदीय दलमा विरोध नहोस् भनेर अहिले नै सुरक्षित गर्न खोजिएको हो ।’

**समानुपातिक सांसदलाई नदोहोर्‍याउने**

एमालेले समानुपातिक निर्वाचन प्रणालीबाट सांसद नदोहोर्‍याउने भएको छ । केन्द्रीय कमिटी बैठकले स्थानीय तहमा निर्वाचित भएकालाई राजीनामा दिएर संघीय तथा प्रदेशसभाको सांसद नउठाउने गरी मापदण्ड निर्धारण गरेको छ । त्यसैगरी राष्ट्रिय सभाका सांसद र स्थानीय तह चुनावमा पराजित भएकालाई पनि उम्मेदवार नबनाउने निर्णय गरेको छ ।

प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले समानुपातिक मत पार्टीको लोकप्रियतामा आधारित भएकाले त्यसमा सिंगो पार्टीपंक्तिको योगदान हुने र सबैले अवसर पाउनुपर्ने बताए । ‘समानुपातिक मत सामूहिक कमाइ हो, तसर्थ समानुपातिकतर्फको बन्दसूची तयार पार्दा सबै मिलेर कमाउने र दामासाहीमा वितरण गर्ने विषयलाई ध्यान दिनुपर्छ,’ गुरुङले भने ।

# निजामती विधेयकमा गठबन्धनमै विवाद

**ऋषिराम पौड्याल** (काठमाडौं)

प्रदेश मन्त्रालयका सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत संघबाट पठाउने कि प्रदेशलाई नियुक्तिको अधिकार दिने ? यो मुद्दामा सत्तारूढ गठबन्धन दलबीच सहमति नजुट्दा संघीय निजामती विधेयक यही संसद्बाट पारित हुने सम्भावना टर्दै गएको छ ।

कांग्रेसले सचिव र प्रमुख प्रशासकीय अधिकृत केन्द्रबाटै पठाउनुपर्ने मत राखेको छ भने गठबन्धनका अन्य दल मुलुक संघीयतामा गएपछि कर्मचारी पदपूर्ति र खटनपटनको अधिकार प्रदेशलाई दिनुपर्ने अडानमा छन् । विधेयकका अन्य प्रावधानमा पनि कांग्रेस र माओवादी नेताहरूको मत बाझिएको छ । गठबन्धनमा सहमति नभएकै कारण अर्थको स्वीकृतिपछि पनि विधेयक कानुन मन्त्रालयमा अड्किएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका एक अधिकारीका अनुसार अहिले विधेयकको प्रावधानका विषयमा कांग्रेस-एमाले एकै ठाउँ भएका छन् । प्रधानमन्त्री शेरबहादुर देउवाले एमाले सरकारले २०७५ माघमा संसद्मा पेस गरेको विधेयकका

> प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत संघबाटै पठाउनुपर्ने कांग्रेसको अडान

प्रावधानहरूमा समर्थन जनाएका छन् । राज्यव्यवस्था तथा सुशासन समितिबाट पारित गरेर प्रतिनिधिसभामा पेस भएको संघीय निजामती विधेयक प्रक्रियामा नलगी सरकारले फिर्ता गरेको १० महिना भइसकेको छ । ‘प्रधानमन्त्रीलै नै चाहनुभएन भने विधेयक अघि बढ्ने सम्भावना छैन,’ एक मन्त्रीले भने ।

संविधानको धारा २३२ को (१) मा संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था रहेको छ । त्यसैलाई आधार बनाएर प्रदेश र स्थानीय तहसँगको सम्बन्ध टुटाउन नहुने तर्क सत्तारूढ पार्टीबाटै आएको छ । त्यसैमा टेकेर कांग्रेस र एमालेले संघ र प्रदेशबीचको सम्बन्ध टुटाउन नहुने तर्क गर्दै आएका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्रोतका अनुसार गत साउन अन्तिम साता कानुन, सञ्चार, गृहसहित गठबन्धन दलका मन्त्रहरूबीच भएको छलफलमा सहमति हुन नसकेपछि विधेयक अघि बढ्न नसकेको हो । उक्त विधेयक गत साउनमा कानुनमा पठाइएको थियो । संघीय मन्त्रालयका एक सहसचिवका अनुसार अर्थको स्वीकृति भएपछि कानुन मन्त्रालयमा गठबन्धनका मन्त्रीहरूबीच भएको छलफलमा सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले प्रधानमन्त्री देउवालाई उद्धृत गर्दै प्रदेश सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत संघबाट पठाउने प्रावधान राख्नुपर्ने बताएका थिए ।

विधेयक अर्थबाट आएपछि मुख्यसचिव शंकरदास बैरागी, संघीय सचिव सुरेश अधिकारी, कानुन मन्त्रालयका अधिकारीबीच भएको छलफलले प्रदेश र स्थानीय तहमा संघबाट कर्मचारी पठाउने विषयमा शीर्ष राजनीतिक नेतृत्वमा सहमति हुनुपर्ने अनौपचारिक निर्णय गरेको थियो । सोही निर्णयअनुसार मन्त्रीहरू सम्मिलित राजनीतिक नेतृत्वबीच छलफल भएको थियो । ‘सामान्यतया कानुन मन्त्रालयले सबै विषय हेरेपछि छलफल अन्तिम हुने गर्छ,’ संघीय मामिला मन्त्रालयका एक अधिकारीले भने, ‘प्रधानमन्त्रीकै असहमति भएपछि गठबन्धनबीच फरक धारणा आएको छ । त्यसैले विधेयक संसद्मा लैजाने अवस्था बनेको छैन ।’

विधेयक नल्याउँदा २०७६ सालमा संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीको खटनपटन, सेवासुविधा, सरुवा बढुवालगायत विषयमा बेथिति मौलाएको छ । प्रस्तावित विधेयकमा प्रदेशको प्रमुख सचिव संघको दरबन्दी हुने र प्रदेश सचिव एवं स्थानीय तहका प्रशासकीय अधिकृतको पदपूर्ति प्रदेश लोक सेवा आयोगले गर्ने उल्लेख छ । त्यसरी पदपूर्ति गरिएका कर्मचारीको सरुवा, बढुवा, सेवासुविधालगायत परिचालन सबै प्रदेश निजामती सेवा ऐनअनुसार हुने, उक्त पदहरू संघको नभई प्रदेशको हुने प्रावधान विधेयकमा छ । मुलुक संघीयतामा गएकाले कर्मचारी पदपूर्ति र खटनपटन प्रदेशलाई नै दिनुपर्ने भनाइ संघीय मामिला मन्त्रालयको छ । उक्त मन्त्रालयको नेतृत्व जनता समाजवादी पार्टीका नेता राजेन्द्र श्रेष्ठले गरिरहेका छन् । श्रेष्ठलाई कांग्रेसबाहेक गठबन्धनका दलले साथ दिइरहेका छन् ।

केपी ओली नेतृत्वको तत्कालीन सरकारले संसद्मा पेस गरेको मूल विधेयकमा पनि प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत संघबाट पठाउनुपर्ने प्रस्ताव छ । त्यसैले अहिले प्रमुख प्रतिपक्षी एमाले र कांग्रेसको ‘लाइन’ एउटै भएको अधिकारीहरू बताउँछन् । २०७७ असारमा राज्यव्यवस्था तथा सुशासन समितिबाट विधेयक पारित हुँदा प्रदेश सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत प्रदेश सेवाअन्तर्गत हुने उल्लेख थियो । सोही प्रावधानअनुसारको विधेयक समितिकी तत्कालीन सभापति शशि श्रेष्ठले प्रतिनिधिसभामा पेस गरेकी थिइन् । तर उक्त प्रावधानसहितको विधेयक गत कात्तिकमा प्रतिनिधिसभाबाट फिर्ता गरिएको थियो ।




सम्पादकीय

# अन्धविश्वासको आडमा अपराध

प्रदेश १ को राजधानी विराटनगरसँगै जोडिएको जहदा गाउँपालिकामा 'पेटमा चुसेर पत्थरी निकाल्ने' कथित माताले आफ्नो ठगी धन्दा निर्बाध चलाइरहेकी छन् । अन्धविश्वासको आड लिएर 'मुखले पत्थरी निकाल्ने' उपचार विधि जनस्वास्थ्यका दृष्टिले गम्भीर अपराध हो । उनको यस्तो कर्तुत फैलिएर नेपालका विभिन्न स्थान तथा भारतीय राज्य बिहारसम्मै पुगेको छ, र उनीबाट उपचार गराउन सर्वसाधारणको लाम छ । यता विराटनगरस्थित प्रदेश सरकार तथा प्रहरी-प्रशासन भने यसबारे बेखबर छन् । पत्याउनै नसकिने यस्तो गतिविधि निर्बाध चलिरहनु आजको समयमा पनि हाम्रो यथार्थ बनिरहेको छ, जुन समाजको चेतनास्तरको ऐना पनि हो ।

पहिलो त, राज्य संयन्त्रले ती कथित मातालाई अनुसन्धान र कानुनी दायरामा तुरुन्तै ल्याउनुपर्छ । दोस्रो, के गाउँ के सहर, के राजधानी के दूरदराज अन्धविश्वास प्रत्येक समुदायमा यथावत् छ; बोक्सा/बोक्सीजस्ता अमानवीय आरोप लगाएर यातना, अपमान गरेका घटना बारम्बार बाहिरिरहन्छन् । गुपचुप पारिएका घटना त्यत्तिकै होलान् । रूढिवादी र परम्परागत मान्यताले निरन्तरता पाउँदा धर्मको आडमा सञ्चालन भइरहेको भ्रमको खेती चिर्न राज्य-समाज असफल देखिन्छ । त्यसैले नेपाली समाजको एउटा मुख्य समस्या बन्दै गइरहेको अन्धविश्वासबारे थप छलफल आवश्यक छ ।

विराटनगरमा मात्र होइन, केही महिनाअघि संघीय राजधानी काठमाडौंमै पनि अन्धविश्वासका घटना बाहिरिएका थिए । नागार्जुन नगरपालिका-१, रानीवन पानीट्यांकीस्थित एक 'माता' को घरमा झारफुकबाट उपचार गराउन भन्दै राखिएकी एक किशोरीको तीन सातापछि मृत्यु भयो । त्यस्तै अघिल्लो वर्ष ललितपुरमा पासो लगाएर मान्छे मरेको डोरी करोडौं रुपैयाँमा बिक्री हुन्छ भन्ने अन्धविश्वासमा पारेर एक महिलाको हत्या गरियो । तुलनात्मक रूपमा शिक्षित र सचेत नागरिक बसोबास गर्छन् भनिने राजधानी सहर काठमाडौंमा पनि यस्ता घटना हुनुले हाम्रो समाजको चेतना कहाँ छ भन्ने देखाउँछ । दूरदराज मात्र होइन, राजधानी सहरमै तर्क तथा विज्ञानप्रति विश्वास स्थापित गर्न नसक्दा मानिसको आस्थामाथि टेकेर ठगी गर्नेहरूलाई सजिलो भएको छ ।

सबैतिर कथित धामीझाँक्री तथा माताबाट उपचार गराउन आकर्षित हुनेहरू प्रायः निम्न आय भएकाहरू हुन्छन् । तिनमा शिक्षाको पनि कमी देखिन्छ । यस्तो 'उपचार' गर्नेहरूले सम्भावित भक्तहरूमाथि धर्मको आडमा आफूप्रति श्रद्धा उत्पन्न गराउँछन्, जुन विश्वासमा बदलिएपछि त्यसको फाइदा उठाएर धन्दा चलाउँछन् । उनीहरूले 'आफूमा अलौकिक शक्ति छ' र यसले 'सबै ठीक पारिदिन्छ' भनेपछि सही-गलत छुट्याउन नसक्नेहरू उक्त भ्रम-जालोमा पर्ने गर्छन् । सामान्यतया शिक्षा, सचेतनाको कमी भएकाहरू र सस्तो उपचार विधिको खोजीमा रहेका बिरामीहरूमा बढी अन्धविश्वास पाइन्छ ।

नेपालमा सात दशकयता ठूलठूला राजनीतिक परिवर्तन भए । सामाजिक जागरण पनि तुलनात्मक हिसाबले बढ्दो छ । तैपनि समाजले अन्धविश्वास भने आत्मसात् गरिरहेको देखिन्छ । यसको अर्थ, समाजमा सबै खाले कुरीति र अन्धविश्वास हटाउन अझै सचेतना अभियानको खाँचो छ । सरकार, राजनीतिक दल, विद्यालय तथा सामाजिक संघसंस्था लगायत समाजको सचेत वर्गले यसको सुरुआत गर्न ढिलाइ भैसकेको छ । अन्धविश्वासको आडमा अमानवीय कार्य हुँदा यसले आफ्नो गाउँ-ठाउँकै बेइज्जत भइरहेको छ भन्ने यथार्थ सम्बन्धित समाज र पालिकाले पनि बुझ्नुपर्छ ।

दिनानुदिन नागरिक अन्धविश्वासको सिकार भइरहँदा राज्य संयन्त्रहरू मूकदर्शक भएर बस्नु हुँदैन । यस अतिरिक्त, अन्धविश्वासले समुदायमा पुऱ्याइरहेको असर कम गर्न प्रहरी-प्रशासनको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । अन्धविश्वासको व्यापार गर्ने व्यक्ति वा समूहलाई अनुसन्धानको दायरामा ल्याई कानुनी प्रक्रियामा लैजाने जिम्मेवारी प्रहरीकै हो । कथित् धामीझाँक्री तथा माताहरूको आत्मबल प्रहरी प्रशासन सक्रिय नभएकाले पनि बढेको छ । अन्धविश्वासको धन्दा चलाए प्रहरीको फन्दामा परिन्छ, कानुनी कारबाही हुन्छ भन्ने भय नभएकैले यो धन्दा निर्बाध चलेको हो । यस्ता धामीझाँक्री तथा माताहरूले आफूकहाँ उपचार खोज्न आउनेहरूलाई मात्र भ्रम बेचिरहेका हुँदैनन्, बोक्साबोक्सीको आरोप लगाएर समाजको अर्को दीनहीन व्यक्तिमाथि पनि अत्याचार गरिरहेका हुन्छन् । तसर्थ, राज्य र समाजको सुव्यवस्थित पहलमा यो समस्यको समाधान खोजिनु जरुरी छ ।

# राष्ट्रपतिको अनपेक्षित सक्रियता



कृष्ण खनाल

गत साता राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानसेनापति, पूर्वसेनापति र सेनाका अवकाशप्राप्त उच्च पदाधिकारीहरूका लागि आयोजना गरेको रात्रिभोज, त्यहाँ उठाइएको नागरिकता विधेयकको विषय र राष्ट्रपतिका भनाइले नेपालको राजनीति तथा संवैधानिक प्रणालीलाई नियालिरहेकाहरू सबैको ध्यान तानेको हुनुपर्छ । सेनाको जमघटमा राष्ट्रपतिले नागरिकता विधेयक सम्बन्धमा रायसुझाव माग्दा सहभागीहरूले राष्ट्रपतिबाट त्यो फिर्ता हुनु 'देशहितको काम' भनेर प्रशंसा गरेछन्, र त्यो फेरि आयो भने पछि नहट्न उनलाई परामर्श दिइएछ । राष्ट्रपति भण्डारीले पनि त्यो विधेयक 'फेरि आयो भने त्यसलाई सम्बोधन गर्न कानुनी विकल्प खोज्नेछौं' भनेको सामाचार प्रकाशित भएको छ । यो समाचारको खण्डन भएको पनि छैन । अर्थात्, यथास्थितिमा राष्ट्रपतिलाई त्यो विधेयक स्वीकार्य छैन । संविधानको प्रावधानविपरीत अर्थ लाग्ने बोली हो यो । यसलाई कसरी लिने ? संविधानलाई मूल कानुन भनिन्छ, यसभन्दा माथि अर्को कुनै कानुन छैन । यो त संवैधानिक प्रणालीलाई कब्जा गर्ने खालको आपत्तिजनक अभिव्यक्ति भयो ।

पहिलो कुरा त, राष्ट्रपतिले सरकार र संसद्सँग भएको आफ्नो मतभेद सेनाका उच्चपदस्थ अधिकारीहरूबीच गर्ने विषय हो कि होइन ? बहालवाला प्रधान सेनापतिसमेतको उपस्थितिको सो भेटघाट अनौपचारिक भनिए पनि सार्वजनिक चासोभन्दा बाहिर पर्न सक्तैन । राष्ट्रपतिको यस्तो व्यवहारले विधेयकलाई लिएर सरकार र संसद्सँग भएको द्वन्द्वमा उनले सेनाको साथ खोजेको भनेर यसलाई अर्थ्याउने ठाउँ दिएको छ । रात्रिभोज र भेटघाटभन्दा पनि त्यहाँ राष्ट्रपतिले उठाएका विषय गम्भीर छन् । संसद्को विषयमा सेनाका पदाधिकारीहरूसँग परामर्श गर्नु अनपेक्षित कुरा हो । सेनाको पनि आफ्नै विशिष्ट संरचना र त्यसका मान्यता हुन्छन् । राज्यको सशस्त्र भौतिक बल प्रयोग गर्ने संगठित संस्था भएकाले त्यसका पदाधिकारी (वर्तमान वा पूर्व) त्यसमा पनि संगठितजस्तो लाग्ने बोली र व्यवहार गम्भीर एवं संवेदनशील अर्थ दिने हुन्छन् । यसको चेतना हुनु जरुरी छ ।

एउटा कार्यक्रमका सिलसिलामा भेट हुँदा एक उच्च सैनिक अधिकृतले वर्तमान राजनीति र शासकीय व्यवहारबारे मसँग तीव्र असन्तोष र प्रतिक्रिया व्यक्त गरेका थिए । उनी भन्दै थिए, 'के हामी यस्तो बेथिति टुलुटुलु हेरेर बसिरहने ?' मैले उनीसँग तत्कालै प्रतिवाद गरेको थिएँ, 'हामी उही हैसियतका नेपाली नागरिक भए पनि तपाईं र ममा मौलिक भिन्नता छ । तपाईंको हातमा राज्यले दिएको बम, गोली, बारुद र बन्दुक छ; तपाईंको कमान्डमा सिपाहीको एउटा टुकडी पनि होला । तपाईंको बोलीमा व्यावसायिक ध्वनि पैदा हुन्छ, त्यसैले तपाईंलाई यस्तो भन्ने छुट छैन । तर म निहत्था छु, म कुनै सरकारी संस्थाको प्रतिनिधित्व पनि गर्दिनँ । तपाईंले भन्दा कडा असन्तोष र प्रतिक्रिया मेरा छन् । तिनलाई मैले सार्वजनिक पनि गर्दै आएको छु । मेरो त्यो व्यवहार लोकतन्त्रमा सर्वस्वीकार्य नागरिक व्यवहार हो ।' त्यसपछि उनी मौन भए । निःशस्त्र नागरिकका अभिमत असंगठित हुन्छन्, त्यही नै यसको विशिष्टता र बल हो । बुझ्ने र विवेकशील व्यक्तिका लागि यति नै पर्याप्त हुन्छ ।

नागरिकता आम चासोको विषय हो । संसद्मा विधेयक पेस भएपछि संसद्बाहिर पनि त्यसबारे चासो राखिएका हुन्छन् । नागरिकता विधेयकमा पनि त्यस्ता चासोहरू आएका छन् । संसद्भित्र र बाहिरको मतलाई हेर्ने हो भने यसको मुख्य विवादित विषय नेपाली नागरिकसँग विवाह गर्ने विदेशी महिलाको अंगीकृत नागरिकताबारे देखिन्छ । तीमध्ये अधिकांश महिला नेपालीसँग विवाह गरेर आउने सीमावर्ती भारतीय क्षेत्रका हुन् । प्रमुख प्रतिपक्षी नेकपा (एमाले) ले विवाह भएको सात वर्षपछि मात्र उनीहरूलाई अंगीकृत नागरिकता दिनुपर्छ भन्ने अडान राखेको थियो । पन्ध्र वर्षबाट सात वर्षमा झार्न हुन्छ भने तीन, एक वा शून्यमा झार्न किन नहुने ? यी प्राविधिक मत हुन्, सैद्धान्तिक होइनन् । अंगीकृत मात्र होइन, नागरिकताकै बारेमा विभिन्न देशका आआफ्नै मान्यता र अभ्यास छन् । कुन असल अभ्यास हो र कुन खराब, छुट्याउने मापदण्ड के हो ? हाम्रै देशमा पनि संविधान र पहिलो नागरिकता ऐनदेखि यहाँसम्म आइपुग्दाका अभ्यासहरू समान छैनन् । अवस्था र समय अनुसार ती फरक छन् ।

राष्ट्रपतिले विधेयक फिर्ता गर्दा देखाएको चासोमा राखिएका बुँदाहरू विधेयकमा भन्दा पनि नागरिकताको अवधारणा, सिद्धान्त, विगतका अभ्यासहरूमा केन्द्रित देखिन्छन् । ती बुँदा निर्विवादित पनि होइनन्, त्यसमा जति पनि प्रश्न गर्न सकिन्छ, परस्पर विरोधी पनि छन् । विधेयकको कुनै बुँदा र प्रावधानभन्दा विधेयकको समग्रतामै राष्ट्रपतिको फरक धारणा झल्किन्छ । जहाँसम्म सिद्धान्तको कुरा छ, त्यो संविधानले निर्दिष्ट गरिसकेको छ । संविधानको धारा ११(६) ले भन्छ, 'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानुनबमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ ।' सरकार र संसद्को जिम्मेवारी त्यससम्बन्धी कानुन बनाउनु हो । कानुन बनाउँदा केकति सर्त राख्ने वा नराख्ने, संसद्को विषय हो । त्यसमा सांसद र राजनीतिक दलका भनाइहरू फरक हुन सक्छन्, भएका छन् । पार्टीका मतहरू बाझिन सक्छन् । तर राष्ट्रपतिको काम ती कुनै पक्षमा देखिने होइन । संसद्को बहुमत राष्ट्रको बहुमत हो । संसद्बाट गल्ती नै हुँदैन म भन्दिनँ, त्यहाँ गल्ती भए सच्याउने व्यवस्था पनि संविधानले नै दिएको छ । अदालतले त्यसको सुनुवाइ गर्न सक्छ, सरकारले नै अर्को संशोधन विधेयक पनि ल्याउन सक्छ ।




**संसद्ले नागरिकता विधेयकलाई यथावत् वा पुनर्विचार जसरी पठाए पनि राष्ट्रपतिलाई त्यसको अवज्ञा गर्ने सुविधा संविधानले दिएको छैन । यो प्रतिष्ठा र प्रतिक्रियाको विषय होइन ।**

संसद्ले पारित गरेको विधेयक राष्ट्रपतिले पुनर्विचारका लागि फिर्ता पठाउने प्रचलन संसदीय प्रणालीमा छ । हाम्रो संविधानले पनि आफ्नो सुझावसहित विधेयक फिर्ता गर्ने अधिकार राष्ट्रपतिलाई दिएको छ । त्यसको अभ्यास पनि भइसकेको छ । संसदीय प्रणालीमा विधेयक अस्वीकार वा फिर्ता गरिने कार्य सबै ठाउँमा विवादित हुन्छन्, भएका छन्; मलाई यसबारे थप टिप्पणी गर्न मन छैन । तर यहाँ विचारणीय कुरा के छ भने, नागरिकता विधेयकमा राष्ट्रपतिको सन्देशसँग संसद् सहमत भएन, प्रतिनिधिसभाले त्यसलाई जस्ताको तस्तै पुनः पारित गरेर माथिल्लो सदन राष्ट्रिय सभामा पठाएको अवस्था छ । सम्भवतः आज (भदौ १२ गते) राष्ट्रिय सभाले त्यसबारे निर्णय गर्नेछ । त्यो विधेयकमाथि संसद्ले निर्णय गरिनसक्तै राष्ट्रपतिजस्तो सम्मानित पदमा बस्ने व्यक्ति स्वयंबाट यस प्रकारको व्यवहार र अभिमत प्रकट गर्न मिल्छ कि मिल्दैन ? यस्तो व्यवहार संसद्को अपमान हो कि होइन ? हो, सत्तापक्षको बहुमत भएका कारण र संवैधानिक प्रक्रिया अनुसार पनि त्यो विधेयक राष्ट्रिय सभाले यथावत् पारित गर्ने अनुमान गर्न सकिन्छ । तर राष्ट्रपतिले अनुमानका आधारमा प्रतिक्रिया दिनु पदीय आचरणविपरीत पनि हो ।

हाम्रो संविधानमा संसद्ले दोस्रो पटक पारित गरेर पठाएको विधेयकलाई राष्ट्रपतिले पन्ध्र दिनभित्र प्रमाणीकरण गर्नुपर्ने बाध्यात्मक प्रावधान छ । यसको पालना नगर्नु भनेको संविधानको उल्लङ्घन हो । राष्ट्रपतिबाट संविधानमा लेखिएको नगर्ने, नलेखिएको गर्ने स्थिति बारम्बार दोहोरिने हो भने संविधानको अर्थ नै के रह्यो र ? यहाँ २०५७ सालमा राजा वीरेन्द्रले प्रमाणीकरण नगरेको नागरिकता विधेयकको पनि सन्दर्भ दिने गरिन्छ । तर पछिका राजनीतिक घटनाक्रमले त्यो विधेयकभन्दा खुकुला प्रावधानसहित नागरिकता दिने अवस्था सिर्जना गरेका पनि छन् । यहाँ विचारणीय कुरा के हो भने, राजतन्त्र संविधानको उपज होइन, संविधानलाई स्वीकार गरिएको अवस्था हो, तर राष्ट्रपति संविधानको उपज हो, यही संविधानले निर्माण गरेको संस्था हो । संविधानभन्दा माथि कसैलाई पनि विशेषाधिकारको दाबी गर्ने ठाउँ छैन । यसभन्दा पृथक् राष्ट्रपतिले आफ्नो अभिमत बनाउन खोज्नु दुर्भाग्य हुन्छ ।

संसदीय प्रणाली भए पनि हाम्रो संविधानका केही आफ्नै विशेषता छन्; अरू देशमा जे भयो, यहाँ पनि त्यही हुनुपर्छ भन्ने छैन । तथापि संवैधानिक प्रणालीको अभ्यास र विकासका सम्बन्धमा अन्यत्रका सन्दर्भ लिनुपर्ने हुन्छ । भारतकै कुरा गर्ने हो भने पनि सरकारले पठाएका अध्यादेशहरू, संसद्ले पठाएका विधेयकहरू राष्ट्रपतिले फिर्ता गरेका वा पकेट भिटो लगाएका उदाहरणहरू छन् । प्रधानमन्त्री नरसिंह रावको सरकारले पठाएका दुइटा अध्यादेशलाई राष्ट्रपति शंकरदयाल शर्माले स्वीकृति दिएनन् । यस्तै जैल सिंहले हुलाक अड्डा सम्बन्धी ऐन संशोधन विधेयक, एपीजे अब्दुल कलाम आजादले लाभको पद सम्बन्धी विधेयकलाई अस्वीकार गरेका थिए । तर संसद्ले पुनः पारित गरेर दोस्रो पटक पठाएको विधेयकका सम्बन्धमा भने राष्ट्रपतिलाई त्यो छुट छैन, बाध्यकारी छ । हाम्रो संविधानले पनि बाध्यकारी बनाएको छ ।

विधेयकका सम्बन्धमा राष्ट्रपति र सरकारबीच दुई प्रकारको मतभेद हुन सक्छ– सैद्धान्तिक र विषयगत । जस्तो, भारतमा हिन्दु संहिता विधेयक (हिन्दु कोड बिल) का बारेमा प्रधानमन्त्री जवाहरलाल नेहरू र राष्ट्रपति राजेन्द्र प्रसाद बीच गम्भीर मतभेद थिए । नेहरू धार्मिक अल्पसंख्यकप्रति उदारवादी र राज्यको सकारात्मक पहल गर्नुपर्छ भन्ने मान्यता राख्थे । संविधान जारी भएपछि उनी तत्कालै यस सम्बन्धी कानुनी व्यवस्था गर्न चाहन्थे । हिन्दु कोड बिल यसकै एउटा रूप थियो । राजेन्द्र प्रसादको सोच अलि फरक थियो । उनी संविधानले सबै नागरिकलाई समान अधिकार दिएपछि हिन्दु होऊन् वा मुसलमान, कुनै पनि समुदायका लागि अलगअलग संहिता चाहिँदैन भन्ने मान्यता राख्थे । त्यसैले उनले हिन्दु बिल यदि प्रमाणीकरणका लागि आफूकहाँ पठाइयो भने अस्वीकार गर्नेछु भनेर पहिल्यै भनेका थिए । त्यस सम्बन्धमा आफ्नो दृष्टिकोणसमेत प्रधानमन्त्री नेहरूलाई लिखित रूपमै पठाएका थिए । राजेन्द्र प्रसाद राष्ट्रपति मात्र थिएनन्, उनको राजनीतिक एवं बौद्धिक व्यक्तित्वको उचाइ नेहरूको भन्दा कम थिएन । तर निर्वाचनपछि संसद्ले जब त्यो विधेयक पारित गरेर पठायो, उनले त्यसलाई सदर गरे । त्यो कानुन आज पनि भारतमा विवादित नै छ । नरेन्द्र मोदी नेतृत्वको भाजपा सरकारले त्यसलाई प्रतिस्थापन गर्न समान नागरिक संहिता (युनिफर्म सिभिल कोड) विधेयक ल्याउने प्रयत्न गरिरहेको छ, तर त्यो पनि विवादित नै छ ।

नेपालमा नागरिकताको विषय पहाडे मानसिकताको साँघुरो राष्ट्रवादबाट सधैं ग्रस्त हुने गरेको छ । मधेश र मधेशीको कुरा आएपछि राष्ट्रियता र नागरिकतालाई हेर्ने मापदण्ड नै फरक हुने गर्छन् । पञ्चायतकालसम्म त मधेशको कुरा गर्नु राष्ट्रियताविरोधी मानिन्थ्यो । सिंहदरबारको संकीर्ण शासकीय धारणामा नेपालको राष्ट्रियता सीमित भएर रह्यो । अहिले पनि कतिपय मानिसको मानसिकतामा नेपाली र मधेशी पृथक् हुन् भन्ने छ । पञ्चायत फालियो, राजतन्त्र ढल्यो, मधेशले आफ्नो पहिचानका लागि संघर्ष गऱ्यो, राज्यले मधेशसँग पटकपटक सम्झौता गऱ्यो, तर नेपाली राष्ट्रियता त्यसको बलियो पन्जाबाट मुक्त हुन सकेको छैन । शीतल निवासको रात्रिभोजमा त्यही ध्वनिको पुनरावृत्ति भएको हो ।

मधेशको भूमि, मधेशी समाजको सीमापारि भारतसँग सन्निकटता छ । उनीहरूका वेशभूषा, संस्कृति, भाषा लगायत धेरै कुरा समान छन् । बिहाबारीको विस्तारित सम्बन्ध छ । समाज पहिले बन्यो, राज्यको सीमा पछि कोरिएको हो । यो यथार्थता नबुझ्ने राष्ट्रियता सधैं कमजोर हुन्छ । सिमानामा समस्या छन्, आप्रवासनको समस्या छ । यो दुई देशको समस्या हो, यसलाई नागरिकतासँग जोड्ने मानसिकता बनाउनु हुँदैन । नेताहरू आफ्नो सत्तास्वार्थ्य र निजी हितका लागि भारत होस् वा चीनको शरणमा लम्पसार हुँदा उनको देशभक्ति र राष्ट्रियतामाथि प्रश्न नहुने, उनीहरूकै पछि लागेर हामी ताली पिट्ने । नेपालीसँग विवाह गरेर नेपालमै घरजम गरेकी एउटा विदेशी महिलाको हकमा किन नागरिकताको नाकाबन्दी ? यो खोक्रो राष्ट्रवाद मात्र हो । यस्तो बोक्रे राष्ट्रवादले देश बन्दैन ।

यही वास्तविकतालाई मनन गरेर नागरिकता विधेयकमा अपवादजस्तो लाग्ने केही प्रावधान छन् । नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका महिलाका लागि मात्र किन विवाह भएलगत्तै अंगीकृत नागरिकता पाउने प्रावधान राखियो ? किन यही कुरा पुरुषको हकमा भएन ? यसको अन्तर्य बुझ्नु जरुरी छ । जुन संख्यामा मधेशमा बिहाबारी सम्बन्ध छ, त्यो अन्य कुनै पनि मुलुकका नागरिकसँग तुलना हुँदैन । नागरिकताको दुरुपयोग भए दण्ड-सजाय गर्ने अधिकार राज्यलाई छ । संसद्ले नागरिकता विधेयकलाई यथावत् वा पुनर्विचार जसरी पठाए पनि राष्ट्रपतिलाई त्यसको अवज्ञा गर्ने सुविधा संविधानले दिएको छैन । यो प्रतिष्ठा र प्रतिक्रियाको विषय होइन ।

## सम्पादकलाई चिठी

### कालोसूचीसँगै क्षतिपूर्ति

बढी आलोचित बन्दै आएका शारदाप्रसाद अधिकारीको निर्माण कम्पनी शैलुङ कन्स्ट्रक्सनसमेत दसवटा कम्पनीलाई सरकारले कालोसूचीमा राखेको छ । खास गरी ठेक्का लिएर पनि सिसडोल र बन्चरेडाँडा डम्पिङ साइटको निर्माण नगरेको विषयमा काठमाडौं महानगरका मेयर बालेन्द्र शाहले शैलुङ कन्स्ट्रक्सनलाई दोषी ठहर गरेपछि सम्बन्धित पदाधिकारीले चोरीऔंला आफूतिर पनि सोझिन सक्ने डरले तँछाडमडाड गर्दै अरू ९ कम्पनीलाई कालोसूचीमा राखेको धेरैले ठहर गरेका छन् । ठूला नेताको आडमा राजधानीलाई वर्षौंसम्म फोहोरको डंगुरले घेरेर राख्ने शैलुङ कम्पनी विसंगतिको नमुना नै हो । मुलुकभरिका ठूला ठेक्कापट्टा हत्याउन सफल सो कम्पनीले खरिद सम्झौताविपरीत काम अलपत्र पार्ने, पटक-पटक पेस्की लिएर रकम दुरुपयोग गर्ने, सम्झौतामा उल्लिखित मितिभित्र निर्माण सम्पन्न नगर्ने, नियतवश निर्माण लागत र अवधि बढाउने, ठेक्का हत्याएर सोबापतको पेस्की रकम आफूखुसी अन्यत्रै लगानी गरेर सरकारी निर्माण कार्य अलपत्र पार्ने लगायत अवाञ्छित गतिविधिलाई राष्ट्रघाती काम नभनिरहन सकिँदैन । शैलुङ कन्स्ट्रक्सनले १० भन्दा बढी ठेक्का लिए पनि बन्चरेडाँडा क्षेत्रको कन्तबिजोग शब्दमा वर्णन गर्न सकिँदैन । यसरी राजनीतिक संरक्षण, मिलेमतोमा सरकारी सम्पत्तिमाथि लडीबुडी खेल्नेमाथि छोटो समयको प्रतिबन्ध पर्याप्त छ र ? मिलेमतोमा भुँडी भर्ने अरूलाई कारबाही गर्नु पर्दैन ? यसलाई सरकारी सम्पत्ति लुट्नेलाई केही समय आराम गर्न दिएको ठहरिँदैन र ? अपूरणीय क्षतिको हर्जाना कोबाट असुल्ने ? मुलुकको अर्बौं रुपैयाँ डुबिसकेको अवस्थामा सरकारले जनताको आँखामा छारो हाल्न खोज्ने देखावटी कारबाहीलाई मात्र सही मान्न सकिँदैन ।

**– भुवनेश्वर शर्मा**, *चन्द्रागिरि-२, काठमाडौं*

### सर्वसाधारणलाई न्याय कहिले ?

***'न्याय खोज्न देहातबाट काठमाडौं' समाचारमा facebook.com/eKantipur बाट लिइएका टिप्पणी :***

न्याय बिक्ने देशमा सित्तैंमा न्याय कहाँ पाइन्छ र ? विधि विधान सम्झेर टाउकामा हात लगाई बस्नुको विकल्प छैन । सबैतिर पैसाकै चलखेल छ ।
**– जय कर्ण**

नेपालमा न्याय दिने न्यायलय पनि छ र ?
**– विष्णु रञ्जितकार**

न्याय खरिद-बिक्री हुन्छ, मागेर पाइँदैन ।
**– दिल श्रेष्ठ**

कानुन दुःखी र गरिबलाई शासन गर्न बनाइएको हो । धनी र सामन्तले त कानुन बनाउँछन अनि शासन गर्छन् ।
**– कर्ण सुवेदी**




सत्यको पक्षमा आवाज उठाउँदा, उल्टै मर्नुपर्ने, अनि मरिसकेपछि पनि न्याय नपाउने ?
**– शम्भु गुरुङ**

राम्रो काम गर्नेले यस्तै नियति भोग्नुपर्छ यो देशमा ।
**– दीपेन्द्र ढुंगेल**

न्याय हराएको देशमा गरिब निमुखाले न्याए पाउन सक्दैनन् । पैसा र पावरको दुरुपयोग गर्नेहरू सरकारमा छन् । कालोकोटे धारीहरू पनि 'नोट' कै पछि लाग्छन्, अनि कहाँबाट मिल्छ त न्याय ?
**– हुमराज बस्नेत**

यही त छ हाम्रो देशको कमजोरी, हत्यारालाई किन जोगाउनुपर्ने ?
**– रुद्र घिमिरे**

कानुन किन्न पाइने देश हो नेपाल, त्यसैले सर्वसाधारणले न्याय पाउने कुनै आस नगरे हुन्छ ।
**– आलोक चौधरी**

न्याय हराएको देश, सानालाई मात्र हो नियन-कानुन बनाएको, ठूलालाई चैन छ । कानुनी राज्य स्थापना गर्नका लागि, हजारौं हजार बालेन जन्मनु आवश्यक छ ।
**– भरत बस्नेत**

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालका घरबेटी शारदाप्रसाद अधिकारीले ठेक्का हात पारेर कामै गरेनन्, बर्सेनि म्याद थपेर लगानी बढाउँदा राज्यलाई अर्बौं रकम घाटामा पारे । उनको कम्पनीलाई कालोसूचीमा पनि राखिएको छ । तर, यो सजाय मात्र पर्याप्त छ त ? प्रश्न उठ्छ । सार्वजनिक खरिद ऐन तथा नियमावली हेर्दा गोप्य रूपमा ठेक्का कबोल गर्नुपर्ने र प्रतिस्पर्धाबाट न्यूनतम कबोलकर्ताले मात्र ठेक्का स्वीकृति पाउनुपर्ने होइन र ? देशभर विभिन्न आयोजनामा काम गर्न भनी आह्वान गरिएका अधिकांश ठेक्का शैलुङ कन्स्ट्रक्सनले मात्र किन र कसरी पाउँछ ? उता समयमै काम सम्पन्न नगर्ने ठेकेदारमाथि ठेक्का तोड्नेसम्मको कारबाही प्रक्रिया बढाउनुपर्नेमा माओवादी केन्द्रका नेतालाई घरभाडामा राख्दैमा उनले उन्मुक्ति पाउँछन् ? सर्वसाधारणबाट उनको काम गराइलाई लिएर व्यापक विरोध भइरहँदा पनि सम्बन्धित निकाय किन मौन ? कार्य प्रगति निकै कमजोर हुँदा पनि सरोकारवाला निकायको गम्भीर ध्यानाकर्षण किन हुन सकेन ? काम पनि नगर्ने, म्याद थप्दै लगानी बढाउँदा सरकार वा जनतालाई के कति फाइदा हुन्छ ? यदि हुँदैन भने किन र केका आधारमा बर्सेनि म्याद बढाउने निर्णय गरिन्छ ? आयोजनाको जम्मा समयावधिमध्ये एक वर्षमा कति प्रगति गर्नुपर्ने हो ? प्रगति हुन नसके सोको कारणसहित म्याद थप र पेस्की भुक्तानी गर्नुपर्नेमा ७ वर्ष पर धकेलिएको आयोजनामा वर्षको ८ प्रतिशत पनि प्रगति नगर्ने ठेकेदार अधिकारीको ठेक्का तोड्नेसिवाय अन्य कारबाही के गरियो वा गरिँदै छ ? नेताका घरबेटीले झन् राम्ररी समयमा कार्य सम्पन्न गर्नुको साटो मुलुकलाई नै गुमराहमा पार्ने यस्ता भ्रष्टाचारमा अख्तियार दुरुपयोग अनुसन्धानले चासो राखेको किन देखिन्न ? कार्यक्षेत्र नभएको हो वा अन्य कुनै कारण हो ?

**– गंगाराज अर्याल**, *पाणिनि-८, अर्घाखाँची*

# अग्निवीर बहसमा वीर गोर्खाली



झलक सुवेदी



भारत सरकारले गत जुनमा 'अग्निपथ' नामले भारतीय सेनामा लिइने भर्ती सम्बन्धी नयाँ नीति अघि सार्‍यो, जसअनुसार अब १७ वर्षदेखि २१ वर्ष उमेर समूहका युवालाई भारतीय सेनामा तोकिएको संख्यामा भर्ना लिइनेछ । यस अन्तर्गत सन् २०२२ का लागि (यस वर्षचाहिँ साढे १७ वर्षदेखि २३ वर्षसम्मका) ४६ हजार युवा भर्ना गर्ने योजना अघि सारिएको छ । यसरी भर्ना हुने युवालाई 'अग्निवीर' नाम दिइनेछ । यस्ता अग्निवीरहरूले सबै खाले आधारभूत सैन्य तालिम लिनेछन्; योग्यता र रुचि अनुसार स्थल, जल र हवाई सेनामा सेवा गर्नेछन् । यिनीहरूले मासिक न्यूनतम ३० हजारदेखि ४० हजार भारुसम्म तलब सुविधा पाउनेछन् । चार वर्ष सेवा गरेपछि यी रिक्रुटेहरूमध्येबाट २५ प्रतिशतलाई नियमित सेनामा सामेल गरिनेछ, बाँकी ७५ प्रतिशतलाई एकमुस्ट पौने १२ लाख भारु दिएर बिदा गरिनेछ (आरम्भमा भारतीय युवाहरूले यसविरुद्ध ठूलो आन्दोलन पनि चलाएका थिए) ।

यस्तो भर्ना प्रक्रियामा सदाझैं गोर्खा रेजिमेन्टका लागि नेपाली र भारतीय गोर्खाहरूलाई भर्ना लिइनेछ । यसरी भारतीय सेनामा जान चाहने नेपाली युवाहरू अग्निवीर कहलाइनेछन् । भारतीय विदेश मामिला मन्त्रालयका प्रवक्ता अरिन्दम बाग्चीले अगस्ट २५ मा पत्रकारहरूको प्रश्नको जवाफ दिँदै भारतीय सेनामा गोर्खा जवानहरूको भर्नालाई नियमितता दिइने बताएका छन् । यसअघि काठमाडौंस्थित भारतीय दूतावासले सूचना निकालेर नेपाली युवालाई अग्निपथ योजनामा सामेल हुन भर्ना प्रक्रिया थालिएको जनाइसकेको थियो । नेपाल सरकारले यो योजनामा सामेल हुने विषयमा निर्णय गरिनसकेकाले हाललाई भर्ना प्रक्रिया रोकिएको छ । नेपालमा यसबारे बहस आरम्भ भएको छ । तर नेपालमा भन्दा पनि भारतमा यसबारे निकै चासो देखिएको छ । भारतीय सरकार, काठमाडौंस्थित भारतीय दूतावास र भारतीय सञ्चारमाध्यमका अभिव्यक्तिहरूलाई आधार मान्ने हो भने भारत नेपाली युवालाई हरहालतमा यो प्रक्रियामा सामेल गर्न चाहन्छ भन्ने बुझ्न गाह्रो छैन ।

अग्निपथ योजना भारत सरकारले आफ्नो सुरक्षा रणनीतिमा ल्याएको एउटा महत्त्वपूर्ण रणनीतिक फेरबदल हो । पहिलो त, यसले सेनाको नियमित खर्च जसरी बढोत्तरी भइरहेको छ, त्यसलाई थोरै भए पनि घटाउनेछ । खास गरी आजीवन पेन्सन दिनुपर्ने अहिलेको परम्पराबाट सैन्य खर्चको उत्पादकत्व बढाउन मद्दत नपुगेको ठम्याइ उनीहरूको छ । दोस्रो, भारतीय सेनालाई अब जवानहरूमा भन्दा प्रविधिमा आधारित बनाइनेछ । जति उन्नत प्रविधियुक्त बनाउँदै लग्यो, त्यति नै कम संख्यामा इन्फ्यान्ट्रीको आवश्यकता पर्छ । सन् १९९० पछि चीनले पनि आफ्नो सैन्य संख्या घटाउने र आधुनिकीकरण गर्ने योजना लागू गर्दै आएको छ । यसको तेस्रो रणनीतिक अर्थ हो– अब भारतीय सेनामा नियमित फौजका साथै आवश्यक परेको समयमा प्रयोग गर्न मिल्ने रिजर्भ सेना पर्याप्त मात्रामा उपलब्ध हुनेछ । अग्निवीरहरूलाई आधारभूत सैन्य तालिम दिइने हुँदा सामान्य रिफ्रेसमेन्ट तालिम दिएर पनि युद्धमा या आन्तरिक शान्ति कायम गर्नमा प्रयोग गर्न सकिनेछ । सँगै यसले समग्र दक्षिण एसिया र तिब्बतलाई समेत विशाल भारतका रूपमा दाबी गर्ने आरएसएसका रणनीतिक लक्ष्यहरू हासिल गर्न हिन्दुहरूको सैन्यकरणलाई सहयोग गर्नेछ । नवउदारवादी आर्थिक नीति र विशाल भारतको परिकल्पना गर्ने दक्षिणपन्थी हिन्दु राजनीतिको सम्मिश्रणका रूपमा अग्निपथ योजना आएको बुझ्न सकिन्छ ।

### नेपालको चासो

भारतीय सेनामा नेपालीहरूको भर्ती र सेवा एउटा ऐतिहासिक सिलसिलाका रूपमा चलिआएको छ । एङ्लो-नेपाल वार भनिएको इस्ट इन्डिया कम्पनीसँगको नेपालको लडाइँ (सन् १८१४-१८१६) र सम्झौताको बेलादेखि नै नेपाली युवाहरू ब्रिटिस भारतको सुरक्षाबलमा सामेल हुने गरेका थिए । त्यसअघि पन्जाबका महाराजको सेनामा पनि सामेल भएर नेपालीहरूले लडाइँमा भाग लिने गरेका थिए । यो परम्परा बेलायती उपनिवेशबाट स्वतन्त्र भएको भारतमा पनि कायम रह्यो । भारतीय नेताहरू यसका लागि आरम्भमा तयार थिएनन् । बेलायतले भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूलाई गोर्खाहरूको सेवालाई निरन्तरता दिन दबाब दिएको थियो । बेलायतीहरू आफ्नो साम्राज्यको सेवामा लामो समय काम गरेका गोर्खाहरूको (गुन तिर्न) रोजगारी नखोसियोस् र नेपालका पहाडहरूमा रहेको अभावपूर्ण जीवन उनीहरूका लागि विकल्पहीन नबनोस् भन्ने चाहन्थे । अर्कोतर्फ, भारत-पाकिस्तान विभाजन र भारतीय रजवाडाहरूको विद्रोहका क्रममा एउटा तटस्थ सुरक्षाफौज भारतका लागि आवश्यक थियो । यिनै कारणहरूले सन् १९४७ मा नेपालसँग भारत र बेलायतले एउटा सम्झौता गरेका थिए । त्रिपक्षीय सन्धिका नाममा चिनिने यही सम्झौताकै कारण बेलायत र भारतीय सेनामा गोर्खा रेजिमेन्टहरू छन् र नेपालीहरू दुवै देशका सैन्य सेवामा सामेल हुँदै आएका छन् । नेपालको पहाडका, बेलायतीहरूद्वारा लडाकु जातिका रूपमा परिभाषित खास गरी गुरुङ, मगर, राई र लिम्बूका साथै अत्यधिक संख्यामा छेत्रीहरू विदेशी सेनामा कार्यरत छन् । विदेशी सेनामा जानुपर्नाका अर्थराजनीतिक कारणहरूलाई छाड्ने हो भने ती समुदायमा भर्ती जानु एउटा संस्कृति, परम्परा र सम्मानको विषयका रूपमा कायम छ ।

सन् १९४७ मा रहेका १० गोर्खा रेजिमेन्टमध्ये ४ वटा बेलायतीहरूले दक्षिण तथा पूर्वी एसियाका उपनिवेशमा लगेका थिए । बाँकी ६ रेजिमेन्ट भारतमै रहेका थिए । भारतले त्यसमा आफ्नो आवश्यकता अनुसार थप्ने र घटाउने गरेको छ । यति बेला भारतीय सेनाको नियमित फौजमा ३५ हजारजति नेपाली गोर्खाहरू कार्यरत छन् । १ लाख २० हजारजति पेन्सनर छन् । भारतले नेपाली गोर्खाहरूलाई उच्च तहमा पदोन्नति हुन दिँदैन, सुवेदार र मेजरसम्मको 'जेसीओ' भनिने जुनियर कमिसन्ड अफिसर तहमा मात्र गोर्खालीको पदोन्नति हुन्छ । बाँकी सुविधाहरू भने भारतीय सेनासरह हुने गरेका छन् ।

**इतिहासमा भएका गल्ती सच्याउने अवसर आएको छ । अब नेपालले औपचारिक सन्धि गरेर गोर्खा भर्तीलाई निरन्तरता दिनु हुन्न । तर कुनै नेपालीले करियर र जीविकाका सन्दर्भमा भारतीय सेनामा सेवा गर्न चाहन्छ भने रोक्नु पनि हुन्न ।**

### त्रिपक्षीय सन्धिको वैधानिकता

नेपालीहरूलाई भारतीय सेनामा जुन सन्धि अन्तर्गत लिन थालिएको हो, त्यसको वैधानिकतामा अनेक प्रश्न छन् । सन्धि एउटा खास कालखण्डमा भएको थियो । त्यसलाई पालना गरिरहन र गोर्खाहरूलाई आत्मसम्मानपूर्वक आफू कार्यरत देशका अरू सैनिकसरह जीवन जिउन सहज भएन । खास गरी भारतीय सेनाले पाउनेसरह मात्र सुविधा दिने भन्दै ब्रिटिस गोर्खाका लागि लागू गरिएका तलबमान र सुविधा तथा सेवाका सर्तहरू अपमानजनक थिए । सन् १९९७ पछि गोर्खा रेजिमेन्टलाई बेलायतमा सारिएपछि भएका परिवर्तनहरू र गोर्खा आन्दोलनका कारण बेलायतीहरूले सन्धिभन्दा पृथक् ब्रिटिस सेनामा काम गरेका गोर्खाहरूलाई स्थायी रूपमा बेलायतमा बसोबासको अनुमति दिन थाले । सुविधाहरू बढाइए । सन्धिमा रहेको सेवारत नेपालीहरू नेपाली नागरिक नै रहने प्रावधानलाई बेवास्ता गरियो । नेपालसँग सम्झौता पनि नगरी बेलायतले नेपालमा सिंगापुर प्रहरीका लागि जवानहरू रिक्रुट गर्ने परम्परा बसाल्यो र म्यानपावर कम्पनीले जस्तो काम गर्दै रह्यो । यता भारतले आवश्यक परेका बेला रेजिमेन्ट र बटालियनहरू थप्ने तर आफूलाई नचाहिएको समयमा भर्ती संख्या घटाउने गर्दै गयो । नेपाललाई जानकारी नदिईकनै भारतीय गोर्खाहरूको संख्या कटौती गर्ने, भर्तीमा कडाइ गर्ने, गोर्खा रेजिमेन्टलाई भारतीय गोर्खा र पछि कुमाउनी या गढवालीहरूलाई पनि गोर्खाको समरूप व्याख्या गर्ने प्रयास पनि हुँदै आयो । यी सबै घटनाले उक्त सन्धिको वैधानिकता उहिल्यै सकिएको देखाउँछन् ।

नेपालका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०१९ जुनमा बेलायतको भ्रमण गर्ने क्रममा पहिलो पटक त्रिपक्षीय सन्धि खारेज गरेर बेलायत र नेपालबीच गोर्खाहरूबारे अलग्गै सम्झौता गर्नुपर्ने प्रस्ताव बेलायतकी कार्यवाहक प्रधानमन्त्री टेरेसा मेसमक्ष राखेका थिए । यो नेपालले त्रिपक्षीय सन्धिको औचित्य सकिएको सन्देश दिएको पहिलो औपचारिक नोटिस थियो । त्यसको एक वर्ष नपुग्दै २०२० फेब्रुअरी १२ मा ओली नेतृत्वको सरकारले परराष्ट्र मन्त्रालयमार्फत सन्धिमा पुनरवलोकन गर्न भन्दै बेलायतलाई औपचारिक पत्र पठाएको थियो । तर भारतीय सेनामा सामेल गोर्खाहरूका सम्बन्धमा उच्च तहमा पदोन्नतिका सन्दर्भमा बाहेक विभेद भएको गुनासो नभएकाले नेपाल र भारतबीच यस विषयमा विवाद भएको देखिएको छैन । अग्निवीर योजनालाई पनि सहज रूपमा गोर्खाहरूका हकमा पनि लागू गर्ने भारतीय प्रयास यही पृष्ठभूमिमा भएको हुनुपर्छ ।

### भर्ती नरोक, सन्धि खारेज गर

'नेपाल की शेरबहादुर देउवा सरकार की चुप्पी के कारण अग्निपथ योजना के तहत नेपाली गोरखाओं के लिए २५ अगस्त से शुरू होनेवाली भर्ती रैली आयोजित नहीं हो पाई ।' २०२२ अगस्ट २५ को बीबीसी हिन्दी भाषाको अनलाइन सेवामा रजनीश कुमारले काठमाडौंबाट लेखेको समाचारको हाइलाइट गरिएको अंश हो यो । अग्निपथ योजनालाई नेपालले स्वीकार नगरेकाले भर्ती रोकिएको भन्ने आशयसहितको उक्त समाचारले भारतीय संस्थापनका विचारहरूको प्रतिनिधित्व गर्छ । अरू भारतीय सञ्चारमाध्यमले नेपालमा वामपन्थीहरू सम्मिलित सरकार भएकाले पनि गोर्खा भर्तीबारे देउवाले निर्णय गरिहाल्न नसकेको भन्दै नेपाललाई भर्तीका लागि भारतीय योजना स्वीकार गर्न दबाब दिने गरी समाचार सम्प्रेषित गरिरहेका छन् । यसै गरी काठमाडौंस्थित भारतीय राजदूत नवीन श्रीवास्तवले परराष्ट्रमन्त्रीलाई भेटेरै भर्तीलाई भारतीय दूतावास र भारतीय रक्षा मन्त्रालयको योजना अनुरूप अघि बढाउन दबाब दिएका छन् ।


भारतीय सरकार र सुरक्षा एजेन्सीहरू गोर्खाली युवाहरूलाई भरतीय सेनामा सामेल गर्नु आफ्नो भूराजनीतिक स्वार्थ र रणनीतिक हितअनुकूल रहेको मान्छन् । संसारको अर्को कुनै देशले छिमेकमा यस प्रकारको 'स्टेक' भेट्टाउँदैन जहाँ परिवारका परिवार ऊप्रति अनुगृहीत होऊन्, अघोषित सूचना संयन्त्रका रूपमा स्वयंसेवक बनेर सुरक्षाचासोमा सहयोग पुर्‍याइरहून् । भारतीय नाकाबन्दीपछिको तनाव र चीनसँग पारवहन सन्धि भएपछिको समयमा नेपाल आएका भारतीय राष्ट्रपति प्रणव मुखर्जीले पोखरास्थित भारतीय पेन्सन क्याम्पको भ्रमण गरेर नेपाल र चीनसहित दुनियाँलाई नेपालमा आफ्नो वर्चस्वको आधारबारे कूटनीतिक रूपमा सूचित गरेको धेरै भएको छैन ।

यो पृष्ठभूमिमा अग्निवीर या अग्निपथ योजनामा नेपाली युवाको सहभागिताका लागि भारतले दबाब दिनु स्वाभाविक रहे पनि नेपालले भने यस मामिलामा निर्णय लिन सकेको छैन । यसबारे नेपालमा सबै राजनीतिक दलहरूबीच समान धारणा पनि बनेको छैन । नेकपा एमालेले यो योजनामा नेपाल सामेल हुनुअघि नेपाल-भारतबीच भएको सन् १९४७ को सन्धिको पुनरवलोकन हुनुपर्ने माग उठाएको छ । बीबीसीको माथि उल्लिखित समाचारमा एमाले नेता प्रदीप ज्ञवालीले अग्निपथ योजना उक्त सन्धिको विपरीत आएको र नेपालले यसलाई स्वीकार गर्न नसक्ने बताएका छन् । यता प्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकार अरुण सुवेदीले चारवर्षे अग्निपथ योजनामा गएर फर्केका नेपाली युवाहरूको भविष्य र त्यसले आन्तरिक सुरक्षामा पार्न सक्ने नकारात्मक प्रभावबारे नेपालको चासो रहेकाले अहिले नै निर्णय गर्न नसकिएको जनाएका छन् । यस सम्बन्धमा संसदीय समितिमा पनि छलफल गर्ने तयारी भइरहेको छ ।

गोर्खा भर्ती परम्परा आफैंमा इतिहासले हामीलाई छाडेको एउटा नकारात्मक विषय हो । नेपाल सधैं विदेशी सेनामा आफ्ना युवा आपूर्ति गरेर तिनले ल्याएको रेमिट्यान्समा बाँच्न बाध्य हुनु हुँदैन । भूराजनीतिका जटिलताले पर्न सक्ने अप्ठेरा र सार्वभौमसत्ताको स्वतन्त्र अभ्यासका सन्दर्भमा यस्तो भर्ती प्रक्रियालाई हेर्नुपर्छ । इतिहास, हाम्रो आर्थिक अवस्था र परम्परालाई समेत मिलाएर हेर्दा अहिले नै नेपालले गोर्खा भर्ती रोक्न सम्भव छैन । यस विषयमा नेपाल सरकार र राजनीतिक दलहरूले भावनामा बगेर निर्णय गर्न सक्दैनन् । इतिहासमा भएका गल्ती सच्याउने अवसर हामीलाई आएको छ । अब नेपालले औपचारिक सन्धि गरेर गोर्खा भर्तीलाई निरन्तरता दिनु हुन्न । तर कुनै पनि नेपाली युवाले आफ्नो करियर र जीविकाका सन्दर्भमा भारतीय सेनामा गएर सेवा गर्न चाहन्छ भने उसलाई रोक्नु पनि हुन्न । यस्तो भर्तीका लागि नेपालका खेल मैदानहरूमा लाइन लगाउन पनि दिनु हुन्न । भारतले सीमापारि भर्ती लेओस्, जान चाहने नेपाली युवाहरू भर्ती होऊन् । चार वर्षपछि फर्केका युवाहरूलाई समस्याका रूपमा हेर्नुपर्दैन, धेरैजसोले उक्त सीप र योग्यताको प्रयोग गरेर आफ्नो बन्दोबस्त आफैं गर्नेछन् । बाँकीलाई सरकारले 'मनिटरिङ' गर्न सक्नुपर्छ । त्रिपक्षीय सन्धि खारेज गर्ने; भारत, बेलायत र सिंगापुरसँग अलगअलग सहमति या समझदारी गर्ने समय आएको छ । उपनिवेशकालीन परम्परा झल्काउने र नेपाललाई सैनिक आपूर्तिकर्ता मुलुकका रूपमा चिनाउने परम्परा अन्त्य गर्न सरकारले यो अवसरको कूटनीतिक ढंगले उपयोग गर्नुपर्छ ।

*सुवेदी 'ब्रिटिस साम्राज्यका नेपाली मोहरा, गोर्खा भर्तीको नालीबेली' पुस्तकका लेखक हुन् ।*

# संस्कृति र महिला मुक्तिको विरोधाभास



सुमिना

*एउटा हातमा लालझन्डा फरफराउँदै*
*मुट्ठी कसेर भनेका छन्–*
*'मालेमावाद जिन्दावाद'*
*अर्को हातभरि लालचुरा छनछनाउँदै*
*भनेका छन्–*
*'ॐ नमः शिवाय'*
*एकातर्फ मार्क्सवाद*
*अर्कोतर्फ मनुवाद*
*एकातर्फ क्रान्तिको हुङ्कार*
*अर्कोतर्फ परम्परा, धर्म, संस्कृति र संस्कार*
*एउटै यात्रामा दुई भिन्न रफ्तार*
*ए कमरेड,*
*यो कस्तो मिल्दै नमिल्ने विरोधाभास ?*

सामाजिक-राजनीतिक आन्दोलनभित्रै पनि धर्म, संस्कृति र परम्परालाई हेर्ने, बुझ्ने र व्याख्या गर्ने स्पष्ट र सही विश्वदृष्टिकोणको अभावले आन्दोलनमा आबद्ध महिलाहरूलाई एकातर्फ पितृसत्ताविरुद्ध मुक्तिको आवाज मुखरित गर्ने र अर्कोतर्फ ठ्याक्कै त्यसविपरीत विभिन्न पर्वका नाममा पितृसत्ताकै भजन गाउने जस्तो विरोधाभासपूर्ण अवस्थातर्फ धकेलिरहेको छ ।

### प्रतिक्रान्तिले निम्त्याएको चेतनाको प्रतिगमन

दसवर्षे जनयुद्धको आँधीबेहरीले धक्का दिएर अशक्त बनाएका शोषणकारी परम्परागत धार्मिक अन्धविश्वासका मूल्यमान्यताहरू मरणासन्न अवस्थाबाट पुनः ब्युँझिएर आज फेरि प्रतिक्रान्तिबीच प्रतिशोधको हुङ्कार गरिरहेका छन् । एउटा क्रान्तिको प्रयत्नले पलाएका नवीन चेतनाका टुसाहरू खै कहाँ, कसरी भाँचिए कुन्नि ! आज फेरि ती मस्तिष्कहरू चेतनाको बत्ती निभेपछिको अँध्यारोजस्तै गरी विराट् चकमन्नतामा अलपत्र परिरहेका छन् । लगत्तै एउटा काँधमा झोला र अर्को हातमा बन्दुक समाएका मुक्तिकामी महिलाहरू हातभरि दासत्वको चिनारी राता चुरा भिरी गहना नामक बन्धनमा आफूलाई बन्धक बनाएर पितृसत्ताका परम्परागत भजन गाउँदै छमछमी नाच्न अभ्यस्त छन् । हजारौंको भीडमा ठिङ्ग उभिएर दासत्व ओकल्ने परम्परामाथि विद्रोहको आवाज बुलन्द गर्ने ओठहरू महिलालाई दोस्रो दर्जाको नागरिक र पुरुष-अधीनस्थ वस्तु चित्रित गर्ने भाकाहरू मन्त्रमुग्ध भएर गुनगुनाउन अभ्यस्त छन् । आखिर किन ? किन छोटो थियो, उज्यालोको आयु र मुक्तिको सपना ? किन तुहियो हौसला ? किन बन्यो यात्रा गन्तव्यहीन ? के थियो, प्रतिक्रान्ति या त्यसले निम्त्याएको चेतनाको प्रतिगमन ? हिजो फलाक्ने सांस्कृतिक क्रान्तिको त कुरै छोडौं, अझै धेरै पछि धकेलिएर चेतनामा प्रतिगमन बोक्दै विलोम दिशामा भड्किनु उक्त आन्दोलनको नियति बनेको छ ।

समाजको एउटा अकाट्य नियम हुन्छ, चलायमानता । धाराप्रवाह अर्थात् निरन्तर समयको महत्त्वलाई अनुसरण गर्नु र गतिलाई पछ्याइरहनु । जब एक रफ्तारमा चलिरहेको समयको गतिलाई अवरुद्ध पार्न खोजिन्छ, त्यसपछि कि समाज थुनिएको नालीजस्तै दुर्गन्धित हुन्छ कि त पछाडि फर्किन बाध्य हुन्छ । जब क्रान्तिको प्रक्रिया रोकिन्छ, स्वाभाविक रूपले यथास्थिति निम्तिन्छ र त्यसले प्रतिगमन निम्त्याइरहेको हुन्छ । त्यो प्रतिगमन भौतिक जगत्मा मात्रै नभएर चेतनामा पनि हुन पुग्छ । चेतनाको प्रतिगमन यति डरलाग्दो हुन्छ, समाज, राजनीतिदेखि संस्कृतिसम्म हावी हुन थाल्छ । अन्ततः त्यसले शासक वर्गकै सेवा गर्ने अत्याचारी पुरातन मूल्यमान्यताको अभिन्न अङ्ग भएर संरक्षणसमेत गर्न थाल्छ ।

यो एउटा क्रान्ति विसर्जन भएर लामो अस्थिरतापछि प्रतिक्रान्तिको हुन्डरी जोडतोडले चलिरहेको समय हो, जसले हिजो हासिल भएका धेरथोर सामाजिक-सांस्कृतिक रूपान्तरणकारी उपलब्धिहरूलाई पनि इतिहासकै ठूलो खाडलमा पुरेर परिवर्तनको आशा लिएर बाँचेका लाखौंलाख आशावादी छातीमाथि आघातको मुट्ठी बजार्दै स्वार्थ, महत्त्वाकाङ्क्षा र व्यक्तिगत लाभमा आत्मसन्तुष्टिको भजन गाइरहेको छ । फलतः हिजो केही माथि उठेको चेतना आज पुरानै संस्कृतिको दलदलमा भासिन पुगेको छ ।

### सामन्ती संस्कारभित्र पुँजीवादको संस्करण

सदियौं पुराना मूल्यमान्यता र स्त्रीद्वेषी संस्कृतिभित्र आधुनिकताको आकर्षक च्यादर ओढेर खुसुक्क छिरेको छ, आजको भड्किलो बजारवाद । यसले सामन्तवादका पुरातन अन्धआस्था र विश्वासहरूलाई पुनर्जागृत गर्दै पुँजीवादी संस्करणको शृङ्गारिक प्राण भरिरहेको छ ।

सामन्ती संस्कृतिले महिला दासत्वलाई प्रतिविम्बित गर्थ्यो भने नयाँ संस्करणभित्र गुटमुटिएको आजको पुँजीवादी संस्कृति त्यतिमा मात्रै सीमित छैन । दासत्वका साथसाथै वर्गीय असमानताको खाडललाई अझ गहिरो बनाउँदै निम्न आय भएका गरिखाने मानिसहरूका निम्ति अपमानको लहर बोकेर आएको छ । भारीभरकम कपडा र गरगहनालाई प्रदर्शन र प्रतिस्पर्धाको महत्त्वपूर्ण वस्तु बनाएर समस्त पर्वहरूलाई नै भड्किलो पार्दै आम मानिसहा निम्ति सकसपूर्ण अवस्था निम्त्याइरहेको छ । एकसरो कपडा लगाएर व्रत बसी पूजाआजा गर्दै नाचगान गरेर मनाइने तीज आज सम्भ्रान्त महिलाहरूका निम्ति निजी सम्पत्तिको प्रतिस्पर्धा गर्ने प्रदर्शनी बजार बन्न पुगेको छ । यसले निम्नवर्गीय महिलाका लागि देखासिकी गर्नैपर्ने र सकी-नसकी पनि मनाउनैपर्ने निल्नु न ओकल्नुको सङ्कट पैदा गरेको छ ।

आफूलाई क्रान्तिको अग्रदस्तामा उभ्याएर आम सर्वसाधारणको प्रतिनिधित्व गर्नुपर्ने महिला तप्का नै सदियौंदेखि महिलालाई मनोवैज्ञानिक रूपमै दास बनाउन धार्मिक पितृसत्ताले रचेका यस्ता प्रपञ्चहरूमा फस्दै धर्म र संस्कृतिको नयाँ लेप लगाई आफूलाई स्वचालित गरिरहेको भड्किलो बजारवादमा लिप्त भएर आधुनिक संस्करणको नयाँ दास मनोवृत्ति अँगालिरहेको दृश्य साँच्चिकै हास्यास्पद देखिन्छ । वर्षभरि पितृसत्ताविरुद्ध हुङ्कार गर्नेहरू नै तीजवरपर रातो सारी र महँगा गरगहनाले छपक्कै ढाकिएर पार्टी प्यालेसहरूमा छमछमी नाचिरहेको दृश्य अत्यन्तै कुरूप लाग्छ ।



### तीजको ऐतिहासिकता र त्यसको खण्डन

तीज र ऋषि पञ्चमीलाई महिला विशेष पर्व भनिए पनि यीसँग गाँसिएका मिथक र स्त्रीद्वेषी मान्यताहरूले स्पष्ट गर्छन्, यी पर्वहरू सामन्ती पितृसत्ताले पुरुषलाई मालिक र महिलालाई दास अर्थात् पुरुषलाई पूज्य बनाउन सृजना गरेको सांस्कृतिक षड्यन्त्रको महाजाल थियो । खास गरी हिन्दु समाज हुँदै नेपालको पितृसत्तावादी राज्यले त्यसलाई धर्मसँग जोडेर एउटा धार्मिक अनुष्ठान वा कथित महिला पर्वका रूपमा विकास गरेको पाइन्छ । अशिक्षित र अन्धविश्वासले ग्रस्त मानवचेतनामा सत्ता सधैं धर्म, संस्कृति र संस्कारका माध्यमबाट निरन्तर दास उत्पादन गर्न र दासत्वलाई टिकाइराख्ने षड्यन्त्र बुन्न सफल हुन्छ । किनकि, सुरुआतमा धर्मको जग आस्था नभएर भय थियो, भक्ति नभएर भ्रम थियो । मान्छेको चेतनालाई भय र भ्रममा वशीभूत पारेर कालान्तरमा धर्मले आस्थाको रूप लिँदै खुसीखुसी दासत्व स्वीकार गर्ने परिपाटी निर्माण गरिदिन्छ । सदियौंदेखि परम्परागत संस्कारलाई मुट्ठीभर शासकहरूले बहुसङ्ख्यक उत्पीडित वर्गमाथि निरन्तर आफ्नो शासन विस्तार गर्ने माध्यम बनाइरहे । चिन्तक एन्टेनियो ग्राम्सीको भाषामा यही नै सांस्कृतिक आधिपत्य हो, जुन चतुर शासकहरूले शासितमाथि चलाउने प्रभावशाली र सर्वसम्मत हतियार बनेको छ, निरन्तर दासहरू उत्पादन गर्ने कारखाना बनिरहेको छ । यही सांस्कृतिक हतियारले महिलाहरूलाई पितृसत्तात्मक मूल्यमान्यताको अगाडि हृदयतः नतमस्तक हुने परिस्थिति बनाइरहेको छ ।

महिला विशेष भनिने पर्वमा स्वयम् महिलाले नै निराहार व्रत बसेर पुरुषको पूजा गर्नुपर्ने, खुट्टा धोएर जल खानुपर्ने र श्रीमान्ले दिएका यातना तथा प्रताडनाबारे विरह र बिलौना गाउँदै त्यसमै रमाएर मनोरञ्जन गर्नुपर्ने दृश्यले पितृसत्ताभित्र महिलाको दयनीय अवस्थाको चित्रण गरिरहेको हुन्छ । अझ तीजको अर्को पाटो ऋषि पञ्चमीले त महिनावारीजस्तो प्राकृतिक प्रक्रियालाई पनि अभिशापका रूपमा व्याख्या गर्दै पाप पखाल्ने अनेक विधि सुझाउँछ । समग्रमा यो सिङ्गो महिला अस्तित्वमाथिको सांस्कृतिक हिंसा नै हो ।

**एकै समयमा कोही मार्क्सवादी पनि र धर्मको अनुयायी पनि कसरी हुन सक्छ ?**

महिलालाई पुरुषपूजक बनाएर खुट्टा धोएको पानी खान लगाइने तृतीया र महिनावारीलाई अछुत करार गर्दै महिलामाथि सांस्कृतिक हिंसा थोपर्ने ऋषि पञ्चमीजस्ता मान्यताजडित तीज कसरी र कुन अर्थमा महिला विशेष पर्व कहलिन्छ ? धार्मिक पितृसत्ताले यसलाई आफूअनुकूल प्रयोग गर्न विभिन्न पौराणिक मिथकहरूको सृजना गरे पनि समयसँगै यसले आम जनमानस र महिलाहरूमा केकस्तो असर पारिरहेको छ भन्ने कुरालाई ख्याल गर्दै यस्ता सांस्कृतिक पर्वहरूको युगसापेक्ष पुनर्व्याख्या अत्यावश्यक भएको छ ।

### आन्दोलनभित्रको सांस्कृतिक चेतना

समाजवादी नेत्री रोजा लक्जेम्बर्ग भन्छिन्, 'जबसम्म हिँड्ने प्रयास गरिँदैन तबसम्म बन्धनको महसुस पनि हुँदैन ।' हो, पिँजडामा थुनिएको पन्छीलाई तब मात्र थुनिएको महसुस हुन्छ जब उसले पखेटा फडफडाएर उड्ने प्रयत्न गर्न थाल्छ । ठ्याक्कै त्यसै गरी हिँड्न नखोजिरहेकाहरूले बन्धनको महसुस पनि नगर्न सक्छन् । तर, हिँड्न खोजिरहेका र हिँडिरहेकाहरूलाई पनि आफ्नो सिङ्गो अस्तित्वमाथि नै उपहास गरिरहने स्त्री विशेष भनिने यस्तो परम्परागत दासत्वको बोध नहुनु अत्यन्तै आश्चर्यजनक छ ।

यस्ता सांस्कृतिक पर्वहरूको आडमा महिलामाथि सिलसिलाबद्ध दासत्व थोपर्ने पितृसत्ताको भाष्य बुझ्नु र त्यसविरुद्ध प्रतिरोध थाल्नु पुस्तौंपुस्तादेखि हस्तान्तरित पितृसत्तावादी चेतनामा फनफनी बेरिएर हुर्किएका आम सर्वसाधारण महिलाका निम्ति पक्कै पनि सकसको कुरा बन्ला । तर, जो शिक्षित छन् र अझ पितृसत्ताको मान्यताविपरीत घरको चौघेरा नाघेर सामाजिक र राजनीतिक आन्दोलनमा प्रतिनिधित्व गर्ने ओहोदामा छन्, तिनीहरू नै अग्रपङ्क्तिमा उभिएर यस्ता पर्वहरूलाई ठूलै महोत्सवजसरी स्थापित गरी खुलेर मनोरञ्जन गर्नु र स्वयम् स्त्री अस्तित्वलाई नै अभिशाप करार गर्ने धार्मिक गतिविधिहरूमा नतमस्तक हुँदै सामेल हुनु अत्यन्तै दुःखद कुरा हो । यसले के स्पष्ट पार्छ भने, वर्तमान सामाजिक-राजनीतिक आन्दोलनभित्र पनि पितृसत्तात्मक मान्यता तथा महिलामाथि सांस्कृतिक हिंसा थोपर्ने पर्वहरूप्रतिको दृष्टिकोण अत्यन्तै समस्याग्रस्त छ; पुरातन, परम्परागत र पितृसत्तामैत्री छ जसमा स्वयम् पितृसत्ताविरुद्ध आन्दोलनरत महिलाहरू नै लिप्त छन् । नारीवादी अभियन्ता कमला भासिन त्यस्ता खाले महिलाहरूलाई कटाक्ष गर्छिन्, 'यदि तपाईंहरू साँच्चिकै महिला मुक्ति चाहनुहुन्छ भने गलत परम्पराप्रति विद्रोह गर्दै चुरा, पोते र सिन्दूरजस्ता स्त्रीजनाउ शृङ्गारहरू परित्याग गर्ने हिम्मत गर्नुहोस् ।' विडम्बना, जो आफूलाई पितृसत्ताविरोधी नारीवादी घोषित गर्छन्, उनीहरू नै साउनको हरियो चुरा र रातो मेहन्दीलाई पतिको प्रगाढ प्रेम वा स्त्री सौन्दर्यको प्रतीक देख्छन् । साथै तिनलाई पहिरिनुपर्ने वैज्ञानिक कारणसमेत प्रस्तुत गर्न पछि पर्दैनन् । महादेवको महिमा गाउँदै शिवलिङ्गवरिपरि घुम्नुको पक्षमा हास्यास्पद तर्क गर्ने गर्छन् । तीजजस्तो स्त्रीद्वेषी पर्वलाई नारी मुक्तिको भाष्यसँग जोडेर तर्क गर्न पनि पछि पर्दैनन् । यस्ता तथाकथित नारीवादीहरू लामो दासताबाट आजित भई मुक्ति खोजिरहेका लाखौं महिलालाई दिग्भ्रमित पारेर प्रकारान्तरले पितृसत्ताकै पैरवी गर्ने हानिकारक तत्त्व बनेका छन् ।

दर्शनका दुई हाँगामध्ये प्रत्ययवादको कडा प्रतिवाद गर्दै संसार ज्ञेय छ, जान्न बुझ्न सकिने छ अथवा कुनै अलौकिक या दैवी शक्तिले यो सृष्टि सञ्चालन गरेको होइन भन्दै द्वन्द्वात्मक भौतिकवादलाई मूल सार मान्ने मार्क्सवादका प्रवर्तक कार्ल मार्क्स धर्मले मानिसका निम्ति अफिमको नशाजस्तो काम गरिरहेको छ भन्थे । मार्क्सवादले धर्मलाई उत्पीडित जाति, लिङ्ग, वर्ग र समुदायमाथि उत्पीडक शासकहरूले चलाएको शोषणको हतियार मान्छ, जसले भ्रममा लट्ठ पारेर मान्छेको चेतनालाई बन्दी बनाई सत्ताको दास बनाउँछ । यही दर्शन र सिद्धान्तको खोल ओढेका स्वघोषित मार्क्सवादीहरूले नै अन्धविश्वासमा आधारित परम्परा, धर्म र संस्कृतिलाई निकै स्नेहपूर्वक अँगालो मारिरहेको सत्य पनि हाम्रो अघिल्तिर छ । जबकि मार्क्सवादले निरन्तर सांस्कृतिक/वैचारिक रूपान्तरणको माग गर्छ । एकै समयमा कोही मार्क्सवादी पनि र धर्मको अनुयायी पनि कसरी हुन सक्छ ? कम्युनिस्ट आन्दोलनमा सामेल राजनीतिक चेतनासहितका महिलाहरू सैद्धान्तिक रूपमै यस्तो भुलभुलैयाबाट बाहिर निस्किनु जरुरी छ । द्वन्द्वात्मक भौतिकवादको मूल मर्मसँग एकाकार भई व्यवहारतः त्यसलाई अनुसरण गर्दै बोलीमा भौतिकवाद र व्यवहारमा अध्यात्मवाद नभएर बोली र व्यवहारबीच तादात्म्य मिलाउँदै त्यसमा खरो उत्रिनु आवश्यक छ । आजसम्मका धार्मिक इतिहास, पौराणिक मिथक र साहित्यहरू पुरुषद्वारा लिखित दस्तावेजहरू हुन्, जहाँ महिलाको दोयम अवस्था चित्रित गरिएको छ भन्ने कुरा एक शताब्दीअघि नै नारीवादी लेखक सिमोनले बुझिसकेकी थिइन् भने आज २१ औं शताब्दीका, समाजवादी चेतनासहितका हामी महिलाहरूलाई पितृसत्ता र धर्मको राजनीति बुझ्न केले रोकिराखेको छ ?

देब्रे हातमा चे ग्वेभाराको ट्याटु खोप्ने र दाहिने हातभरि रातै चुरा भिर्ने; एउटा हातले मार्क्सको तस्बिरअघि अबिर अर्पण गर्ने र अर्को हातले शिवलिङ्ग पुज्ने; एकातर्फ पितृसत्ताविरुद्ध हुङ्कार गर्ने र अर्कोतर्फ तीज, ऋषि पञ्चमी, स्वस्थानीजस्ता महिलामाथि सांस्कृतिक हिंसा गर्ने परम्पराहरूलाई स्वीकार गर्ने; एकातर्फ क्रान्तिको भाषण गर्ने र अर्कोतर्फ भारी गरगहना भिरी 'दर' खाँदै वेदना र विरह पोखेर छमछमी नाच्ने विरोधाभासपूर्ण, पाखण्डी र दोगला चरित्रबाट बाहिर निस्किनु अत्यावश्यक छ । अन्यथा क्रान्ति रोमान्टिसिजम र मुक्ति विचारविहीन भुलभुलैयाबाहेक केही हुँदैन । सांस्कृतिक क्रान्तिको गरिमालाई आत्मसात् गरी सैद्धान्तिक रूपमा यो स्पष्ट हुनु आवश्यक छ– पुरातन संस्कार र मूल्यमान्यताहरूलाई यथावत् राखेर मुक्ति सम्भव छैन । धार्मिक पितृसत्ताले निर्माण गरेका शोषणकारी संस्कृति र परम्पराको ध्वंस नगरी पितृसत्ताविरुद्धको लडाइँ जित्न सकिँदैन ।




अमेरिकी र्‍यापर लिजो न्युयोर्कको रकफेलर प्लाजामा सांगीतिक प्रस्तुतिका क्रममा । सन् २०११ बाट सांगीतिक करिअर सुरु गरेकी ५ फिट १० इन्च कदकी ३४ वर्षीया यी गायिकाको तौल १४० किलो छ । मानिसको शारीरिक बनोट हेरेर खिसी गर्नेलाई बेवास्ता गर्दै करिअर बनाउन सञ्चारमाध्यमका कारण आफूलाई सहज भएको उनले अन्तर्वार्तामा बताएकी छन् ।
तस्बिर : इनभिजन/एपी


# 'अग्नि' लाई मदन पुरस्कार

काठमाडौं (कास)- २०७८ सालको मदन पुरस्कार नवराज लम्सालको महाकाव्य 'अग्नि' र जगदम्बाश्री पुरस्कार बनारसबाट प्रकाशित भएको 'उदय' का सम्पादक दुर्गाप्रसाद श्रेष्ठलाई प्रदान गरिने भएको छ । मदन पुरस्कार गुठीको शनिबार बसेको बैठकले लम्सालको कृतिलाई मदन पुरस्कार र श्रेष्ठलाई जगदम्बाश्री पुरस्कार प्रदान गर्ने निर्णय गरेको गुठीका अध्यक्ष कुन्द दीक्षितले बताए । दुवै पुरस्कारमा नगद राशि ४/४ लाख रुपैयाँ र प्रमाणपत्र छ ।

मदन पुरस्कारको श्रेष्ठ सूचीमा आठ पुस्तक परेका थिए । जसमा डा. दामोदर पुडासैनी 'किशोर' को 'ग्रीष्मको नीलो बतास,' बसन्त बस्नेतको 'महाभारा,' दीपा मेवाहाङ राईको 'यादको सन्दुक,' डा. नयनाथ पौडेलको 'लिच्छवि लिपि,' प्रा. नीलमणि ढुंगानाको 'व्युत्पत्तिमूलक संस्कृत-नेपाली शब्दकोश,' सुजित मैनालीको 'सती : इतिहास र मीमांसा' र पद्मसुन्दर जोशीको 'हिति प्रणाली' थिए ।







दुर्गाप्रसाद श्रेष्ठ

मदन पुरस्कार विजेता 'अग्नि' का लेखक लम्सालले पुरस्कारले साहित्य सिर्जनामा थप सक्रिय बन्न प्रेरित गरेको बताए । 'यस्तो प्रतिष्ठित पुरस्कार पाएपछि लेखकका रूपमा खुसी हुनु स्वाभाविक हो,' उनले भने, 'पुरस्कारलाई आफ्नो पुस्तकको सार्वजनिक स्वीकृति र अनुमोदनका रूपमा समेत लिएको छु ।' उनले यसअघिका पुस्तकमा जस्तै 'अग्नि' मा पनि किनारामा पारिएको पात्र र समुदायको कथालाई समेटिएको बताए । लम्सालका हालसम्म आठवटा पुस्तक प्रकाशित छन् ।

# आमाको नाममा ग्यालरी

▌सुशीला तामाङ (काठमाडौं)

काठमाडौंको मखनटोलका सुजनसिद्धि वज्राचार्यको बाल्यकाल सांस्कृतिक सम्पदाको काखैमा बित्यो । सानैदेखि कलाका विभिन्न विधा नियालेका उनी सिर्जनशीलतामा आकर्षित भए । काम गरिरहेका थिए तर व्यावसायिक कलाकारकै रूपमा बाहिर आएका थिएनन् । अब भने ग्यालरी नै खोलेर लागिपरेका छन् । वज्राचार्यले घरमा आमाको नाममा ग्यालरी स्थापना गरेका छन् ।

मखन बहीस्थित सिद्धिचोकमा आमा विशाखा शाक्यको नाममा 'विशाखा ग्यालरी' नाम दिइएको ग्यालरीलाई चित्रकार उदयचरण श्रेष्ठ र उनकै आमाले सामूहिक कला प्रदर्शनीसहित शुभारम्भ गरे । ग्यालरी आफ्नी ६८ वर्षीया आमाका लागि विशेष उपहारका रूपमा रहेको उनले वज्राचार्यले बताए । 'धेरैले आमाबुबा बितेपछि मात्र उहाँहरूको नाममा केही गर्ने गर्छन्,' उनले भने, 'मेरी आमा हुँदै मैले उहाँको खुसीका लागि घरमा ग्यालरी बनाएँ ।'

ग्यालरीमा यतिबेला विशेष प्रदर्शनी छ । वज्राचार्य परिवारको संग्रहमा रहेका स्व. मणिकमान चित्रकारका पुराना चित्रकलासहित एरिना ताम्राकार,



कलाकार सुजनसिद्धि र आमा विशाखा

आशा डंगोल, सपना पौडेल, विभुविक्रम पन्तलगायतका चित्रकारहरूका कलाकृतिहरू प्रदर्शनमा छन् । प्रदर्शनीमा ढुंगेधारा, देवदेवीका मूर्ति झल्काउने वज्राचार्यले बनाएका चित्रहरूसमेत अवलोकन गर्न सकिन्छ । दुई दर्जनभन्दा बढी कलाकृतिमा प्रकृति, धर्म, सम्पदा, संस्कृति तथा समाजलाई प्रतिविम्बित गरिएका छन् ।

मणिकमान चित्रकारका कलाकृतिहरू नै प्रदर्शनीमा विशेष रहेको वज्राचार्यले सुनाए । प्रदर्शनीमा चित्रकारका चारवटा कलाकृतिहरू समावेश गरिएका छन् । जुन चित्रहरूमा तीनताकको समकालीन समाजको झलक देखिन्छ । २०२३ सालमा बनेको एक चित्रमा मानिसको गर्भावस्था, जन्मदेखि मृत्यु प्रक्रियासम्म देख्न सकिन्छ । बाल्यकालदेखि वृद्धावस्थासम्मको शारीरिक तथा विभिन्न मानसिक अवस्था चित्रण गरिएका छन् । यसमा चित्र निर्माताको नाम योगसिद्धि : मखंबही भनी लेखिएको छ भने कलाकारको नाम मणिकमान उल्लेख गरिएको छ । त्यतिबेला मानिसले जीवन, मरण र समाज चित्रमार्फत नै बुझ्न आफ्नो बुबाको हजुरबुबाले चित्रकार मणिकमानलाई कलाकृति तयार गर्न लगाएको हुन सक्ने वज्राचार्यको ठम्याइ छ । धर्म, प्रकृति, मानव र जीवजन्तुहरूसहितको मणिकमानकै अर्को चित्रले पृथ्वीमा एक-अर्काप्रति निर्भरताको संकेत गर्दछ ।

यिनै कलाकृतिहरूले आफू ग्यालरी स्थापनासम्मको सोचमा पुगेको वज्राचार्यले सुनाए । उनले भने, 'मेरो जिजुबुबाको कलेक्सनमा रहेका चित्रहरू मैले सानैदेखि हेर्दै आएँ । पछि यसलाई संरक्षण गरेर राख्नुपर्छ भन्ने कुरा दिमागमा आयो र ग्यालरी खोलेर प्रदर्शनीमा राख्छु भन्ने आँट गरेर यहाँसम्म ल्याइयो ।'

# क्यानभासमा शिव पुराण

काठमाडौं (कास)- हिन्दु धर्मावलम्बीमाझ शिव महिमा र चरित्र चित्रण गरिएको शिव पुराणले विशिष्ट महत्त्व राख्छ । यही पुराणको धर्म, मोक्ष, ज्ञान, जप, तपस्या तथा उपवासलाई आधार मान्दै शिवको महिमालाई चित्रण गर्न चित्रकार सुरेशकुमार द्यःलाले २० वर्षको समय लगाएका छन् ।

यति लामो समय लगाएर उनले बनाएका शिव महिमा चित्रित दुई दर्जन कलाकृतिहरू यतिबेला बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा प्रदर्शनमा छन् । उनले शिव महिमालाई अक्षरमा समेत उतारेका छन् । आर्ट काउन्सिलमा आयोजित चित्र प्रदर्शनीसँगै त्यसलाई बुझाउने पुस्तक पनि सार्वजनिक गरिएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीवनराम श्रेष्ठले 'सत्यम् शिवम् सुन्दरम्' शीर्षकको चित्रकला प्रदर्शनी शुभारम्भ र पुस्तक लोकार्पण गरेका हुन् ।

पुस्तक र आफूले कोरेका चित्रहरूलाई द्यःला ध्यानबाट सिर्जित सिर्जनाका रूपमा व्याख्या गर्छन् । '२० वर्षसम्म मैले शिव पुराण र त्यसका विभिन्न पक्षहरूबारे अध्ययन गर्दै चित्रमा उतार्दै त्यसलाई लेख्न पनि थालें,' उनले भने, 'यो अवधि त मेरा लागि ध्यान गरे जस्तै भयो ।' शिवसँग जोडिएका अनेक प्रसंगलाई उनले रंग, पात्र र संयोजनमा फेरि कलाकृतिमा उतार्ने जमर्को गरेका छन् । २०५८ मा उनले चारकोलको माध्यममा ३५ वटा विशुद्ध नेपाली मुहारचित्र 'मिरर अफ नेप्लिज पिपुल' शीर्षकमा पहिलो एकल प्रदर्शनी गरेका थिए । दुई वर्षपछि २०६० मा उनले चारकोलकै माध्यममा 'हाम्रा कवि र साहित्यकार' शीर्षकमा दोस्रो एकल प्रदर्शनी गरे । यसबाट उनले चित्रकवि उपनामसमेत पाए । हाल भइरहेको उनको तेस्रो एकल प्रदर्शनी हो । प्रदर्शनी भदौ १७ सम्म चल्नेछ ।



# 'आग्रे' ले पायो जर्जियामा अवार्ड



काठमाडौं (कास)- अनिल बुढामगरको डकुमेन्ट्री फिल्म 'आग्रे' ले जर्जियामा सम्पन्न मेस्टिया इन्टरनेसनल सर्ट एन्ड माउन्टेन फिल्म फेस्टिभलको डकुमेन्ट्रीतर्फ उत्कृष्ट उपाधि जितेको छ ।

धेरै वर्षसम्म फलामखानीमा काम गरेका रोल्पाली वृद्धको संघर्षको कथामा बनाइएको उक्त फिल्म अहिलेसम्म १५ देशका फिल्म महोत्सवमा देखाइएको छ । ४ वटा अवार्ड जितिसकेको छ । यस पटक जर्जियामा भएको फेस्टिभलमा नेपालसहित मेक्सिको, जर्जिया, नेदरल्यान्ड, स्लोभाकियालगायतका फिल्मले विभिन्न विधामा अवार्ड जितेका छन् । नेपालबाट भने बुढामगरको फिल्म मात्रै प्रदर्शनमा पुगेको थियो । यद्यपि नेपालको धौलागिरि हिमालबारे स्लोभाकियाका फिल्मकर्मीले बनाएको माउन्टेन फिचर फिल्मतर्फ उत्कृष्टको अवार्ड जितेको छ । फिल्मकर्मी बुढामगरको पहिलो डकुमेन्ट्री 'लोम्बा' ले पनि यसअघि विभिन्न अवार्ड जितेको थियो । जर्जियामा पुरस्कृत डकुमेन्ट्री 'आग्रे' उनको दोस्रो डकुमेन्ट्री फिल्म हो । जर्जियाको फिल्म फेस्टिभलमा 'आग्रे' ले उत्कृष्ट सिनेमाटोग्राफीको उपाधि पनि जितेको छ ।


## वर्गीकृत विज्ञापन

### घर जग्गा

बुढानिलकण्ठ चपली भद्रकालीमा ०-८-१-३ जग्गा बिक्रिमा ९८०११२२४०४

गोदावरी टौखेल नजिक ०-४-२-० टुक्राजग्गाहरू ९८४०४८०४८५

चावहिलमा व्यावसाय र भाडामा दिनमिल्ने घरविक्रीमा 9841085428

बानेश्वरमा सानोठूलो टुक्रा जग्गाहरू बिक्रीमा 9851121001

बुढानिलकण्ठ पार्क/भिलेज होटलबाट पूर्वतिर १०फिटेबाटोमा ९आना जग्गाबिक्रीमा 9851087273

दहचोकमा प्रतिआना १२.५०-लाखको घडेरी बिक्रीमा, 9851160228, 9861175400

उपत्यकामा ४५,००,०००/- घडेरीहरू लगानीकर्तालेमात्र, 9851235081

गोल्फुटारचोकनिर हेपालीमा 0-5-0-0 घरबिक्रिमा 9841011316

**नारायणथान एरियामा आधुनिक नयांबङगला, फ्ल्याटसिस्टमका घरहरू तुरुन्तैबिक्रिमा 9851036108**

कपन, सुकेधारा, बुढानिलकण्ठ घरजग्गा, खरीदबिक्री, 9841345005

ललितपुरको जुनसुकै एरियामा घरजग्गाहरू खरिदबिक्रिकोलागी 9849188782

लामाटारमा ३-१-०-० जग्गाबिक्रीमा ९८४१२७६८४६, ९८५१०७२८२८

बौद्धमा भाडाआउने ५०,०००/-, २.५-तल्ला ८५,००,०००/-,फिक्स, 9841244541

भैसेपाटी मगरगाउँमा ७.५ आना जग्गाबिक्रीमा सम्पर्क: ९८१४८८४७५३

अख्तियार नजिक ०-७-०-० माबनेकोघर आनाको १,३०,००,०००/- 9841313321, 9841589354

सामाखुशीमा जग्गा ५आना, बसुन्धारामा ४आना, बाँसबारीमा ११आना, 9841856924, 9851339923

गौरिघाटमा पांचआना जग्गा विक्रीमा 9841601900

थानकोट चन्द्रागिरी जानेबाटोमा र सुरुङ्गमार्ग आयलनिगमको तल १६ फिट बाटोभएको प्लानिङ्गको टुक्रा घडेरीहरू बिक्रिमा 9851335460, 9885148010

सातदोबाटो स्विमिंग पुलबाट ४००-मि.तल २.५-तल्लेघर बिक्रीमा मुल्य:-२करोड ६०लाख, 9841751440

शान्तिनगरमा ०-३-०-०, ०-२-२-० जग्गा, 9843670264

घर सस्तो न्यु नारानथान सिद्धार्थकोलोनी २१आनामा बनेको बिक्रीमा ९८२८७५१२८८, ९८५१११२८७८, ९८५१३३५८६८

१५ रोपनी धादिङ्ग थलीपरेको हिमालहरू देखिने पानिबाटो बत्तिकोसुविधा 9843403175

MillsBerry School नजिकै ७आनामा बनेको वंगलाविक्रीमा 9851195052

भक्तपुर नलिन्चोकमा ०-५-०-० बिक्रीमा ९८५११४५६२३

बुढानिलकण्ठमा ०-४-०-० जग्गा बिक्रीमा, 9851313936

नयांबानेश्वर संगमचोकमा ०-५-०-०प्रतिआना १,२०,००,०००/- ९८५१०२४६७८

### सवारी साधन

६-चक्के, १०-चक्के टिपर, मिनी ट्रक, बस फाईनान्स सुविधासहित उपलब्ध छ। ९८०२३११५४८, ९८०२३११५७९, ९८०२३३४१९६

### सम्पर्क

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

ठूला कम्पनीकोलागि धितो चाहिएमा ९८५१२५५२७७

ढुंगा बालुवा खानी उद्योगमा पार्टनर चाहियो ९८५१००९१७३

सस्तोमा धितोफुकुवा Cash deposit 9851277564

बिदेशजान CASH DEPOSITE धितोफुकुवा, 9848933430

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851227495

Bank Deposite को लागी 9851334104

Cash Deposit Without Collateral, 9841756349

वैंकऋण आवश्यकता अनुसार धितोपनी ९८२३०४५८४५

झापा दमकबाट ८कि.मी. दक्षिणमा संचालन भइरहेको कक्षा-९सम्म अनुमति प्राप्तभएको हाल कक्षा-५सम्म संचालन भइरहेको स्कूललाई प्रिन्सिपल/एक्टीभ पार्टनर चाहियो सम्पर्क: ९८६०३२७४७०, ९८०८१५३७५१

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851336230

जग्गामा, सामुहिक व्यवसायमा तुऋण 9851340755

विदेशजान Cashdeposit धितोफुकुवा लोनलिन 9745352410

घरजग्गा धितोमा तुरुन्तै कर्जा, 9808651181

### विविध विक्रीमा

डेरीउद्योग विक्रीमा मूल्य ७(सात) करोड सम्पर्क 9823786729

Pharmacy, Lab, Dental बिक्रिमा 9812759373

गौशालामा चलिरहेको फेन्सी पसल बिक्रीमा, 9841520631

पुतलीसडकमा चलिरहेको क्यान्टिन अर्जेन्ट बिक्रीमा पानी भाडा फ्रि बस्नको लागि दुईरुम भएको, 9827686211

लगनखेल होटल तुरुन्त बिक्रीमा, 9851315101

पानीपोखरीमा चलीरहेको क्याफे बिक्रीमा 9840602176, 9810224882

### निर्माण सफाई

ढलमंगाल, ट्वाईलेट जामखोल्ने सेफ्टीट्याङकी 9840540700

ढलमंगाल जामखोल्ने सस्तोमा 9851168926, 9844531660

सस्तोमा ढलमंगाल जामखोल्ने 9851109635, 9840225522

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841072969

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9851096233

ढलमंगाल बनाउने जामखोल्ने सेफ्टिटैंकी मेशिनबाट 9841448770 होमप्रसाद

सेफ्टीटैंकी सफाई गाडिमा १५००।- 9843768737

सेफ्टीटैंकी सफाई ठुलोगाडिमा मेशिनबाट 015251092, 9851024364

सेफ्टीट्याङ्की सफाई ९८४१२१२२४४, ९८४१४८८१३२, ०१५१८२४०१

ढलमंगाल जामखोल्ने सस्तोमा 9851183072, 9849759072

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाइलेट जामखोल्ने, मंगालसफाई मर्मतनिर्माणपनि, 9841464543

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

### भाडामा

ललितपुरमा छिट्टै घरफ्ल्याट लिनदिन 9841358684

तुरुन्त भाडा लिनदिन परेमा, 9741469222

तुरुन्तै घरजग्गा भाडामा लिनदिनपरेमा ९८५१३३४७९४

हात्तीबनमा पार्किङसहितको आधुनिक फ्ल्याटहरू भाडामा, ९८४१२ ९८८३१, ९८६०१४७७५३

वित्तिय संस्थाहरूका लागि अति उपयुक्त जमल काठमाडौं स्थित चेम्बर भवनको दोस्रो तल्ला १८२० स्क्वाएर फिटको फ्ल्याट खाली सम्पर्क: 01-5330941/ 47

काठमाडौंमा घर/फ्ल्याट भाडामा लिनुदिनुपरेमा 9846578599

जावलाखेल चोकमा अफिसको लागि फ्ल्याट 9841436533

### चाहियो

कर्मचारी अर्जेन्ट 18,500/- खाजा,गाडीभाडा चक्रपथ 9851228468, 9823865516

प्रिण्टिङ्ग प्रेसकोलागि कटिङ्ग म्यान ९८१३६३१७१९

गोंगबु अफिसलाई कर्मचारी 17,500/- 9849365964, 9823252176

सेक्युरिटीगार्डहरू अर्जेन्ट २०,०००-२२,००० 015911358, 9810116654

भक्तपुरको पोल्ट्रीफार्ममा कामदार चाहियो दम्पतीलाई प्राथमिकता 9851169728

Software Support Executive, +2appeared (Mgmt), Salary:10,000+, Contact: 9849135435, 9813330475

अनुभवी कुक २ पुतलीसडक ४५१७९५८

बल्खुवाकोमा पढेनपढेका स्टाफअर्जेन्ट 27500/- महिलापुरुष दुवैलाई 015540046, 9803887401

भक्तपुर सल्लाघारीको कस्मिक सहकारीलाई केहीबजार प्रतिनिधिहरू चाहियो ९८५१०८४९६५, ९८४९७४०११६

पाटनको स्कुललाई कामगर्ने दिदि मन्टेश्वरी टिचर, 9840003417

शिक्षक आवश्यकता सामाजिक अध्ययन तथा अतिरिक्तगणित-१, योग्यता-स्नातक वा-सोसरह 9841208422, 9845368663

आफ्नै ठाउँबाट मार्केटिङ्ग गर्नसक्ने चाहियो रु.४०,०००/- ९८६६९७६८४९

सुटिङ्गरत टेलिसिरियलमा कलाकारहरू ईमरजेन्सी नजान्नेलाईनि प्राथमिकता ९८०३१९०१८८

म:म मिस्त्री-२, कुक-२, म:म हेल्पर-२, वेटर-१० ९८५१२०९६९५

कालिकोट अस्पतालकोलागि Pharmacist फार्मेसिष्टचाहियो 9858025007

सहकारीमा अनुभवी कर्मचारी २५,०००/- 9851076809

GDS चलाउने ४ जना कर्मचारी चाहियो, dianatrv7@gmail.com, सम्पर्क- 9841572036(कम्प्यूटरमा राम्रो ज्ञान भएको)

होस्टलको लागि कुक 9851214169, 9843154169

क्यान्टिनको लागी कुक, हेल्पर ९८०३६५८८५९

जुनसुकै किसिमको रोजगारी/कर्मचारी ९८१८१५०३९६

चाइनिज कुक चाहियो ९८४९४८०३०८ बौद्ध

लेडिज स्पाथेरापिष्ट चाहियो बौद्ध ०१४५६८९४१, ९८०३०४५०१८

Web-developer cum Social-media marketing, Sinamangal 9841208255

Senior Marketing Officer, Sinamangal 9841208255

इन्डिया मोतिहारीकोलागि बडिगार्डहरू तुआवश्यकता खानबस्न २५,०००माथि, 9808323444

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 18,000/- 9823280255

होटलको लागि कुक चाहियो 9867295339

हिमाल दर्शन मावि सोलुखुम्बुमा कक्षा ११/१२ लाई १ जना chemistry शिक्षक चाहियो ९८०३८२६१३०, ९८६२८०९६२८, ९८१९९०२९१३

होस्टलकोलागि अनुभवी महिलाकुक चाहियो 9849725981

भारतको कलकता, बम्बई, गुजरातको प्रतिष्ठित सरकारी कम्पनीभित्र, औद्योगिक क्षेत्रभित्र डयुटिगर्ने सेक्युरिटीगार्डहरू अर्जेन्ट, भू.पू.-40,000/-, सिभिल -29,000/-, सम्पर्क:-014916689, 9848731351

Marketing Representatives Newbaneshwor 9863848771, 015911637

स्कुटर अथवा बाइकमा कपडाहरू डेलिभरीगर्ने व्यक्तिले सम्पर्क: ९८०८८९८८८६

मैतीदेवीमा लेडिज स्टाफ चाहियो ९८०८८९८८८६

### मर्मत

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9851061331, 9851161163

मेसिनबाट सेफ्टीट्यांकी ढलमंगाल जामखोल्ने 9851056662

ढलट्वाइलेट मंगाल जामखोल्ने दक्षकामदारले 9841663344

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाईलेट मंगाल जामखोल्ने ९८४१८८१९०१, ९८४१२५६०५०

ढलट्वाइलेट सेफ्टीट्याङ्की मंगाल जामखोल्ने 9841505513

### भर्ना

प्राईभेट SEE,+2, Bachelor ग्यारेन्टी पास, 9860579477, 9808317517, किताब नि:शुल्क

Private SEE, +2, BA, MA 9841206019

### तालिम

डोजर, एस्काभेटर अपरेटर तालिम: 9851122136

### उपचार

यौनशक्ति Extratime साईजबढाउने HerbalSuppliment ९८५११४७८१०

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० |
| जिरो मिडिया | अनामनगर | ५७०५६९५ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१५५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| भिजन एडभरटाइजिङ्ग | कलंकी | ४०३२०४२, ९८५१०९६०४४ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| अंकुर मिडिया हाउस प्रा.लि. | गठ्ठाघर | ६६३३५५८, ९८५११५२०५६ |
| सेभेन24 प्रा.लि. | जावलाखेल, लपु | ५५३५९२४, ५५४७७९७ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

वर्गीकृत डिस्प्ले — श्याम/श्वेत रू. ३०००/- | स्पट कलर रू. ३५००/- | मल्टी कलर रू. ५०००/-

वर्गीकृत विज्ञापन — साधारण प्रति शब्द रू. ४५/- | बोल्ड प्रति शब्द रू. १००/-

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktclassified@kmg.com.np

* म.अ.क. बाहेक

**विदेशी मुद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १२८.०९ |
| युरो | १२७.२७ |
| पाउन्ड स्टर्लिङ | १५१.६३ |
| अस्ट्रेलियन डलर | ८९.४३ |
| कतारी रियाल | ३४.९७ |

नेपाल राष्ट्र बैंकका आधारमा

सुन रु ९५,८००

चाँदी रु १,१७५

# घटिरह्यो अलैंचीको मूल्य

- प्रतिमन १ लाख २० हजार रुपैयाँसम्ममा बिक्री भएको अलैंची २५ हजार रुपैयाँमा पाइन थालेको छ
- किसानले खोज्न थाले विकल्प, घरेलु बजारमा खपत बढाउन 'वाह अलैंची अभियान' सुरु

**सीमा तामाङ** (काठमाडौं)



ताप्लेजुङको मेरिङदेन गाउँपालिकाका महिला अलैंचीको दाना टिप्दै । तस्बिर : आनन्द/कान्तिपुर

कुनै बेला प्रतिमन (४० किलो) १ लाख २० हजार रुपैयाँसम्म पुगेको अलैंचीको मूल्य अहिले २५/३० हजार रुपैयाँमा सीमित छ । झन्डै ९ वर्षदेखि अलैंचीको मूल्य घटिरहेको किसान बताउँछन् । मूल्य निरन्तर घट्दै जाँदा अलैंची किसानले वैकल्पिक व्यवसायसमेत रोज्न थालिसकेका छन् । इलामस्थित रोङ गाउँपालिका सलकपुरका किसान याम अधिकारीले अलैंचीको मूल्य घट्दै जाँदा किसान कफी खेतीतर्फ आकर्षित भएको बताए । 'अलैंची खेतीमा मिहिनेत धेरै लाग्छ, सिँचाइ चाहिन्छ, तर बजार मूल्य छैन,' उनले भने, 'त्यसैले बिस्तारै कफी खेतीतिर लाग्नेहरू बढेका छन् ।'

कफीलाई वर्षमा एक पटक झार गोडेर मल दिए पुग्ने र अलैंचीमा पानी, मलजलसँगै निकालिसकेपछि दाना छुट्याउने, सुकाउने, ग्रेडिङ गर्नुपर्नेलगायत झन्झट रहेको उनको भनाइ छ । अधिकारीले ०६२/६३ सालदेखि अलैंची उत्पादन गर्न थालेका हुन् । झन्डै १० रोपनीमा रोपेको अलैंची सिँचाइ अभावका कारण बर्सेनि घट्दै गएको अधिकारीले सुनाए । 'पहिला त्यही ठाउँबाट ६ देखि ७ मन अलैंची उत्पादन हुन्थ्यो, यसपालि एक मन पनि मुस्किल छ,' उनले भने, 'सिँचाइको पर्याप्त सुविधा छैन, त्यसैले अलैंचीका बोट मासिँदै गएका छन् ।'

हिजोआज सलकपुरका किसान अलैंची टिप्न व्यस्त छन् । समग्रमा सलकपुरमा अलैंची उत्पादन बढे पनि बजार मूल्य घट्दा किसान चिन्तित रहेको समेत अधिकारीले बताए । सिँचाइ सुविधा भएको खण्डमा प्रशस्त उत्पादन गर्न सके प्रतिमन ३० हजार रुपैयाँमा बेच्दासमेत घाटा नहुने उनको भनाइ छ । अधिकारी आफैंले पनि अहिले अलैंचीको विकल्पमा विभिन्न जातका केरा र कफी खेती गर्न थालेका छन् । नेपालबाट प्रत्यक्ष रूपमा बगंलादेश, साउदी, कतारलगायत देशहरूमा अलैंची निर्यात गर्न नसक्दा बजार मूल्य घटेको किसानको साझा बुझाइ छ । भारत हुँदै विभिन्न देशमा अलैंची निर्यात हुने हुँदा अलैंचीको मूल्य भारत बजारमा निर्भर हुनुपरेको समेत उनीहरू बताउँछन् ।

ताप्लेजुङका बाल्मणी बराल ०३९ सालदेखि अलैंची खेती गर्दै आएका छन् । उनी नेपाल अलैंची व्यवसायी महासंघका केन्द्रीय सदस्यसमेत हुन् । ०३९/४० सालतिर प्रतिमन १४ सय रुपैयाँ रहेकामा बिस्तारै मूल्य बढेर ०७१ सालतिर प्रतिमन १ लाख २० हजार रुपैयाँ पुगेको उनको अनुभव छ । त्यसको केही वर्ष राम्रै मूल्य पाए पनि त्यसपछि निरन्तर घट्दै गएको उनले सुनाए । बरालले सय रोपनी जग्गामा अलैंची उत्पादन गरिरहेका छन् । उनी किसानसँगै व्यवसायी पनि हुन् । ताप्लेजुङका ६० वटा वडामा अलैंची उत्पादन हुन्छ, जसबाट बर्सेनि ५ देखि ६ अर्ब रुपैयाँ जिल्लामा भित्रने गरेको समेत उनले बताए । प्रतिमन १ लाख रुपैयाँ हुँदा झन्डै १२ अर्ब रुपैयाँसम्म जिल्ला भित्रिएको उनको बुझाइ छ ।

गत वर्ष प्रतिमन ५० हजार रुपैयाँ रहेको अलैंचीको मूल्य यस वर्ष ३० हजार छ । 'कालो सुन'का रूपमा परिचित अलैंचीलाई राज्यले संरक्षण गर्न नसक्दा बर्सेनि किसान मर्कामा परिरहेको बरालको भनाइ छ । 'नेपालबाट बंगलादेश निर्यात गर्दा ३८ प्रतिशत भन्सार दर तिर्नुपर्छ, यद्यपि भारतबाट भुटान हुँदै बगंलादेश पुग्दा त्यति महँगो पर्दैन,' उनले भने, 'सरकारले बंगलादेशलगायत अन्य मुलुकसँग कुरा गरेर सिधै जाने व्यवस्था गर्न सक्नुपर्थ्यो ।' नेपालको आफ्नै लेबलिङ नहुँदा भारतीय बजारले कम गुणस्तरको अलैंची नेपालको नाम र उच्च गुणस्तरको अलैंची आफ्नो नाममा निर्यात गर्ने गरेको उनको दाबी छ । अलैंचीको जात र लेकबेंसीअनुसार साउनदेखि पुसको पहिलो सातासम्म अलैंची निकालेर छोडाउने र सुकाउने काममा किसान व्यस्त रहन्छन् । कृषि मन्त्रालयको कृषि तथ्यांक (०७७/७८) अनुसार देशभर १५ हजार ६६८ हेक्टर जग्गामा अलैंची खेती हुन्छ, जसबाट ८ हजार २८९ टन अलैंची उत्पादन हुन्छ । अलैंची पूर्वी पहाडी जिल्लाका किसानको मुख्य आम्दानीको स्रोत हो । तर नेपाली अलैंचीको प्रयोग घरेलु बजारमा बढेको छैन । देशका ४३ जिल्लामा अलैंची उत्पादन हुन थालेको महासंघले जनाएको छ । अन्य मुलुकमा निर्यात हुने गरे पनि अलैंचीका नेपाली बजार सुकमेलले प्रतिस्थापन गरिरहेको भन्दै नेपाल अलैंची व्यवसायी महासंघले घरेलु बजारमा खपत बढाउन 'वाह १ अलैंची' अभियानसमेत सुरु गरिसकेको छ । महासंघले कृषि मन्त्रालय, प्रदेश १ र स्विस सरकार विकास सहयोग (एसडीसी) को सहयोग र होटल एसोसिएसन अफ नेपालसँगको सहकार्यमा 'वाह १ अलैंची' अभियान सुरु गरेको जनाएको छ ।

बाँकी पृष्ठ १०

# सरकारको ऋण २० खर्ब ११ अर्ब नाघ्यो

**कान्तिपुर संवाददाता** (काठमाडौं)

सरकारले तिर्न बाँकी सार्वजनिक ऋण २० खर्ब ११ अर्ब ५८ करोड रुपैयाँ बराबर पुगेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको गत आर्थिक वर्ष ०७८/७९ को तथ्यांकमा आधारित 'देशको वर्तमान आर्थिक तथा वित्तीय अवस्था' प्रतिवेदनअनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा सार्वजनिक ऋण २ खर्ब ७७ अर्ब ११ करोड रुपैयाँले बढेको हो । आर्थिक वर्ष ०७७/७८ को अन्त्यसम्ममा नेपालले तिर्न बाँकी ऋण १७ खर्ब ३४ अर्ब ४७ करोड रुपैयाँ बराबर थियो ।

०७९ असार मसान्तसम्म यस्तो ऋण २० खर्ब ११ अर्ब नाघेको हो । नेपालले हाल तिर्न बाँकी कुल ऋणमध्ये वैदेशिक ऋण १० खर्ब २७ अर्ब ३० करोड रुपैयाँ र आन्तरिक ऋण ९ खर्ब ८४ अर्ब २८ करोड रुपैयाँ बराबर छ । सार्वजनिक ऋणको अंक बढ्दै गए पनि सरकारले घाटा बजेट ल्याउने र ऋण उठाएर स्रोत देखाउने प्रवृत्ति कायमै छ । आगामी आर्थिक वर्षमा सरकारले ४ खर्ब ९८ अर्ब २६ रुपैयाँ बराबर ऋण उठाउने बजेटमा उल्लेख गरेको छ, जसमध्ये आन्तरिक ऋणबाट २ खर्ब ५६ अर्ब र वैदेशिक ऋणबाट २ खर्ब ४२ अर्ब २६ रुपैयाँ बराबर रहनेछ ।

गत आर्थिक वर्ष ०७८/७९ मा सरकारले २ खर्ब ३१ अर्ब ३० करोड रुपैयाँ आन्तरिक ऋण परिचालन गरेको देखिन्छ । सोही अवधिमा ४७ अर्ब ३३ करोड रुपैयाँ साँवा भुक्तानी गरेको छ । अर्थात् गत आर्थिक वर्षमा सरकारले १ खर्ब ८३ अर्ब ९७ करोड रुपैयाँ बराबर खुद आन्तरिक ऋण परिचालन गरेको हो । यो रकम कुल गार्हस्थ्य उत्पादनको ३.८ प्रतिशत हुन आउँछ । सरकारले गत वर्ष लिएको बाह्य ऋण १ खर्ब २२ अर्ब २ करोड रुपैयाँ बराबर छ ।

राष्ट्र बैंकको तथ्यांकअनुसार नेपालको कुल गार्हस्थ्य उत्पादनसँग सार्वजनिक ऋणको अनुपात ४१.५ प्रतिशत बराबर पुगेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ४०.६ प्रतिशत थियो । नेपालको सार्वजनिक ऋण पछिल्लो ५ वर्षमा दोब्बर र ९ वर्षमा ४ गुणाले बढेको देखिन्छ । आर्थिक वर्ष ०७०/७१ मा नेपालले तिर्न बाँकी ऋण ५ खर्ब रुपैयाँ बराबर थियो । आर्थिक वर्ष ०७४/७५ मा ९ खर्ब १७ अर्ब रुपैयाँ बराबर थियो ।

नेपालले अमेरिकी डलर, युरो, चिनियाँ युआन, जापानी येन र पाउन्ड स्टर्लिङमा ऋण लिने गरेको छ । यस्तो ऋण विदेशी मुद्रामा नै तिर्नुपर्छ । अमेरिकी डलरलगायत विदेशी मुद्रासँग नेपाली मुद्रा निरन्तर अवमूल्यन हुँदै गएकाले ऋण तिर्दा नेपाललाई अतिरिक्त भार थपिँदै गएको छ । विनिमय दरमा देखिएको उतार-चढावका कारण मात्रै गत आर्थिक वर्ष ०७८/७९ को चैत मसान्तसम्ममा नेपाललाई १९ अर्ब ३७ करोड रुपैयाँ बराबर अतिरिक्त दायित्व थपिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको प्रतिवेदनमा उल्लेख छ ।

नेपालले लिएको ऋणको प्रभावकारितामाथि बारम्बार प्रश्न उठ्ने



- गतवर्ष मात्रै थपियो २ खर्ब ७७ अर्ब ११ करोड ऋण
- सार्वजनिक ऋणको अंक बढ्दै गए पनि सरकारले घाटा बजेट ल्याउने र ऋण उठाएर स्रोत देखाउने प्रवृत्ति कायमै

गरेका छन् । अनावश्यक प्रशासनिक र चालु खर्चका लागि समेत ऋण लिनु उपयुक्त नहुने भन्दै सरकारको आलोचना हुने गरेको छ । यद्यपि सरकारले चालु आर्थिक वर्षको बजेटमा सार्वजनिक ऋणलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने उल्लेख गरेको छ । 'सार्वजनिक ऋणलाई उच्च प्रतिफल प्राप्त हुने आयोजना एवं राष्ट्रिय पुँजी निर्माणका क्षेत्रमा परिचालन गरिनेछ,' बजेट वक्तव्यमा भनिएको छ, 'आन्तरिक ऋण परिचालन गर्दा वैदेशिक रोजगारीमा गएका नागरिक गैरआवासीय नेपालीलाई लक्ष्य गरी ऋणपत्र जारी गरिनेछ ।' बजेटले 'मध्यमकालीन ऋण व्यवस्थापन रणनीति- ०७८-८१' का आधारमा वार्षिक ऋण योजना बनाई कार्यान्वयन गरिनेसमेत उल्लेख गरेको छ ।

# असमको असर नेपाली उत्पादनमा

**आनन्द गौतम** (ताप्लेजुङ)

फुङलिङ नगरपालिका-९ हाङदेवा निवासी सञ्चपाल मादेन यति बेला अलैंची बगानमा व्यस्त छन् । यो वर्ष १७ देखि २० मन अलैंची उत्पादन गर्ने लक्ष्य राखेका उनलाई भने घट्दो मुल्यले चिन्तित बनाएको छ । फुङलिङ नगरपालिका-१ को तीनधारे र मूलपानी जोरखोलाको आफ्नै जग्गा र हाङदेवा पहिरो छेउ बागेनीको बाँझो जग्गा १५ वर्षका लागि भाडामा लिएर अलैंचीको बगान लगाएर उनले खेती गर्दै छन् । १९ मन अलैंची फलाएका मादेनलाई सदरमुकामका राजमणि मिश्रले प्रतिमन (४० किलो) १ लाखका दरले मूल्य दिने प्रस्ताव गरेका थिए । अघिल्लो वर्ष प्रतिमन ८० हजारका दरले मुल्य लिएका उनले अझै बढ्न सक्ने अपेक्षामा बिक्री गरेनन् । त्यही अलैंची दुई वर्ष पर्खिएर २५ हजार प्रतिमनले बिक्री गर्नुपर्‍यो ।

त्यही पनि हतोत्साही नभई खेतीमा लागेका उनलाई अब चाहिँ अलैंची बगान रुँगेर खान पुग्छ कि पुग्दैन भन्ने चिन्ता लाग्न थालेको छ । विगतमा उत्पादन हुने समयमा मूल्य बढ्ने र बिस्तारै घट्दै जाने भए पनि अहिले उत्पादनकै समयमा राम्रो मूल्य छैन । अहिले प्रतिमन २८ हजार रुपैयाँ रहेको सदरमुकाम फुङलिङका अलैंची व्यवसायी भद्र रेग्मीले जनाए । यो प्रतिकिलो सात सय रुपैयाँ मात्रै हो । गत वर्ष नेपालबाटै सबैभन्दा बढी निर्यात गर्नेमध्येको झापा बिर्तामोडको ओम पाथीभरा स्टोरका ओम बिमलीले भारत आसामको उत्पादनका कारण नेपाली अलैंचीले मूल्य पाउन कठिन भएको दाबी गरे । 'हाम्रोमा पहाडतिर उत्पादन सुरु भयो, अबको एक महिनामा भारत आसामको अलैंची पनि बजारमा आइसक्छ,' उनले भने, 'त्यहाँका किसानले स्टक गर्दैनन्, जति बजार मूल्य छ, त्यतिमा बिक्री गरिहाल्छन्, हाम्रो बिक्री हुन कठिन हुन्छ ।'

स्थिर मूल्य नभएकाले नेपाली किसान मूल्यको पर्खाइमा बस्ने तर असमका किसानले बिक्री गरिहाल्ने भएकाले पनि नेपाली अलैंची सहजै नजाने उनको बुझाइ छ । असमपछि भारतीय व्यापारीले सिक्किमको अलैंची किन्छन् । नेपाली अलैंची पनि उत्पादनको ९८ प्रतिशत भारत निर्यात हुने गरेको छ । भारत हुँदै पाकिस्तान र खाडी राष्ट्रमा बिक्री हुन्छ । आसाम र सिक्किमको उत्पादन सकिएर बाहिरबाट माग आए नेपाली अलैंचीको मूल्य बढ्छ । बिमलीका अनुसार गत वर्ष प्रतिमन ५२ हजार रुपैयाँसम्म पुगेको थियो । तर यो मूल्य लामो समय नरहेको उनले जनाए । अझै बढ्ने आसमा त्यो बेला पनि किसान र कारोबारीले बिक्री नगरेको विमली बताउँछन् ।

बिर्तामोडमा गत वर्षकै १२ हजार मन अलैंची बिक्री हुन बाँकी रहेको बिमलीको अनुमान छ । नेपालका प्रायः सबै जिल्लाको अलैंची झापाको बिर्तामोड र सुनसरीको इटहरीमा जम्मा हुन्छ । यहाँ पुच्छर भएको, पुच्छर काटेको (कटिङ), जिर्मले, ठूलो र राम्रो दाना गरी चार किसिमको मूल्य राखिएको छ । भारतीय व्यवसायीले त्यहीअनुसार किन्छन् । अलैंची दसैं, तिहार, छठ, रमजानजस्ता पर्व तथा विवाहका बेला बढी बिक्री हुन्छ । यो समयमा मसला बनाउन अधिक प्रयोग गरिने व्यवसायीहरू बताउँछन् । असमको अलैंचीले मात्रै चार महिना धान्ने भारतीय व्यापारीको दाबी छ ।

एक दशकयता मात्रै लगाइएको असमको माटो नयाँ भएको र किसान अलैंची खेतीतिर आकर्षित भएका कारण त्यहाँ उत्पादन बढ्दै गएको हो । आसामपछि सिक्किमको बिक्री हुँदासम्म नेपालको पालो आउन कठिन हुन थालेको छ । सरकारले मूल्य निर्धारण नगरेको र नेपालमा बजार नभएकाले अलैंचीको मूल्य प्रत्येक दिन घटबढ हुने गरेको छ । ०६९ मा प्रतिमन अलैंची १ लाख २० हजार रुपैयाँसम्ममा बिक्री भएको थियो ।

# भारतले गहुँ निकासी गर्ने मुलुकको सूचीबाट नेपाल बाहिरियो

**विनोद भण्डारी** (विराटनगर)

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले समयमा आवश्यक परिमाण माग नगर्दा भारतले गहुँ निकासी गर्ने मुलुकको सूचीबाट नेपाल बाहिरिएको छ । रुस र युक्रेनबीचको युद्धका कारण भारतले गहुँको संकट पर्ने भन्दै वैशाख अन्तिममा यसको निकासीमा रोक लगाएको थियो । परिस्थितिअनुकूल भएसँगै निकासीलाई पुनः निरन्तरता दिन भारतले गहुँ आवश्यक पने मुलुकसँग आवश्यक परिमाण मागेको थियो । तर मन्त्रालयले समयमा समन्वय नगर्दा भारतले गहुँ निकासी गर्ने मुलुकको सूचीबाट नेपाल बाहिरिएको सम्बद्ध उद्योगीको भनाइ छ ।

मागकर्ता मुलुक बंगलादेश, इन्डोनेसिया, यमन, यूएई र ओमानका लागि भारतले कोटा तोकेर गत सोमबार गहुँ निकासी खुला गरेको छ । नेपाल सरकारको लापरबाहीले भारतको गहुँ निकासी सूचीमा नपर्दा स्थानीय उद्योग प्रभावित भएको नेपाल फ्लोर मिल एसोसिएसनका सचिव विकास बेगवानीले जनाए ।



कान्तिपुर

मुलुकका ३७ वटा मैदा मिललाई वार्षिक १० लाख टन गहुँको आवश्यकता पर्छ । स्थानीय उत्पादन करिब ३ लाख टन मात्र छ । 'मैदा मिल आयातित गहुँमै निर्भर छन्,' उनले भने । मन्त्रालयलाई आवश्यक गहुँको परिमाणबारे जानकारी गराएको एसोसिएसनका कार्यालय प्रमुख अजय पराजुलीले बताए । मन्त्रालयका सचिव गणेश पाण्डेले आयात खुलाउन पहल भइरहेको आश्वासन दिएको पराजुलीको भनाइ छ । एसोसिएसनका पदाधिकारीसँग सचिव पाण्डेले आवश्यक कागजपत्र मगाई परराष्ट्र मन्त्रालय पठाएर भारतीय राजदूतसँग पनि छलफल भइरहेको बताएको पराजुलीले जानकारी दिए । भारतले गहुँ निकासीमा रोक लगाएपछि मुलुकमा मैदा र पिठोको मूल्य हवात्तै बढेको छ । प्रतिकिलो ३४ रुपैयाँमा पाइने गहुँको मूल्य ४८ रुपैयाँ पुगेको छ । सचिव बेगवानीका अनुसार गहुँ ३४ रुपैयाँ प्रतिकिलोमा उपलब्ध हुँदा मैदाको भाउ प्रतिकिलो ४६ रुपैयाँ थियो । अहिले बढेर ६१ रुपैयाँ पुगेको छ । त्यसैगरी प्रतिकिलो ४८ रुपैयाँमा पाइने पिठोको मूल्य अहिले ६४ रुपैयाँ पुगेको बेगवानीले जनाए । गहुँ आयात नखुले मैदा र पिठोको मूल्य दोब्बर हुने परिस्थिति बनेको उनको दाबी छ ।

नेपालमा गत वर्ष भारतबाट ६ अर्ब ९० करोड ७२ लाख ९० हजार मूल्य बराबरको ३ लाख ३५ हजार ९ सय ३२ टन गहुँ आयात भएको भन्सार विभागको तथ्यांक छ । त्यसमध्ये जोगबनी नाकाबाट गत वर्ष २ अर्ब १९ करोड ९० लाख मूल्यको ६ हजार ८ सय टन गहुँ आयात भएको थियो ।

neo assure — Simplifying Insurance

We are HIRING

neo assure Pvt. Ltd., we are an INSURTECH company aiming to provide comprehensive insurance services to general public and corporate businesses. Our main goal is to aggregate all insurance services in a single platform, and make insurance an accessible and hassle-free service experience.

The company is promoted by Golchha Organization, Nepal's leading & most trusted organization.

We are looking for dynamic, self-motivated individuals with an ambition to enhance their career in Sales & Marketing.

**Business Development Executive/s**

You are an outgoing person who loves to build and nurture relationships. You are smart, sharp and shamelessly persistent. Challenges excite you; risks stimulate you. You love targets and you surpass it everytime. Desk job bores you out. Field Job is your cup of tea.

**Qualifications:**
- Minimum of 1 Year of Experience in Sales/Marketing (Preferably in Insurance Companies).

**Salary:**
- No bar for deserving candidates.

**Other Benefits:**
- Insurance coverage, PF, Gratuity, Fuel allowances , Paid leave and more.

| S. No. | Location | No. of Hiring |
|---|---|---|
| 1 | Kathmandu Valley | 15 |
| 2 | Chitwan | 2 |
| 3 | Hetauda | 1 |
| 4 | Nuwakot (Bidur) | 1 |
| 5 | Banepa - Dhulikhel | 1 |
| 6 | Pokhara | 2 |
| 7 | Birgunj | 2 |
| 8 | Janakpur | 3 |
| 9 | Lahan/Rajbiraj | 2 |
| 11 | Birtamode | 1 |
| 12 | Damak | 1 |
| 13 | Itahari | 1 |
| 14 | Biratnagar | 1 |
| 15 | Dang | 1 |
| 16 | Nepalgunj | 2 |
| 17 | Butwal/Bhairahawa | 1 |
| 18 | Dhangadi | 1 |
| | Total | 38 |



Send your resume at hrd@neoassure.com



**किसानको पसिना !**

ललितपुरको छम्पीका किसानले गरेको धानखेतीको मनमोहक दृश्य । नेपालको खेती प्रणाली धेरैजसो मनसुनमा आधारित रहेको र रोपाइँका बेला पर्याप्त वर्षा नहुँदा विगतको तुलनामा यस वर्ष देशभर रोपाइँ न्यून देखिएको छ, जसकारण गतका वर्षको तुलनामा उत्पादन घट्ने आशंका गरिएको छ ।

*तस्बिर : अनिश रेग्मी/कान्तिपुर*

## अर्थ संक्षेप

### हुन्डाई फेस्टिभ डिलाइट अफरका विजेता घोषित




काठमाडौं (कास)- हुन्डाई गाडीको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टलले दसैं-तिहारको उपलक्ष्यमा ल्याएको फेस्टिभ डिलाइट अफरका विजेता घोषणा गरेको छ । अफरमा बम्पर लक्की ड्रअन्तर्गत काठमाडौंका लोकेश वज्राचार्यले हुन्डाई आई २० हात पारे । अफरअन्तर्गत हरेक नयाँ हुन्डाई गाडीको खरिदमा ग्राहकले ३ लाख रुपैयाँसम्मको आकर्षक नगद छुट र एक वर्षका लागि निःशुल्क बिमा तथा सडक कर पाउने व्यवस्था थियो । त्यसैगरी स्क्रयाच कार्डमार्फत थप १ लाख रुपैयाँसम्मको नगद छुट र बम्पर उपहारअन्तर्गत लक्की ड्रमार्फत १ जना विजेताले हुन्डाई आई २० जित्ने मौका थियो । उक्त योजना ०७८ भदौ २४ देखि कात्तिक ३० सम्म सञ्चालन गरिएको थियो ।

### प्रभुका ग्राहकलाई टीथ्री थकालीमा छुट




काठमाडौं (कास)- प्रभु क्यापिटलले चाडबाडका अवसर पारी आफ्ना हितग्राही ग्राहकका लागि विशेष अफर ल्याएको छ । क्यापिटलमा हितग्राही खाता हुनेले टीथ्री थकाली ग्रुपका सेवा लिँदा १२ प्रतिशत छुट पाउने भएका छन् । हितग्राहीले चेकआउट या बिल पेमेन्ट गर्दा प्रभु क्यापिटलमा हितग्राही खाता रहेको देखाउनुपर्नेछ । तीन महिनासम्म सञ्चालन हुने यो अफरको लाभ ग्राहकले टीथ्री थकाली ग्रुपको एयरपोर्ट, महाराजगन्ज तथा टोखाका शाखाहरूबाट प्राप्त गर्न सकिने बताइएको छ । भिडियो केवाईसीमार्फत डिम्याट खाता खोल्ने सुविधा ल्याएको प्रभु क्यापिटलका हाल २ लाख १५ हजार बढी हितग्राही ग्राहक छन् ।

### सिबिफिन र एक्यानबीच अनुसन्धानको सहकार्य




काठमाडौं (कास)- बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ (एक्यान) बीच आर्थिक एवम् वित्तीय क्षेत्रका विविध विषयमा अध्ययन तथा अनुसन्धान गर्ने र त्यसका आधारमा अर्थतन्त्र तथा वित्तीय क्षेत्रको सुधारका लागि दिशाबोध गर्न एक सम्झौता भएको छ । सम्झौतामा सिबिफिनका तर्फबाट अध्यक्ष पवनकुमार गोल्यान र एक्यानका तर्फबाट अध्यक्ष दीपक पाण्डेले हस्ताक्षर गरे । दुवै संस्थाले पारस्परिक सहकार्यमा अध्ययन तथा अनुसन्धान गर्ने, आर्थिक एवं वित्तीय सबलीकरणसम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्ने र नीति नियमको प्रभाव मूल्यांकन तथा बहस पैरवी गर्दै देशको समग्र आर्थिक विकासका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल राष्ट्र बैंकलगायत अन्य सम्बन्धित निकायसँग संयुक्त रूपमा पहल गर्ने सम्झौतामा उल्लेख छ ।

### आठ कन्टेनर चिनियाँ स्याउ नियन्त्रणमा

विराटनगर (कास)- भन्सार छलेको आशंकामा मोरङ प्रहरीले शुक्रबार राति विराटनगरको मलाया रोडबाट आठ ढुवानी गाडीमा लोड गरिएको चिनियाँ स्याउ नियन्त्रणमा लिएको छ । गाडी चालकसँग भन्सार प्रज्ञापनपत्र नभएको, भेहिकल एन्ड कन्साइनमेन्ट ट्र्याकिङ सिस्टम (भीसीटीएस) मा समेत प्रवेश नगराएको र कोल्ड स्टोरमा अनलोड गर्नुपर्नेमा बाटैमा गरिरहेको देखिएपछि भन्सार छलीको आशंकामा कारबाही गरिएको प्रहरीले जनाएको छ । स्याउसहितको गाडीलाई थप अनुसन्धानका लागि राजस्व अनुसन्धान इकाई इटहरी बुझाएको प्रहरीले बताएको छ । प्रहरीका अनुसार स्याउ अनलोड गर्ने क्रममा नियन्त्रणमा लिइएको हो । तेस्रो मुलुक हुँदै नेपाल आइपुग्ने यी स्याउ स्थानीय बजारमा खपत हुनुका साथै तस्करी भएर पुनः भारत पुग्ने गरेको प्रहरीले जनाएको छ ।

# घटिरह्यो अलैंचीको...

'सेफ सन्तोष शाहलाई ब्रान्ड एम्बेस्डर बनाएका छौं, उहाँले चाहिँ अन्तर्राष्ट्रियस्तरमा अलैंचीलाई प्रवर्द्धन गर्ने हो,' महासंघका कार्यकारी अधिकृत अनिल ढुंगानाले भने 'अहिलेसम्म नेपाली अलैंचीको ब्रान्ड बनेको छैन, आफ्नै ट्रेडमार्क छैन ।'

नेपालमा उत्पादित ४ प्रतिशत अलैंची मात्रै स्वदेशमै खपत हुने र बाँकी उत्पादन भारत हुँदै अन्तर्राष्ट्रियस्तरमा जाने ढुंगानाले सुनाए । अभियानमार्फत अलैंचीको आन्तरिक बजारबारे पनि अध्ययन भइरहेको उनले सुनाए । भारत र भुटानमा अलैंचीको उत्पादन बढ्दै जाँदा, अन्य मुलुकसँग प्रत्यक्ष रूपमा व्यापार गर्न नसक्दा अलैंचीको मूल्य बर्सेनि घटिरहेको उनको भनाइ छ । अन्य मुलुकमा थोपा सिँचाइलगायत किसानलाई सहुलियत दिएर उत्पादन बढाउँदै गइरहेको समेत उनले सुनाए । पूर्वमा विविध रोगले उत्पादन घट्दै गए पनि पश्चिममा अलैंची खेती विस्तार भइरहेकाले उत्पादनमा असर नदेखिए पनि घट्दै गएको ढुंगानाको भनाइ छ । राज्यले ट्रेडमार्क दिई प्रत्यक्ष व्यापार गर्न सकेको खण्डमा मूल्यमा १० देखि २० हजार रुपैयाँ फरक पर्ने उनी सुनाउँछन् । आर्थिक वर्ष ०७७/७८ मा ७ अर्ब १ करोड ८ लाख २९ हजार रुपैयाँ बराबरको अलैंची निर्यात भएको भन्सार विभागको तथ्यांक छ । ८८ लाख ४२ हजार ७६२ किलो निर्यात भएको विभागको भनाइ छ । ६ अर्ब ८२ करोड ४२ लाख ६६ हजार रुपैयाँ बराबरको ८५ लाख ९६ हजार ७६२ किलो भारतमा निर्यात भएको विभागको तथ्यांक छ । पाकिस्तानमा ८ करोड ६५ लाख ६३ हजार रुपैयाँ बराबरको २ लाख ४६ हजार किलो निर्यात भएको थियो । नेपाली अलैंचीको बजार भारत र पाकिस्तान हुन् । गत आर्थिक वर्ष पनि भारतमा सबैभन्दा धेरै निर्यात भएको छ । गत वर्ष ४ अर्ब ८१ करोड ३४ लाख ६५ हजार रुपैयाँ बराबरको ५३ लाख ६७ हजार ४४३ किलो अलैंची निर्यात भएको थियो । भारतमा ४ अर्ब ७७ करोड ८९ लाख ८९ हजार रुपैयाँ बराबरको ५२ लाख ९७ हजार ४४३ किलो र पाकिस्तानमा ३ करोड ४४ लाख ७५ हजार रुपैयाँ बराबरको ७० हजार किलो अलैंची निर्यात भएको छ । चालु आर्थिक वर्षको साउनमा २२ करोड ८५ लाख ८६ हजार रुपैयाँ बराबरको २ लाख ७७ हजार ८७० किलो अलैंची भारत निर्यात भएको विभागले जनाएको छ ।

2022年第 2 回日本語能力試験
JLPT परीक्षाको अनलाइन आवेदन फराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आगामी December 4, 2022 आइतबार हुन गइरहेको JLPT परीक्षाका सम्पूर्ण लेभलहरू (N1, N2, N3, N4 and N5) का लागि २०७९ भाद्र २० गते (September 5, 2022) दिउँसो १:०० बजेदेखि २०७९ आश्विन ४ गते (September 20, 2022) ५:०० बजेसम्म यस संस्थाको वेबसाइट www.jlpt.org.np मार्फत अनलाइन आवेदन फाराम पेश (Online Application Form Submission) गर्न आहवान गरिएको छ । आवेदन फाराम संख्या सीमित भएकोले निर्धारित समय अगावै फाराम संख्या सकिएमा Online Application Form दर्ता प्रक्रिया स्वतः बन्द हुनेछ ।

**आवेदन फाराम भर्न** Grant Amount **रू. ३,०००।– र अनलाइन भुक्तानीका लागि** Khalti Wallet **को प्रयोग गर्नु पर्नेछ । कथंकदाचित परीक्षा रद्द हुन गएमा परीक्षा शुल्क भुक्तानी गरिएको जुन** Khalti Wallet Account **हो, उक्त** Khalti Wallet Account **मा परीक्षा शुल्क फिर्ता गरिनेछ ।**


**विस्तृत सूचना जाल्टानको वेबसाइट** www.jlpt.org.np/www.jaltan.org.np **मा प्रकाशित गरिएको छ ।**

Japanese Language Teachers' Association Nepal (JALTAN)
Exhibition Road, Kathmandu, Tel.: 4242400, Email: jlptnepal@gmail.com
Website: www.jlpt.org.np or www.jaltan.org.np

# तनहुँ जलविद्युत् आयोजनाको काममा ढिलाइ

- ऋणदाता एडीबीले भन्यो, 'वित्तीय प्रगति सन्तोषजनक भएन'
- समस्या तत्काल समाधान गर्न संसदीय समितिको निर्देशन

**कान्तिपुर संवाददाता** (काठमाडौं)



वन तथा जग्गाको समस्या, विस्फोटक अभाव र ठेकेदार कम्पनीको लापरबाहीले १ सय ४० मेगावाट उत्पादन क्षमताको तनहुँ जलविद्युत् आयोजनाको काम सुस्त हुँदै गएको छ । नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी तनहुँ हाइड्रोपावर लिमिटेडले बनाइरहेको यो आयोजनामा एकपछि अर्को समस्या देखिन थालेका छन्, जसकारण आयोजना तोकिएको समयभित्र निर्माण सम्पन्न हुन नसक्ने देखिएको हो ।

काममा ढिलाइ हुन थालेपछि संघीय संसद् प्रतिनिधिसभाअन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले पनि आयोजनामा चासो देखाइरहेको छ । तनहुँ र रघुगंगा जलविद्युत् आयोजनाको अध्ययन गर्दै समितिले त्यहाँ देखिएका समस्या समाधानका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिएको छ । समितिले तयार पारेको अध्ययन प्रतिवेदनअनुसार तनहुँ जलविद्युत् आयोजनाले वन क्षेत्रको प्रयोग गरेबापत सुरुमा २६ करोड रुपैयाँ मूल्यांकन भई सम्झौता गरेको थियो । तर उक्त सम्झौता रकमका अतिरिक्त हालसम्म १ अर्ब ७८ करोड रुपैयाँ थप खर्च भइसकेको छ । आयोजनामा विस्फोटक पदार्थको आयात तथा प्रयोगमा समस्या रहेको देखिएको छ । 'चिनियाँ ठेकेदारलाई विस्फोटक पदार्थ आयात गर्न भारत सरकारबाट सहज नभएको भन्ने गुनासो आयोजनाको छ,' समितिको प्रतिवेदनमा भनिएको छ, 'यसमा सहजीकरण गर्न एक ठेकेदारको विस्फोटक पदार्थ अर्को ठेकेदारले प्रयोग गर्न सक्ने गरी विस्फोटक पदार्थको अधिकतम उपयोगका लागि आवश्यक व्यवस्था मिलाउन आवश्यक छ ।'

आयोजनालाई विभिन्न तीन प्याकेजमा बाँडेर काम भइरहेको छ, जसमध्ये सबैभन्दा बढी प्याकेज-१ मा समस्या देखिएको समितिको प्रतिवेदनमा उल्लेख छ । प्याकेज-१ अन्तर्गत बाँध र जलाशय निर्माण तथा त्यसका लागि नदीको धार परिवर्तन (रिभर डाइभर्सन) लगायतका काम पर्छन्, जसको ठेक्का भियतनामको सोङ दा कर्पोरेसन र नेपालको कालिका कन्स्ट्रक्सनको संयुक्त उपक्रम (जोइन्ट भेन्चर) कम्पनीले पाएको छ । यो ठेकेदार कम्पनीले काममा हेलचेक्र्याइँ गर्न थालेपछि नदीको धार परिवर्तन (रिभर डाइभर्सन), डाइभर्सन टनेल, स्लोप प्रोटेक्सनलगायत काम प्रभावित भएका छन् । प्याकेज-१ अन्तर्गत १४० मिटर अग्लो ड्याम निर्माणका लागि गरिएको ठेक्का सम्झौता गत वर्ष भदौबाट कार्यान्वयनमा आएको थियो । प्याकेज-२ अन्तर्गत विद्युत् गृह, सुरुङ र सम्बन्धित उपकरण जडानको काम छ । प्याकेज-३ अन्तर्गत दमौली-भरतपुर २२० केभी प्रसारणलाई निर्माणको काम भइरहेको छ ।

संसदीय समितिको अध्ययन प्रतिवेदनअनुसार प्याकेज-१ मा २०, प्याकेज-२ मा ३९ र प्याकेज-३ मा ५५ प्रतिशत मात्रै काम सकिएको छ । 'प्याकेज-१ को निर्माण गति र प्रगति हेर्दा मुख्य बाँध निर्माणपूर्व गर्नुपर्ने नदी डाइभर्सन कार्य गत वर्ष हिउँदमै सकिसक्नुपर्ने थियो । तर हालसम्म पनि नसकिँदा आयोजनाको निर्माण समय र लागत बढ्ने देखिन्छ,' प्रतिवेदनमा भनिएको छ, 'आयोजनाको प्याकेज-२ निर्माणस्थल उपलब्ध गराउन नसक्ने अवस्था सिर्जना भए निर्माण व्यवसायीले आयोजनासमक्ष करोडौं रुपैयाँको दाबी पेस गर्न सक्ने अवस्था आउँछ ।' प्याकेज-१ को काम नसकिँदासम्म प्याकेज-२ ले काम गर्न नसक्ने भएपछि ठेकेदार कम्पनीले आयोजनासँग हर्जाना माग दाबी गर्ने अवस्था आएको हो । अर्कोतर्फ, ऋणदाता एसियाली विकास बैंक (एडीबी) ले पनि तनहुँ जलविद्युत् आयोजनाको वित्तीय प्रगति सन्तोषजनक नरहेको प्रतिवेदन निकालेको छ । आयोजनाका केही सूचक आंशिक सन्तोषजनक रहे पनि वित्तीय प्रगति भने नराम्रो रहेको एडीबीले जनाएको छ ।

प्याकेज-१ अन्तर्गतका काम प्रभावित हुनुमा डिजाइन परिवर्तन र साइट क्लियरेन्स मुख्य कारण रहेको आयोजनाले बताउँदै आएको छ । ठेकेदारले सम्झौता भएको ६ महिनापछि मात्र काम सुरु गरेको थियो । पर्याप्त जनशक्ति र मेसिनरी उपकरण परिचालन हुन नसक्दा पनि आयोजनाको काम प्रभावित हुँदै आएको छ । त्यसो त प्याकेज-१ अन्तर्गतको काममा २ पटकसम्म ठेकेदार कम्पनी काम छाडेर हिँडेपछि लामो समयसम्म ठेक्का नै लाग्न सकेको थिएन ।

सुरुमा प्याकेज-१ को ठेक्का इटालियन कम्पनी सीएमसीले पाएको थियो । तर आर्थिक रूपमा टाट पल्टिएको भन्दै सीएमसी आयोजनाबाट बाहिरियो । दोस्रो पटकको ठेक्का प्रक्रियामा सहभागी कम्पनीहरू 'प्राविधिक रूपमा अयोग्य' रहेको भन्दै आयोजनाले उक्त ठेक्का पनि रद्द गऱ्यो । अहिले काम गरिरहेको सोङ दा-कालिका जेभी तेस्रोपटकको ठेक्का प्रक्रियाबाट छानिएको हो । आयोजनाका अनुसार पहुँचमार्ग निर्माणको काम पहिले प्याकेज-१ मै राखिएको थियो । तर त्यति बेला सीएमसीले काम छाडेर हिँडेपछि त्यसको जिम्मा प्याकेज-२ लाई दिइयो । पछि प्याकेज-१ का लागि सोङ दा-कालिका जेभी छानिएपछि सडक निर्माणको बाँकी काम उसैलाई जिम्मा दिइएको हो ।

अहिले धेरैजसो जलविद्युत् आयोजना नदी प्रवाहमा आधारित रहेका कारण हिउँदयाममा पानीको सतह घट्दा बिजुली उत्पादन पनि घट्छ । तर तनहुँ जलविद्युत् आयोजना जलाशयमा आधारित आयोजना भएकाले हिउँदयामको माग धान्न महत्त्वपूर्ण आयोजनाका रूपमा हेरिएको छ । त्यसकारण यो आयोजना नेपालको विद्युत् प्रणाली व्यवस्थापनका लागि महत्त्वमूर्ण ठानिन्छ । तोकिएको समयमै निर्माण सम्पन्न भएमा तनहुँ आयोजना कुलेखानीपछिको दोस्रो ठूलो जलविद्युत् आयोजना हुनेछ ।

आयोजनाको कुल लागत ५० करोड ५० लाख अमेरिकी डलर बराबर छ, जसमध्ये एसियाली विकास बैंक (एडीबी) को १५ करोड अमेरिकी डलर ऋणका लागि ०७० वैशाखमा, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले १८ करोड ४० लाख अमेरिकी डलरका लागि २०६९ फागुन ३० मा र युरोपियन लगानी बैंकको ८ करोड ५० लाख अमेरिकी डलरका लागि ०७० वैशाख २४ गते ऋण सम्झौता भएको थियो । आयोजनामा नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणले ८ करोड ६० लाख अमेरिकी डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

# 'एयरपोर्ट बने, जहाज भएनन्'

**कान्तिपुर संवाददाता** (काठमाडौं)

पर्यटन क्षेत्रका साझा विषयमा छलफल गर्न संघीय संस्कृति, नागरिक उड्डयन तथा पर्यटन मन्त्रालयको निम्तोमा राजधानीमा भेला भएका प्रदेशका मन्त्री, सचिव तथा स्थानीय सरकार प्रमुखले आन्तरिक उडानका लागि विमानस्थल भए पनि जहाज अभावमा उडान नहुँदा सरकारको लगानी खेर गइरहेको बताएका छन् । राजधानीमा आयोजित बैठकमा प्रदेश १ का पर्यटन तथा संस्कृतिमन्त्री खिनु लङ्वा लिम्बूले निर्माणाधीनसमेत गरेर १५ विमानस्थल भएको प्रदेश १ मा भद्रपुर र विराटनगर गरी दुईटा विमानस्थल मात्रै नियमित सञ्चालनमा रहेको जनाइन् । अरू विमानस्थल जहाजको अभावमा नियमित सञ्चालनमा ल्याउन नसक्दा गौचरनमा परिणत भइरहेको उनको गुनासो छ ।

आन्तरिक उडानमा रहेका निजी वायुसेवाले काठमाडौं-धनगढी उडानको एकतर्फी भाडा नै खाडी मुलुक पुग्नेसरहको कायम गरेकाले पर्यटक आगमन रोकिएको सुदूरपश्चिम प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री मानबहादुर धामीले बताए । सुदूरपश्चिम, कर्णाली र केन्द्र सरकारबीच व्यवस्थापकीय समन्वयमा मुख्य समस्या रहेको उनको भनाइ छ । 'हवाई दूरीमा धनगढी धेरै टाढा छैन । तर सचिव, प्रमुख सचिव र अरू उच्च तहका कर्मचारी बस्नै मन पराउँदैनन्, के संघीयताको उद्देश्य यही हो ?' उनले भने, 'बजेटमा पनि संघले विभेद गरेको छ । मागको आधारमा बजेट नै पठाउँदैन ।'

जनकपुर विमानस्थल स्तरोन्नति भइसकेकाले त्यहाँबाट दिल्ली, पटना र लखनऊ उडानका लागि मधेस प्रदेशअन्तर्गतको उद्योग, पर्यटन तथा वनमन्त्री शत्रुधन महतोले संघीय सरकारसँग सहायता मागे । 'भारतबाट जनकपुर आउन चाहनेलाई उडानमा ल्याउन संघको सहयोग चाहियो,' मन्त्री महतोले भने, 'भारतसँग सीमा जोडिएका नाकाबाट भारतीय पर्यटकलाई नेपाल प्रवेशमा झन्झन्ट छ । चेकिङमा हैरानी छ । ५ सय र २ हजारका ठूला भारतीय नोट ल्याउन पनि खुला गरिदिनुपऱ्यो ।'

पर्यटकबाट उठाइने शुल्कमा एकरूपमा र एकद्वार प्रणाली अभाव हुँदा बदनामी भइरहेको पोखरा महानगरका मेयर धनराज आचार्यले बताए । संघ, प्रदेश, स्थानीय सरकार, कोष, बोर्ड, निकुञ्जलगायतले पर्यटकबाट असुल्ने विभिन्न दस्तुर तथा शुल्कलाई एकद्वार प्रणालीमा ल्याउन उनको आग्रह छ । बैठकपछि पर्यटन मन्त्रालयले नौबुँदे निर्णय गरेको थियो । उक्त अवसरमा पर्यटनमन्त्री जीवनराम श्रेष्ठले संघीय व्यवस्थाबमोजिम पर्यटन नीति परिमार्जन गरिने, २०२३-३३ लाई पर्यटन दशक घोषणा गर्न नेपाल सरकारलाई अनुरोध गर्दै निजी क्षेत्रलाई पर्यटन व्यवसायमा लगानी वृद्धि गराउन सहयोग गरिने जनाए ।

स्थलमार्गबाट नेपाल प्रवेश गर्ने पर्यटकलाई सीमामा सहजीकरण गर्न जाँचलाई व्यवस्थित बनाइने, प्रदेश तथा स्थानीय तहमा हस्तान्तरित कार्यक्रम कार्यान्वयनमा तीनै तहले आपसी सहयोग र सहकार्य निर्णय गरिएको थियो । एकदिने विषयगत समन्वय बैठकमा कर्णाली प्रदेशबाहेक अरू सबै प्रदेशका पर्यटनमन्त्री, सचिवलगायतको उपस्थिति थियो ।

# नागरिकता विधेयकमा...

सीमा नराखिएका कारण २०६३ सालको ऐनअनुसार नेपाली पुरुषसँग विवाह गरेकी विदेश महिलाले आफ्नो नागरिकता त्याग गर्ने कारबाही चलाएको निस्सा पेस गरेमा नागरिकता पाउँछिन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति भण्डारीले गत वर्ष २०७८ जेठ ९ मा जारी गरेको नागरिकतासम्बन्धी अध्यादेशमा पनि वैवाहिक अंगीकृत नागरिकताका लागि समयसीमा उल्लेख थिएन ।

त्यसअघि ओली नेतृत्वको नेकपाको सरकारले २०७५ साउन ४ मा प्रतिनिधिसभामा दर्ता गराएको नागरिकतासम्बन्धी विधेयकमा पनि वैवाहिक अंगीकृतका लागि समयसीमाको प्रावधान थिएन । तर उक्त विधेयकमा वैवाहिक नागरिकता प्राप्त गरेको ६ महिनाभित्र विदेशको नागरिकता त्यागेको प्रमाण पेस गर्नुपर्ने व्यवस्था थियो । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले २०७७ को असार ७ मा पास गरेको प्रतिवेदनमा भने नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिलाले अंगीकृत नेपाली नागरिकता लिन चाहे नेपालमा निरन्तर सात वर्षसम्म स्थायी बसोबास गरेको हुनुपर्ने प्रावधान राखियो । तत्कालीन नेकपाका सांसदहरूको बहुमतमा पारित प्रतिवेदनमा नेपाली कांग्रेस र मधेसकेन्द्रित दलका सांसदको फरक मत थियो । शेरबहादुर देउवा नेतृत्वको सरकारले असार २१ मा उक्त विधेयक फिर्ता लिएर तीन दिनपछि अहिलेको विधेयक प्रतिनिधिसभामा दर्ता गराएको हो ।

२०६३ अघिसम्म नेपालमा नागरिकता ऐन २०२० प्रचलनमा थियो । उक्त ऐनमा २०३३ सालमा गरिएको संशोधनले नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिला नेपालमा ५ वर्ष बसोबास गरेपछि वैवाहिक अंगीकृत नागरिकता पाउन योग्य हुने व्यवस्था गरेको थियो । नेपालको संविधान २०१९ लाई २०३२ मा दोस्रो पटक संशोधन गर्दै वैवाहिक अंगीकृत नागरिकता पाउन विदेशी महिलाका हकमा ५ वर्षको सीमा राखिएपछि अर्को वर्ष ऐन संशोधन गरेर संविधान अनुकूल बनाइएको हो । तर, २०३७ पुस १ मा गरिएको संविधानको तेस्रो संशोधनले नेपालीसँग विवाह गरेकी महिलाले विदेशको नागरिकता त्यागेपछि वैवाहिक अंगीकृत नेपाली नागरिकता पाउन सक्ने बनाइयो । त्यहीअनुसार अर्को वर्ष २०३८ सालमा नागरिकता ऐनलाई पुनः संशोधन गर्दै विदेशको नागरिकता त्याग गरेपछि नेपालीसँग विवाह गरेकी विदेशी महिलाले वैवाहिक अंगीकृत नागरिकता पाउन सक्ने प्रावधान राखियो ।

प्रजातन्त्रको बहालीपश्चात् २०४७ सालमा बनाइएको संविधानले वैवाहिक अंगीकृत नागरिकताका हकमा थप खुकुलो प्रावधान राखेको देखिन्छ । त्यतिन्जेलसम्म विदेशको नागरिकता त्याग गरेपछि नेपालको नागरिकता पाउन सक्ने व्यवस्थालाई बदलेर 'नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारबाही चलाएपछि' नेपालको नागरिकता प्राप्त गर्न सक्ने बनाइयो । यस्तो संवैधानिक व्यवस्थासँग मिलाउन नागरिकता ऐन २०२० लाई २०४९ सालमा संशोधन गरी नेपाली नागरिकसित भएको विवाह र विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सासहित निवेदन दिएपछि वैवाहिक अंगीकृतको नागरिकता प्राप्त गर्न सक्ने प्रावधान राखियो । त्यस्तो व्यवस्थालाई त्यसपछिका संविधान र कानुनले अहिलेसम्म कुनै न कुनै रूपमा निरन्तरता दिएका छन् ।

नेपाली पुरुषसँग विवाह गरेकी महिलाका हकमा तुरुन्तै नागरिकता दिने कि निश्चित समय पर्खने भन्ने चर्को विवाद एकातर्फ छ, अर्कातर्फ नेपाली महिलासँग विवाह गरेका विदेशी पुरुषले भने जति नै समय नेपाल बसे पनि नेपाली नागरिकता पाउने कानुनी प्रावधान छैन । कतिपयले यस्तो व्यवस्थालाई 'लैंगिक रूपमा विभेदकारी' भनेका छन् ।

अहिलेका सार्वजनिक बहसहरू हेर्दा वैवाहिक अंगीकृत नागरिकताका लागि यसअघि समयसीमा तोकिएकामा यस विधेयकले त्यसलाई हटाएको भन्ने भान पार्न खोजिएको जस्तो देखिन्छ । तर यसअघि २०३३ देखि २०३८ सम्मका बीचमा मात्र वैवाहिक अंगीकृत नागरिकताका लागि समयको सीमा राखेको देखिन्छ । संघीय संसद्ले वैवाहिक अंगीकृत नागरिकतासम्बन्धी अहिलेको अभ्यास बदल्न चाहे कुनै पनि दिनमा त्यससम्बन्धी व्यवस्था गर्न सक्छ । त्यसका लागि नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्नुपर्ने हुन्छ । अहिलेको विधेयकलाई कानुन बन्नबाट रोक्दैमा वैवाहिक अंगीकृत नागरिकताका लागि स्वतः समयको सीमा लाग्दैन । अर्कातर्फ, अहिलेको विधेयक कानुन बनिहालेछ भने पनि भविष्यमा संसद्ले वैवाहिक अंगीकृत नागरिकताका लागि समयको सीमा राख्न चाहेको दिन यस कानुनले छेकबार लगाउँदैन ।

## वैवाहिक अंगीकृत नागरिकताबारे २०१९ देखि अहिलेसम्मका कानुन

- **राष्ट्रिय सभामा विचाराधीन संशोधन विधेयक**, २०७९ : मौन (अर्थात् नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिलाले विदेशको नागरिकता त्याग गर्ने कारबाही चलाएको निस्सा पेस गरे वैवाहिक अंगीकृत नागरिकता पाउने २०६३ सालदेखिकै कानुनको निरन्तरता)
- **ओली सरकारले २०७८ जेठ ९ मा ल्याएको अध्यादेश** : मौन (अर्थात् नेपालीसँग विवाह गरेकी विदेशी महिलाले विदेशको नागरिकता त्याग गर्ने कारबाही चलाएको निस्सा पेस गरे वैवाहिक अंगीकृत नागरिकता पाउने २०६३ सालदेखिको कानुनको निरन्तरता)
- **प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले २०७७ असार ७ मा पास गरेको प्रतिवेदन** : सात वर्ष (अर्थात् प्रतिवेदनअनुसार कानुन बनेको भए नेपालीसँग विवाह गरेकी विदेशी महिलाले अंगीकृत नेपाली नागरिकता लिन चाहे नेपालमा निरन्तर सात वर्षसम्म स्थायी बसोबास गर्नुपर्ने)
- **ओली सरकारले २०७५ साउन ४ मा संसद्मा दर्ता गराएको विधेयक** : मौन (अर्थात् नेपालीसँग विवाह गरेकी विदेशी महिलाले विदेशको नागरिकता त्याग गर्ने कारबाही चलाएको निस्सा पेस गरे वैवाहिक अंगीकृत नागरिकता पाउने २०६३ सालदेखिको कानुनको निरन्तरता)
- **नेपालको संविधान** २०१९ : नेपालको नागरिक साथ वैवाहिक सम्बन्ध भएकी स्वास्नी मानिस संविधान प्रारम्भ हुँदाको बखतको नागरिकता पाउन योग्य हुनेछिन् ।
- २०३२ **को दोस्रो संशोधन** (**नेपालको संविधान** २०१९) : नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी स्वास्नी मानिसको हकमा कम्तीमा पाँच वर्ष र अरूको हकमा कम्तीमा १५ वर्षको अवधिसम्म नेपालमा बसोबास गरेको हुनुपर्नेछ ।
- २०३३ **को संशोधन** (**नागरिकता ऐन** २०२०) : नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी स्वास्नी मानिसको हकमा कम्तीमा पाँच वर्ष र सोबाहेक अरूको हकमा कम्तीमा १५ वर्षको अवधिसम्म नेपालमा बसोबास गरेको हुनुपर्नेछ ।
- २०३७ **को तेस्रो संशोधन** (**नेपालको संविधान**, २०१९) : नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी नारीका हकमा निजले विदेशको नागरिकता त्यागेपछि नेपालको नागरिकता पाउनेछिन् ।
- २०३८ **को संशोधन** (**नागरिकता ऐन** २०२०) : नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको विदेशी नारीको हकमा निजले सो विदेशको नागरिकता त्यागेपछि नेपालको नागरिकता पाउनेछिन् ।
- **नेपाल अधिराज्यको संविधान** २०४७ : नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारबाही चलाएपछि नेपालको नागरिकता प्राप्त गर्न सक्नेछिन् ।
- २०४९ **को संशोधन** (**नागरिकता ऐन** २०२०) : नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहे नेपाली नागरिकसित भएको वैवाहिक सम्बन्धको र आफूले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पेस गर्नुपर्नेछ ।
- **अन्तरिम संविधान** २०६३ : नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहे प्रचलित कानुनबमोजिम अंगीकृत नेपाली नागरिकता लिन सक्नेछिन् ।
- **नागरिकता ऐन**, २०६३ : नेपाली पुरुषसँग विवाह गरेकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहे विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पेस गर्नुपर्नेछ ।
- **संविधान** २०७२ : नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहे संघीय कानुनबमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछिन् ।
- २०७९ **को संशोधन** (**नागरिकता ऐन**, २०६३) : नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाको हकमा यो विधेयकमा कुनै प्रस्ताव छैन । यसको अर्थ वैवाहिक अंगीकृतसम्बन्धी २०६३ कै कानुन (वस्तुतः २०४८ कै व्यवस्था) बहाल रहनेछ । व्यवस्था थपघट नहुने भएकाले नेपाली पुरुषसँग विवाह गरेकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहे विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पेस गर्नुपर्नेछ ।
- **त्यसो भए अहिलेको संशोधनले के गर्दै छ ?** : अहिलेको विधेयकले मुख्यतः दुई विषय सम्बोधन गर्न खोजेको छ । नेपालमा जन्मिएका आधारमा जन्मसिद्ध नागरिकता पाएका बाबुआमाका सन्तानले वंशजका आधारमा नागरिकता पाउने व्यवस्था विधेयकमा छ । त्यस्तै गैरआवासीय नेपालीलाई नागरिकता प्रदान गर्ने प्रावधान थपिएको छ ।

# रोमियो सातौं...

पहिलो पटक २०७२ मा उनले नेपाल प्रहरीको जवान पदमा खुला र दलित कोटामा आवेदन दिए । उनी शारीरिक परीक्षामै फेल भए । दोस्रो पटक बाराको पथलैयास्थित सशस्त्र प्रहरी कार्यालयमा आवेदन दिए । तर त्यस पटक पनि उनी असफल भए । तेस्रो पटक उनले सिन्धुलीको दुधौलीमा प्रहरी जवान पदमा आवेदन दिए । तर सफलताको ढोका उनले खोल्न सकेनन् । लगातारको असफलताबाट पनि उनी आत्तिएनन् । चौथो पटक २०७५ मा काठमाडौंको महाराजगन्जबाट नेपाल प्रहरीका लागि निवेदन दिए । यसपाला भने उनी शारीरिक परीक्षामा पास भए तर लिखितमा फेल । पाँचौं पटक २०७६ मा जनकपुरबाट नेपाल प्रहरीका लागि आवेदन दिए । तर सफलता उनको भागमा परेन ।

नेपाल प्रहरी र सशस्त्र दुवैमा भर्ती हुने प्रयास सफल नहुँदा नेपाली सेनामा पो भर्ती हुन सकिन्छ कि भनेर कोसिस गरे । २०७६ मा उनले सेनाको जवान पदका लागि रौतहटको गौरबाट आवेदन दिए । तर पहिलो चरणमै छनोटबाट बाहिरिए । निरन्तरको असफलताबाट पनि उनले हरेस खाएका थिएनन्, बाबुआमा भने दिक्क थिए ।

उनी त्यतिबेला भने बेचैन भए, जब थाहा पाए- प्रहरी जवानमा भर्तीका लागि अन्तिम उमेरहद २३ वर्ष थियो । तर संयोग यस्तो भइदियो कि सातौं पटकको प्रयासमा उनले प्रहरी जवानमा नाम निकाले । उनले सुनाए, 'सातौं पटकको आवेदन दिँदा मेरो उमेर २३ वर्ष नाघ्न २२ दिन मात्रै बाँकी थियो ।'

प्रहरीमा छनोट भएपछि उनले एक वर्षको तालिम पाए । पोखरामा आधारभूत तालिम पूरा गरेर गत बिहीबार दीक्षान्त समारोहमा बर्दी पहिरिए । एक साताको बिदामा घर आएका रोमियोले भने, 'परिवारका कसैको पनि नियमित आम्दानी थिएन । त्यही भएर पनि दिगो हुने जागिरमा प्रहरी बन्ने सपना देखेको थिएँ ।'

राजकुमारका बुवा नन्दलाल छोराको संघर्षले परिवारको सपना पूरा भएको भन्दै प्रसन्न छन् । 'ऊ फेल भइरहँदा हामी आत्तियौं तर उसले हरेस खाएन,' उनले भने, 'जति पटक फेल हुँदा पनि कोसिस गर्न छाडेन ।' रोमियोलाई जागिरमा अघि बढ्ने रहर छ । उनले भने, 'अगाडि बढ्न पढाइ जरुरी छ । अब मेरो लक्ष्य १२ कक्षासम्मको पढाइ पूरा गर्नु पनि हुनेछ ।'

# निर्वाचन भत्ता...

आयोगले उनीहरूले पाउने भत्ता घटाएर मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई सुविधा बढाएको हो । सुरक्षाकर्मीको खाजा खर्च दैनिक ३ सय रुपैयाँबाट बढाएर ६ सय रुपैयाँ पुर्‍याएको छ ।

आयोगले मितव्ययिता अपनाउने भने पनि आफूले गरेको खर्च स्वीकृत गर्ने जिल्ला कोष तथा लेखा नियन्त्रण कार्यालय प्रमुखलाई रिझाउन तलबको शतप्रतिशत भत्ता, यसबाहेक खाजा खर्च थप ३ सय, बिदाको दिन खाजा ६ सय रुपैयाँ दिने गरी कार्यविधि बनाइएको छ । जिल्ला निर्वाचन व्यवस्थापन समितिका पदाधिकारीलाई पनि शतप्रतिशत भत्ता र खाजा-खाना खर्च दिने व्यवस्था गरेको छ । समितिमा मुख्य निर्वाचन अधिकृतको संयोजकत्वमा प्रमुख जिल्ला अधिकारी, सुरक्षा प्रमुखहरू, निर्वाचन अधिकृत, कोलेनिका प्रमुख र निर्वाचन अधिकारी रहने व्यवस्था छ । उनीहरूले निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको दिनदेखि समानुपातिक निर्वाचन प्रणालीको मतगणना सम्पन्न भएसम्म सुविधा पाउनेछन् । 'सबै काम छाडेर उहाँहरू निर्वाचनमा मात्रै केन्द्रित हुनुपर्ने भएकाले हामीलाई सरह नै सुविधा दिने व्यवस्था गरिएको हो,' प्रवक्ता पौडेलले भने, 'स्थानीय तहको समीक्षा बैठकमा पनि जिल्ला व्यवस्थापन समितिलाई भत्ता हुनुपर्ने माग आएको थियो ।'

निर्वाचनको मिति घोषणा भएदेखि अन्तिम परिणाम घोषणा भएको ३५ दिनसम्म प्रमुख आयुक्तदेखि निर्वाचनमा खटिने कार्यालय सहयोगीसम्मले शतप्रतिशत भत्ता, दैनिक न्यूनतम ३ सयदेखि ६ सय रुपैयाँसम्म खाजा-खाना खर्च पाउने कार्यविधिमा उल्लेख छ । निर्वाचनको कुनै काममा संलग्न आयुक्त, आयोगको सचिवालय तथा निर्वाचन कार्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी तथा सेवा करार र काजमा कार्यरत कर्मचारी, आयुक्तको सुविधामा कार्यरत

**प्रमुख जिल्ला अधिकारी, सुरक्षा प्रमुख, कोलेनिका प्रमुखलाई तलबको शतप्रतिशत भत्ता, खाजा र खाना खर्च थप, मतदान केन्द्रमा लाइन व्यवस्थापन र मतदाताको नामावली रूजु गर्ने स्वयंसेवकको भत्ता भने १२ सयबाट कटौती गरेर १ हजार रुपैयाँ कायम**

कर्मचारी, आयुक्तको निवासमा सुरक्षाका लागि खटिएका सुरक्षाकर्मी, आयुक्त तथा सचिवका निजी सुरक्षा अधिकारी (पीएसओ) र आयोगको मूल गेटमा खटिने नेपाल प्रहरीका दस जनासम्म सुरक्षाकर्मीले यो सुविधा पाउनेछन् । त्यस्तै निर्वाचनको काममा भ्रमण जाने कर्मचारी र पदाधिकारीले भ्रमण दैनिक भत्ताबाहेक पनि तलबको थप ५० प्रतिशत पाउनेछन् । आयोगका पदाधिकारीले सुरु तलब स्केलको शतप्रतिशत भत्ता, प्रतिदिन ३ सय रुपैयाँ खाजा, बिदाको दिनमा खाना खर्च ६ सय रुपैयाँ, सञ्चार सुविधा मासिक २ हजार ५ सय रुपैयाँ पाउनेछन् । आयोगका सचिवले २ हजार रुपैयाँ, सहसचिवले १ हजार ५ सय रुपैयाँ, उपसचिवले १ हजार रुपैयाँ र शाखा अधिकृतले मासिक १ हजार रुपैयाँ सञ्चार सुविधा पाउनेछन् ।

कार्यविधिमा उल्लेख गरेअनुसार स्रोत व्यवस्थापनका लागि आयोगले सरकारलाई पत्र पठाइसकेको छ । अर्थ मन्त्रालयमा निर्वाचन खर्च १० अर्ब ९८ करोड रुपैयाँ प्रस्ताव गरेकामा १० अर्ब रुपैयाँको मात्रै सिलिङ दिएको आयोगले जनाएको छ ।




# ४,६४५ मिटरमा गल्फ

## विश्वको सबैभन्दा उच्च स्थानमा रहेको मुस्ताङ गल्फ कोर्समा श्याम र सुष्माले जिते उपाधि

**विनोद पाण्डे** (लोमन्थाङ, उपल्लो मुस्ताङ)

मुस्ताङ गल्फ कोर्समा यसअघि कुनै औपचारिक प्रतियोगिता भएको थिएन । सम्मानस्वरूप ८१ वर्षीया डाक्टर रीता थापाले पहिलो 'टी अफ' गरेपछि उपल्लो मुस्ताङको लोमन्थाङमा अवस्थित यस कोर्स नयाँ कीर्तिमानतर्फ अग्रसर भएको छ ।

टी अफसँगै मुस्ताङ गल्फ कोर्स विश्वको सबैभन्दा उच्च स्थानमा प्रतियोगिता आयोजना गर्ने स्थल बनेको छ । 'टप अफ द वर्ल्ड गल्फ क्लासिक' नाम दिइएको प्रतियोगितामार्फत विश्व कीर्तिमानलाई प्रयास गरिएको हो । ४ हजार ६ सय ४५ मिटर उचाइमा गरिएको यस प्रतियोगितालाई उच्च स्थानमा गरिएको गल्फ इभेन्टमा समावेश गर्न गिनिज बुक अफ वर्ल्ड रेकर्ड्समा पहल गरिने नेपाल प्रोफेसनल गल्फर्स संघका महासचिव दीपक आचार्यले बताए ।

मुस्ताङ गल्फ कोर्सले विगतमा विश्वकै उच्च स्थानको गल्फ कोर्सको रूपमा अवस्थित सिक्किमस्थित याक गल्फ कोर्स (३,९७० मिटर) लाई उछिनेको हो । महासचिव आचार्यले मुस्ताङ गल्फ कोर्स अब छिट्टै विश्व कीर्तिमानमा दर्ज हुने बताए । गण्डकीका प्रदेश सांसद इन्द्रधारा विष्टको पहलमा मुस्ताङ गल्फ कोर्स निर्माण गरिएको हो । नौ होलको प्रतियोगितामा ३६ खेलाडी थिए, त्यसमा एक अमेरिकी थिए । काठमाडौंबाट २१, पोखराबाट १०, मुस्ताङ र बुटवलबाट २-२ तथा अमेरिकाबाट १ खेलाडीले प्रतिस्पर्धा गरेका हुन् । तीन महिला खेलाडी थिए ।

काठमाडौंका श्याम तामाङ स्टेबलफोर्ड ३/४ ह्यान्डिक्याप फर्म्याटमा खेलाइएको प्रतियोगितामा २२ स्कोर गर्दै विजेता बने । पोखराका बलराम थापा २० अंक जोड्दै दोस्रो भए । वेस्ट ग्रसको उपाधि रवीन्द्र सैनीले जिते । उनले १४ ग्रस जोडेका थिए । महिलातर्फ सुष्मा सिंहले उपाधि जोडिन् । उनले १५ स्कोर गरिन् । लङगेस्ट ड्राइभको ट्रफी पनि रवीन्द्र सैनीले जिते । क्लोजेस्ट टु द पिनको उपाधि श्याम सिम्खडाले जिते । तेस्रो होलमा होल इन वान पुरस्कार राखिए पनि कसैले गर्न सकेनन् । विजेतालाई घोडा पुरस्कार राखिएको थियो ।






**मुस्ताङ गल्फ कोर्समा शनिबार 'टप अफ द वर्ल्ड गल्फ क्लासिक' प्रतियोगितामा प्रतिस्पर्धा गर्दै गल्फर कर्मा गुरुङ । प्रतियोगिताका विजेता गल्फरहरू (तल) ।** *तस्बिर सौजन्य : सुवास हुमागाईं*

# लिभरपुलको ९ गोल, हालान्डको ह्याट्रिक

लिभरपुल (एएफपी)- लिभरपुलले शनिबार बर्नमाउथलाई ९-० ले हराएर प्रिमियर लिगमा सबैभन्दा फराकिलो जितको कीर्तिमान बराबरी गरेको छ । एनफिल्डमा प्राप्त जित सिजनको चौथो खेलमा आइपुग्दा लिभरपुलले पाएको पहिलो सफलता हो ।

रोबर्टो फिर्मिनो र लुइस डियाजले दुई-दुई गोल गरे भने हार्भे इलियट, ट्रेन्ट अलेक्जान्डर-आर्नोल्ड, भर्जिल भान डाइक, फाबियो कार्भाल्होले एक-एक गोल गरे । बर्नमाउथका क्रिस मेफामले आफ्नै पोस्टमा एक गोल गर्न पुगे ।

लिभरपुलको जितले म्यानचेस्टर युनाइटेडको सन् १९९५ को कीर्तिमान बराबरी गरेको हो । त्यतिबेला युनाइटेडले इप्सविचलाई ९-० ले हराएको थियो । युनाइटेडले गत वर्ष उही अन्तरमा साउथह्याम्पटनलाई पनि हराएको थियो । साउथह्याम्पटनमाथि नै लेस्टर सिटीले २०१९ मा ९-० को जित निकालेको थियो ।

अर्को खेलमा म्यानचेस्टर सिटीले २-० ले पछाडि परेको स्थिति उल्टाएर क्रिस्टल प्यालेसलाई ४-२ ले पराजित गर्‍यो । त्यसमा इर्लिङ हालान्डले ह्याट्रिक गरे भने बर्नाडो सिल्भाले एक गोल गरे । सिटीले चारै गोल दोस्रो हाफमा गरेको थियो । सिल्भाले ५३ औं मिनेटमा सिटीको गोलको खाता खोलेपछि हालान्डले ६२, ७० र ८१ औं मिनेटमा बललाई पोस्टको दिशा दिँदै ह्याट्रिक पूरा गरे । हालान्डले प्रिमियर लिगका ४ खेलमा ६ गोल पुर्‍याए । यसअघि जोन स्टोनको आत्मघाती गोल र जोचिम एन्डरसनले २१ औं मिनेटमा गरेको गोलमा प्यालेसले पहिलो हाफमा दुई गोलको अग्रता लिएको थियो ।

त्यस्तै, म्यानचेस्टर युनाइटेडले ब्रुनो फर्नान्डेजको गोलमा साउथह्याम्पटनमाथि १-० को कठिन जित पाएको थियो । सुरुका दुई खेल हारेपछि एरिक टेन हागको टिम अंकतालिकाको पुछारमा थियो । त्यसयता लगातार दोस्रो जित रच्दै उसले खराब सुरुआतबाट लय समातेको हो । उसले अघिल्लो खेलमा लिभरपुलको चुनौती २-१ ले पन्छाएको थियो ।

टेन हागले क्रिस्टियानो रोनाल्डो र कप्तान ह्यारी मगायरलाई फेरि 'बेन्च'मा राख्दै लिभरपुलविरुद्धकै टिम मैदानमा उतारेका थिए । ओल्ड ट्राफोर्ड छाड्न चाहेका रोनाल्डोलाई अन्तिम २० मिनेट मैदानमा प्रवेश गर्दा ठूलो संख्याले बेवास्ता गरेका थिए । रियल म्याड्रिडबाट आएका ब्राजिली मिडफिल्डर कासेमिरोले सब्स्टिच्युटको रूपमा १० मिनेट बाँकी छँदा मैदानमा प्रवेश गर्दै प्रिमियर लिगमा डेब्यु गरे । पहिलो हाफमै १० खेलाडीमा समेटिएको चेल्सीले लेस्टरमाथि २-१ को कठिन जित रच्यो । चेल्सीका दुवै गोल रहिम स्टर्लिङले गरे । पास्कल ग्रसले दोस्रो हाफमा गोल गरेपछि ब्राइटनले लिड्सलाई १-० ले हरायो । ब्रेन्टफोर्ड र एभरटनले १-१ को नतिजा निकाल्दै अंक बाँडे ।



**ह्याट्रिक गरेपछि सिटीका इर्लिङ हालान्ड ।** *तस्बिर : एपी*

## चितवन र मकवानपुर विजयी

हेटौंडा (कास)- हेटौंडाको पिप्ले-क्याम्पा रंगशालामा पहिलो पटक आयोजित रग्बी प्रतियोगितामा पुरुषतर्फ चितवन र महिलातर्फ मकवानपुर विजयी भएका छन् । पुरुषतर्फ चितवनले मकवानपुरलाई ३-१ गोलले पराजित गरेको छ । मकवानपुरले चितवनलाई ७-० ले हराएर महिलातर्फको ट्रफी जितेको छ ।

**बानेश्वर क्याम्पस**
शान्तिनगर, बानेश्वर, काठमाडौंमा
**कक्षा ११ मा भर्ना खुल्यो !**
राजधानीको केन्द्र विन्दुमा रहेको सर्वसुलभ मासिक शुल्कमा विषय विज्ञहरुबाट अध्यापन गराइने यस बानेश्वर क्याम्पस शान्तिनगर, काठमाडौंमा शैक्षिक सत्र २०७९/०८० का लागि विहानी समयमा व्यवस्थापन, मानविकी, शिक्षा तथा कानुनका विषयहरुमा कक्षा ११ मा धमाधम भर्ना भई रहेको छ । सीट सिमित भएकाले समयमानै सम्पर्क गर्नुभई भर्ना हुन सूचित गरिन्छ ।
क्याम्पस Location: गैह्री गाउँ पेट्रोल पम्पबाट २०० मिटर भित्र बागमती पूल नजिकै
सम्पर्क नं : ९८४१९०७२८७, ०१-४६२०३१०, ९८४५९६६६१०, ९८५१२०१६१६




**कान्तिपुर पब्लिकेशन्स् लिमिटेड**द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, सम्पादक : **उमेश चौहान**, प्रधान सम्पादक : **सुधीर शर्मा**

# चुनाव केन्द्रित हुँदै दलहरू

## आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा सत्तारूढ गठबन्धन र नेकपा एमालेबीच तीव्र प्रतिस्पर्धा हुने सम्भावना

**देवनारायण साह** (मोरङ)

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मिति घोषणापछि चुनावी चहलपहल सुरु भएको छ। कांग्रेस, एमाले, माओवादी केन्द्र, जनता समाजवादी पार्टी, नेकपा (एकीकृत समाजवादी), राप्रपालगायतका दलहरूले चुनावी गतिविधि सुरु गरेका छन्। दलहरू अहिले सम्भावित उम्मेदवारको नाम छनोटमा जुटेका हुन्। दलहरूले वडा र टोलसम्म चुनावी भेला गर्न थालेका छन्। कांग्रेस नेता शेखर कोइरालाले शनिबारदेखि आफ्नो निर्वाचन क्षेत्र मोरङ-६ मा सुन्दरहरैंचाबाट निर्वाचन लक्षित प्रशिक्षण कार्यक्रम सुरु गरेका छन्। कांग्रेस प्रदेश १ का सभापति उद्धव थापाले अहिले 'जनताको साथमा कांग्रेस' अभियान लिएर प्रदेशभरि चुनावी अभियान सुरु गरेको बताए। उनले सम्भावित उम्मेदवारको समेत नामावली छनोट कार्य सुरु गरेको बताए। यस्तै, एमालेका प्रदेश १ इन्चार्ज देवराज घिमिरेले पार्टीको केन्द्रीय कमिटीले तोकेको उम्मेदवारको मापदण्ड र छनोट कार्यविधिका आधारमा अब निर्वाचन क्षेत्रीय कमिटीले सम्भावित उम्मेदवारको नाम छनोट गर्ने कार्य सुरु भएको बताए। उनले चुनावी अभियानलाई तीव्रता दिन हरेक स्तरमा बैठक भइरहेको बताए।

माओवादी केन्द्रका प्रदेश अध्यक्ष हर्कबाहुर नेम्वाङले पनि पार्टीको निर्देशनअनुसार उम्मेदवार छनोटका साथै चुनावी अभियानका लागि निर्वाचन क्षेत्रलक्षित भेला बैठक सुरु गरेको बताए। नेकपा (एकीकृत समाजवादी) का प्रदेश १ अध्यक्ष बलदेव चौधरीले पार्टीको संगठन निर्माणका साथै सम्भावित उम्मेदवारको नाम छनोट गर्ने काम भइरहेको बताए। उनले पार्टी संगठन निर्माणका साथै चुनावमा जुट्न बैठक र भेला भइरहेको बताए।

चौधरीले पार्टीले शनिबार सुनसरीको चारवटै क्षेत्रका लागि उम्मेदवारको नाम छनोट गरेको जानकारी दिए। सुनसरीको निर्वाचन क्षेत्र १ मा प्रतिनिधिसभा सदस्यका लागि प्रदेश १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईलगायत चार जनाको नाम सिफारिस गरिएको छ। जिल्ला कमिटी बैठकले मुख्यमन्त्री राईका साथै लक्ष्मण चौधरी, पदमा सुब्बा र जीवन राईको नाम सिफारिस गरेको छ। निर्वाचन क्षेत्र २ मा धर्म निरौला, केपी सापकोटा र सरिता कार्की लामा, क्षेत्र ३ मा मो. जैनुल हक मियाँ, कमला दुलाल र जुगुतनारायण चौधरी र क्षेत्र ४ मा केशवप्रसाद तिम्सिना, डा. सीएन पाठक र कैलाश अन्जुमको नाम सिफारिस गरिएको छ। प्रदेशसभाका लागि समेत उम्मेदवारको नाम सिफारिस गरेको उनले बताए।



तेह्रथुमको छथर गाउँपालिकामा चुनाव लक्षित कार्यक्रममा सहभागी कार्यकर्ताहरूलाई प्रशिक्षण दिँदै एमाले नेताहरू। *तस्बिर सौजन्य : लक्ष्मण तिवारीको फेसबुकबाट*

### ताप्लेजुङमा पनि दौडधुप

ताप्लेजुङ- प्रतिनिधि र प्रदेशसभा निर्वाचन मिति नजिकिँदै जाँदा उम्मेदवारीलाई लिएर रस्साकस्सी सुरु भएको छ। एमाले केन्द्रीय कमिटी सचिव योगेशकुमार भट्टराईले आफ्नो निर्वाचन क्षेत्र भएकाले आफूले टिकटको दाबी गर्नु स्वाभाविक भएको बताए। एमाले पोलिटब्युरो सदस्य एवं जिल्ला इन्चार्ज तिलकुमार मेन्याङ्वोले आफ्नो पनि उम्मेदवारीमा दावेदारी रहेको बताए। एमालेबाट प्रतिनिधिसभामा जिल्ला कमिटी अध्यक्ष भूपेन्द्र थेबे, उर्मिला थेबे, डम्बरध्वज तुम्बाहाम्फेलगायतले टिकट पाउनुपर्ने भनिरहेका छन्। कांग्रेस र माओवादीका नेतालाई गठबन्धनमा संघ या प्रदेश के पर्छ भन्ने चासो छ। संघमा यसअघिका दुई निर्वाचनमा पराजित निवर्तमान कांग्रेस जिल्ला सभापति लीलादेवी बोखिम, गत चुनावका उम्मेदवार केशवप्रसाद दाहाल, प्रदेश १ का उद्योग श्रम तथा रोजगारमन्त्री प्रतापप्रकाश हाङगाम, महाधिवेशन प्रतिनिधि एवं सिरिजंगा गाउँपालिकाका निवर्तमान अध्यक्ष टीका गुरुङ, एमाले छोडेर कांग्रेस छिरेका वैदेशिक रोजगार महासंघका पूर्वअध्यक्ष बलबहादुर तामाङलगायतले पनि कांग्रेसकातर्फबाट दाबी गरेका छन्। उनीहरूको चाहना प्रत्यक्ष वा समानुपातिक जे भए पनि हुने भन्नेमा छ। प्रदेशसभा 'ख' मा क्षेत्रीय सभापति खगेनसिंह हाङगाम र महाधिवेशन प्रतिनिधि इन्द्र केदेममको चर्चा छ। पार्टी सभापति गजेन्द्रप्रसाद तुम्याहाङ र गुरुङको चर्चा प्रदेशसभा 'क' को उम्मेदवारीमा पनि छ।

पार्टीको भागमा परे माओवादीका जिल्ला इन्चार्ज खेलप्रसाद बुढाक्षेत्री संघ या प्रदेश 'क' मा निर्विकल्प उम्मेदवार हुन्। उनले पार्टी छोडेर अन्यत्र गएका र गठबन्धन दलसँग पनि समन्वय गरिरहेका छन्। माओवादीबाट एमालेमा गएका संविधानसभा सदस्य सञ्चपाल मादेन बुढाक्षेत्रीले आफू जुन पदमा भए पनि उठ्ने र पुरानो घरमा फर्कन आग्रह गरिएको बताए। मादेनले पनि मनस्थिति बदलिँदै गएको तर निर्णय गरिनसकेको बताए। बुढाक्षेत्री भने संघ र प्रदेश 'क' पार्टीको भागमा परे आफू उम्मेदवार हुने बताउँछन्। 'संघ या प्रदेश 'क' मा परे मेरो दाबी रहन्छ,' बुढाक्षेत्रीले भने, 'ख मा परे पार्टीको तर्फबाट अरु नै साथीहरू उम्मेदवार बन्नुहुन्छ, म उता तर्दिनँ।'

एकीकृत समाजवादीलाई यसअघि नै जिल्ला समन्वय समिति प्रमुख दिएकाले संघ र प्रदेश कांग्रेस र माओवादीको भागमा पर्ने बुझाइ दुई पार्टीका नेताको छ। तीनमध्ये कांग्रेसको दुई र एक माओवादीको हुनेमा दुवै दलका नेता ढुक्क छन्। माओवादीका कतिपय नेताले प्रदेश 'क' भए हुने भन्ने चाहना राखेका छन्। माओवादीका एक नेताले भने, 'पहाडका पाँचथर, इलाम, तेह्रथुम, संखुवासभा र धनकुटा जिल्ला माओवादीको संघमा पर्ने सम्भावना कम छ, त्यसैले ताप्लेजुङ पर्न सक्छ।'

कांग्रेस, एमाले र माओवादी तीनै दलमा दुई समूह भएकाले एकले अर्को समूहलाई नियालेर दाबी गरिरहेको नेताहरू बताउँछन्। तर आन्तरिक सहमति गरेर संघ र प्रदेशको प्रत्यक्ष तथा समानुपातिकमा मिलाए सबै नेता व्यवस्थापन हुने पनि कतिपयको बुझाइ छ। एकीकृत समाजवादीका अध्यक्ष छिरिङ लामा आफ्नो पार्टीको पनि सशक्त दाबी रहेको बताउँछन्। एसले संघका लागि हर्क याक्सो, कल्पना तुम्बाहाम्फे र मुकुन्द भट्टराईको नाम अघि सारेको छ।

प्रदेशका लागि 'क' मा शम्भु गौतम, सुनिता मादेन, डालकुमार गुरुङ प्रत्यक्ष र नीता कुमारी सिंवा, अमर लोहार र आरसी पोमुको नाम समानुपातिकमा सिफारिस गरेको छ। 'ख' मा खेमबहादुर बनेम, मञ्जु पौडेल र ठाकुरसिंह नाल्बो प्रत्यक्ष र देवीमाया नेपालीको नाम समानुपातिकमा हुनुपर्ने भनिएको छ। गठबन्धनमा आबद्धमध्ये जिल्लामा जसपा, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च पनि छन्। जसपा जिल्ला अध्यक्ष किर्तिमान मादेन कांग्रेस र माओवादीले आफूहरूलाई नगनेको गुनासो गर्छन्। 'केन्द्रले पनि केही भनेको छैन र हामीले पनि चासो राखेका छैनौं,' मादेनले भने, 'जिल्लामा पनि गठबन्धनको बैठक नबसेकाले अब हामी बुझ्ने काम गर्छौं।' राप्रपाले भने केन्द्रमा एमालेसँग समीकरण भए त्यहीअनुसारको गतिविधि गर्ने योजना बनाएको छ। नभए फुङलिङ नगरपालिका घर भई काठमाडौं बस्दै आएका राम कार्कीलाई संघको उम्मेदवार बनाउने तयारी छ। जिल्लामा राजेन्द्र लिङ्देन नेतृत्वको पार्टीको प्रभुत्व छ।

### विरासत जोगाउने दाउमा एमाले

तेह्रथुम- प्रतिपक्षी दल नेकपा एमाले चुनाव केन्द्रित भई गाउँ पसेको छ। प्रदेश सांसद लक्ष्मण तिवारी र तेजमान कन्दङवाको नेतृत्वमा एमाले गाउँबस्तीमा डुल्दै छ। तर परिस्थिति फरक छ। २०७४ को प्रदेश र संघको निर्वाचनताका एमालेसँग बलियो राजनीतिक एजेन्डा र मजबुत पार्टी संगठन थियो।

जिल्लामा एमालेको माहोल राम्रो थियो। माओवादी केन्द्रसँग तालमेल गरेर प्रदेश र संघको दुवै निर्वाचनमा एमाले विजयी भयो। तर अहिले राजनीतिक 'कोर्स' बदलिएपछि एमाले योपटक जिल्लामा पनि एक्लिएको छ। सत्ता गठबन्धन दलले जिल्लामा एकताबद्ध भएर जाने निर्णय गरेकाले एमालेलाई आगामी निर्वाचनमा एक्लै भिड्नुपर्ने भएको छ।

एमालेसँग यसपटक हेभिवेट मानिएका हालका स्वास्थ्यमन्त्री भवानीप्रसाद खापुङ छैनन्। तीनपटक संघको टिकट पाएर दुईपटक एमालेबाट चुनाव जितेका खापुङको अभाव एमालेमा खड्किएको छ। उनी नेकपा एकीकृत समाजवादीमा प्रवेश गरेर स्वास्थ्य राज्यमन्त्री हुँदै मन्त्री छन्। एमाले पनि जिल्लामा हेभिवेट उम्मेदवारको खोजीमा छ। 'खापुङभन्दा क्षमतावान् नेता एमालेमा धेरै रहेकाले जिल्लाका सबै सिटमा एमालेले चुनाव जित्छ,' म्याङलुङ नगरपालिकाका मेयरसमेत रहेका एमाले उपाध्यक्ष सञ्जय तुम्बाहाङफेले दाबी गरे।

खापुङ गठबन्धनको तर्फबाट संघको साझा उम्मेदवार बन्ने कसरतमा छन्। संघमा कांग्रेसकी केन्द्रीय सदस्यसमेत रहेकी प्रधानमन्त्री शेरबहादुर देउवा निकट सीता गुरुङ र तुलसी सुब्बा टिकटको दौडधुपमा छन्। संघमा गठबन्धन दलबाट साझा उम्मेदवार दाबी गरिरहेका स्वास्थ्यमन्त्री खापुङको गठबन्धनकै कारण टिकट पाउने सम्भावना न्यून छ। आफूले अन्य दलका उम्मेदवारलाई छोड्नुपर्ने अवस्था आएमा पार्टीका जिल्ला अध्यक्ष रहेका कृष्ण चोङबाङलाई प्रदेश (क) को उम्मेदवारको टिकट दिलाउने कसरतमा खापुङ र उनको पार्टी लागेको छ।

प्रदेश (ख) मा सत्ता गठबन्धन दलको साझा उमेदवारको रूपमा माओवादी केन्द्रका केन्द्रीय सदस्य दुर्गाप्रसाद चापागाईले टिकट पाउने मोटामोटी सहमती भइसकेको कांग्रेसले जनाएको छ। दुवै प्रदेश निर्वाचन क्षेत्रमा चोङबाङ र चापागाईले टिकट पाए जिल्लाको ठूलो दल कांग्रेसको उम्मेदवारी शून्य हुने भएकाले यसको फाइदा फेरि पनि एमालेलाई हुनेछ। चुनावको नतिजा आफ्नै पक्षमा आउने दाबी गर्दै एमाले नेताहरू गाउँ छिरेका छन्। एमालेमा खापुङको बहिर्गमनपछि संघको टिकटका लागि प्रदेश सांसद तिवारी र कन्दङवाको नाम चर्चामा छ। नेता विजय सुब्बाले समेत यस पटक इच्छा गरेकाले उनको पनि सम्भावना उत्तिकै रहेको एमालेले जनाएको छ।

### जोड-घटाउमा धनकुटाका दल

धनकुटा- प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको मिति टुंगो लागेसँगै जिल्लास्थित राजनीतिक दल चुनावी जोड-घटाउमा जुटेका छन्। प्रतिनिधिसभातर्फ एक र प्रदेशसभामा दुई निर्वाचन क्षेत्र रहेको धनकुटामा मुख्य गरी गठबन्धन दल र एमाले बीच प्रतिस्पर्धा हुने आकलन गरिएको छ। यसअघि प्रत्यक्षतर्फ प्रतिनिधिसभा र प्रदेशसभामा एमालेले एकछत्र कब्जा जमाएको थियो। यसपटक सत्ता गठबन्धन दलहरूबीच तालमेल भएको खण्डमा एमालेलाई कडा चुनौती हुने देखिन्छ। तर गठबन्धनमा आबद्ध चार दलका लागि तीन मात्र उम्मेदवार हुनुपर्ने बाध्यता छ। आकांक्षीहरू बढी हुनु र उनीहरूले उम्मेदवारी दिनेमा अडिग रहेका कारण गठबन्धन अप्ठेरोमा पर्ने खतरा पनि देखिन्छ।

सत्ता गठबन्धनबाट मुख्य तीन जनाले खुला रूपमै दाबेदारी अघि सारेका छन्। नेपाली कांग्रेसबाट पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाको छोरासमेत रहेका सुनीलबहादुर थापाको अडान छ। तर, गठबन्धनभित्रकै माओवादी पार्टीका प्रभावशाली नेता हेमराज भण्डारी र पूर्वमन्त्री तथा जनता समाजवादी पार्टीका नेता रकम चेम्जोङले पनि अडान राख्दै आएका छन्। तीनै जनाले एक मात्र सिट रहेको ठाउँमा आफ्नो दाबी राखेका कारण गठबन्धनको अवस्थाले फाइदा पुग्नेमा एमाले आशावादी देखिन्छ। कांग्रेस नेता थापाले गठबन्धनका तर्फबाट आफू निर्विकल्प उम्मेदवार रहेको बताउँछन्। अरुले दाबी राख्नु स्वाभाविक रहे पनि गठबन्धनले आफूलाई टिकट दिने र त्यसलाई सबैले स्विकार्नुको विकल्प नभएको उनको दाबी छ। 'यसपटक पनि मेरो उम्मेदवारीको हक लाग्छ, म चुनावका लागि तयारीका साथ अघि बढिसकेको छु,' उनले भने, 'चुनावका बेला अरुले दाबी गर्नु सामान्य भए पनि सबैले गठबन्धनको मर्यादा र भावनाको सम्मान गर्नुपर्छ।'

माओवादी नेता तथा स्थायी कमिटी सदस्य हेमराज भण्डारी आफूलाई पार्टीले टिकट दिनुपर्ने अडानमा छन्। उनले जहिल्यै कांग्रेस र अरु दललाई सघाएर मात्र आफ्नो राजनीतिक अघि नसर्ने भएकाले पछि नहट्ने बताउँछन्। उनले आफूले उम्मेदवार नपाए पार्टीभित्रै विद्रोह गरेर अघि बढ्ने खुलेर बताउँदै आएका छन्। 'अब कुनै हालतमा माओवादीले कांग्रेसलाई भोट हाल्दैन,' उनले भने, '०७४ मा एमालेलाई भोट हालियो, अनि यसपटक कांग्रेसलाई भोट हाले माओवादीले राजनीति गर्नुको तुक छैन।'

टिकट नदिए स्वतन्त्रमा उम्मेदवारी दिने नेतृत्वलाई जानकारी गराएकाले उनले बताए। आफू संविधानसभा सदस्य भएको बेला गौरवशाली योजना तमोर कोरिडोर ल्याउन सफल भएको र जिल्लामा एयरपोर्ट निर्माणलगायत पर्यटकीय क्षेत्रको गतिविधिका विगतको योजनालाई पूरा गर्न जसरी पनि निर्वाचनमा उम्मेदवारी दिने उनको अडान छ। जसपाका नेता पूर्वमन्त्री चेम्जोङले भने, 'यसअघि पनि सुनीलजीलाई सघाएको हो, सधैं उहाँलाई नै सघाउनुपर्छ भन्ने होइन, गठबन्धनबाट उम्मेदवार बन्नेमा पछाडि हट्ने कुरै छैन।' उनका अनुसार राजनीति गर्ने अनि चुनावमा नभिड्ने भएर बस्न सकिँदैन। 'अब छैटौं पटक पनि चुनाव लड्ने नै हो, मेरो आवश्यकता मतदाताले खोजी गरेका छन्,' उनले भने। गठबन्धनले टिकट वितरणका लागि बनाएको ११ सदस्यीय कार्यदलका सदस्यसमेत रहेका उनले कांग्रेस नेता थापाको विकल्पमा आफ्नो उमेदवारी रहने स्पष्ट पारे।

# लेकाली कान्छालाई पुरस्कार



पाँचथर (कास)- १ सय ५६ औं मोती जयन्तीको अवसरमा शनिबार यस वर्षको स्वर्गीय ऐतराज केरुङ स्मृति गजल पुरस्कार ताप्लेजुङका गजलकार लक्ष्मीप्रसाद लिम्बू (लेकाली कान्छा) लाई प्रदान गरिएको छ। पुरस्कार पाँचथर गजल मञ्चका संस्थापक अध्यक्ष मधुराज केरुङ र उनका दाजु सागर केरुङले दिवंगत पिता ऐतराज केरुङको स्मृतिमा स्थापना गरेका हुन्। ८ वर्षअगाडि स्थापना भएको उक्त पुरस्कारको राशि ८ हजार ८ रुपैयाँ नगदसहित कदरपत्र छ। २०७७ र ०७८ मा कोरोना संक्रमणका कारण पुरस्कार वितरण हुन नसकेको मञ्चका अध्यक्ष सन्देश सुब्बाले जानकारी दिए। कार्यक्रममा जुनु खतिवडा, कुवेर मृदुल आङबो, पुर्ण परिचित जवेगू, राज दिलाञ्जली, नरेन्द्र केरुङ अन्योल, मणि चापागाई र रहर पारखीले विभिन्न विधाका गजल वाचन गरेका थिए।

# छुरा प्रहारबाट श्रीमतीको हत्या

# 'मार्छु भन्थे, मारेरै छाडे'

**अर्जुन राजवंशी** (बिर्तामोड)

सधैंजस्तै ५० वर्षीय नाइके हस्दा शुक्रबार पनि रात परेपछि मात्र घर आइपुगे। मदिरा सेवन गरेका उनले श्रीमती र बुहारीलाई गाली गर्न थाले। भनाभनकै क्रममा श्रीमतीसँग उनले झगडा गर्न थाले। तर, शुक्रबार उनको झगडाको प्रकृति अन्य दिनमा भन्दा फरक थियो। रातको करिब ९ बज्न लागेको थियो। गाउँका सबैले बत्ती निभाइसकेका थिए। औंसीको अघिल्लो रात बाहिर निष्पट्ट अन्धकार थियो। झगडा गर्दागर्दै नाइकेले छुरा निकाले। श्रीमती ४५ वर्षीया तालामाई हस्दालाई आक्रमण गर्न थाले। तालामाई डराएर बारीतिर भागिन्। नाइकेले खेदाउँदै गएर छुरा प्रहार गरे। तालामाईले उनको प्रहार दायाँ हातले रोक्ने प्रयास गरिन्। हातमा सामान्य चोट लाग्यो। नाइकेले लगत्तै दोस्रो पटक प्रहार गरे। भाग्दै गर्दा तालामाईले पुनः नाइकेको छुरा प्रहार रोक्ने प्रयास गरिन्। तर, छुराले तालामाईको दायार हत्केलामा छेडिनेगरी काटियो। गम्भीर चोट लागेपछि तालामाई भाग्न सकिनन्। नाइकेले उनीमाथि लगातार छुरा प्रहार गरिरहे। तेस्रो पटकमा नाइकेको प्रहार तालामाईको कोखामा लाग्यो। उनी घर अगाडिको सडकमा ढलिन्। तालामाईको घटनास्थलमै मृत्यु भयो।



झापाको चन्द्रबस्तीमा तालामाई हस्दाको मृत्युपछि जम्मा भएका आफन्त र छिमेकी। *तस्बिर : अर्जुन/कान्तिपुर*

नाइकेले सधैं राति झगडा गर्ने भएकाले शुक्रबार पनि छिमेकीले उनीहरूको झगडाको वास्ता गरेनन्। श्रीमतीको हत्यापछि नाइके तत्कालै फरार भए। उनी फरार भएपछि बुहारी सुमित्राले छिमेकीसँग गुहार मागिन्। जिल्लाको झापा गाउँपालिका-६ चन्द्रबस्ती निवासी हस्दा दम्पतीका ५ सन्तान छन्। उनीहरू एक्लो छोरा मिलन र बुहारी सुमित्रासँग बस्दै आएका थिए। छोरा ४ वर्षदेखि दुबईमा छन्। 'म यो घरमा आउनु अघिदेखि नै झगडा हुँदा आमालाई एक दिन मारेरै छोड्छु भन्नुहुन्थ्यो,' बुहारी सुमित्राले भनिन्। उनले सासूले बिनागल्ती ज्यान गुमाउनुपरेको दुखेसो गरिन्। 'सबै आमाले नै थाम्नुभएको थियो। बुबाले केही काम गर्नुभएको छैन। सधैं रक्सी खाएर आउने र आमासँग झगडा मात्र गर्नुहुन्थ्यो,' उनले आँसु झार्दै थपिन्, 'आमालाई पहिला पनि धेरै पटक मार्ने प्रयास गर्नुभएको थियो। हामीले जोगाउँदै आएका थियौं। हिजो (शुक्रबार) मारेरै छोड्नुभयो।'

'एक जना साह्रै राम्रो मान्छे गुमायौं,' छिमेकी खोमराज रिजालले भने, 'सधैं झगडा गर्ने भएकाले हिजोको झगडाको वास्तै गरेनौं। पछि पो आमालाई मार्‍यो भनेर बुहारीले गुहार मागेपछि मात्र थाहा भयो।' श्रीमती तालामाईको हत्या गरेका नाइकेलाई शनिबार बिहान ८ बजे नेपाल-भारत सीमा क्षेत्र कचनकवल गाउँपालिका-१ बाट नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका डीएसपी वसन्त पाठकले बताए।

Radio Kantipur
KMG

JOIN OUR TEAM

**Kantipur Media Group** is the Country's first and leading private media group. With the mission of enhancing Nepalese people's right to right information, KMG is committed to propagating responsible journalism, offering value to our subscribers and providing an effective platform for advertisers. Kantipur Publications, Radio Kantipur, Kantipur Television, Kantipur Digital Corp and Kantipur Foundation are the main brands under KMG's umbrella.

HEAD MARKETING - 1

The ideal candidate for this role is highly-organized, forward-thinking, ambitious and has the ability to develop, expand and explore the business opportunities of Radio Kantipur and lead the team to achieve the departmental goals.

Qualifications and Requirements
- Master's Degree in Management with concentration in Marketing with three years of relevant work experience.
- Strong leadership and management skills.
- Superior oral and written communication skill in English & Nepali language.
- Excellent presentation and negotiation skills.
- Good interpersonal skill and ability to work under pressure.
- Media marketing experiences; especially in Radio will be an added advantage.

EXECUTIVE MARKETING - 3

Minimum of Bachelor's Degree in any discipline with good communication skills in both English and Nepali, having the passion and dedication towards the marketing job with creative and outstanding personality are advised to apply for the position.

Qualifications and Requirements
- Strong Interpersonal and Communications skills
- Candidates should be computer literate for all job positions
- Good problem solver and multi-tasking skills
- Basic computer skills for all positions.
- Candidate having 'Two Wheeler' will be an added advantage for Executive- Marketing

To Apply:
Interested Nepali Citizens having met the above requirements are encouraged to submit their application along with a cover letter and updated CV at **kfm@kmg.com.np** no later than 17:00 hours, **September 4, 2022.**

VACANCY ANNOUNCEMENT

SINOHYDRO CORPORATION LTD. TANAHU HYDROPOWER PROJECT MANAGEMENT PACKAGE 2 needs to recruit several draftsman for work needs; the main job is to draw workshop drawings according to the design drawings approved by Engineer. The requirements are as follows:
1. CTEVT graduate or Similar, major in Drafting;
2. Proficient in using CAD Drawing, MS-OFFICE and other office software,Good English writing ability
3. Two years or above working experience in drafting;
4. Can understand civil engineering drawings, can understand EM & HM drawings is preferred;
5. The salary is negotiable.

Contact: 9826638509 Ms. Saraswoti
Email: yr.yangzhenhua@powerchina.cn

वर्गीकृत डिस्प्ले

Housing Project को लागि अनुभवी पार्टनर
रुपन्देही जिल्लाको Lumbini Circuit Road नजिकै र उदयमान सौ. फर्सटिकर बजारबाट ३०० मि. को दुरीमा ८ विगाहाको जग्गामा आधुनिक हाउजिङ्ग प्रोजेक्ट Partnership मा गर्न इच्छुकहरूले सम्पर्क गर्नु होला।
मोबाइल : ९८५७०७०९२८
Email : info@safnepal.com



INDUSTRIAL EXHAUST ROOF FAN
SB Machinery
Contact No.
9851185162, 9802016221
E: cavikashbajaj@gmail.com

यौन-शक्ति बर्द्धक
यौन दुर्बलता कमजोरी हटाई EXTRA TIME बढाई यौनशक्ति बढाउने विश्वस्तरिय HERBAL SUPPLIMENT. GERMAN, USA, LONDON PRODUCTS ARE AVAILABLE (80 वर्षसम्म हुन)
जाँड-रक्सी कुलत थाहै नदिई छुटाउने
स्तन बढाउने घटाउने, गुप्तांक टाइट गर्ने, मोटोपन घटाउने बढाउने। हाइट बढ्ने स्टेपअप
SEX TOY पाईन्छ।
FREE HOME DELIVERY ALL OVER NEPAL
9851147810,9818941842

Teacher Wanted Urgently
1. Pre-Primary incharge: Should be Montessori trained and Experienced
2. Maths teacher: For grade IV, V, and VI
Gyan Niketan Secondary English School, Shankhamool, Kathmandu
Contact No.: 9863355558

वर्गीकृत डिस्प्ले
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
अब मल्टिकलरमा पनि छाप्न सकिने
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दरेरेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।

# ठोरी-केरुङ लोकमार्ग निर्माण सेलायो

'नेपालसँग सीमा जोडिएको भारतीय संसदीय क्षेत्रबाट जितेका सांसदहरूले पनि यो मार्ग निर्माणको लबिइङ गर्दै आएका छन्'



प्रस्तावित ठोरी-केरुङ मार्गअन्तर्गत पर्साको ठोरी-१ मा रहेको हुलाकी सडक ।
तस्बिर : शंकर/कान्तिपुर

**शंकर आचार्य** (पर्सा)

२०७२ मा भारतीय नाकाबन्दीताका बनाउने भनिएको ठोरी-केरुङ लोकमार्ग निर्माणको चर्चा सेलाउँदा ठोरीबासी निरास छन् । त्यतिबेला देशलाई इन्धन र अन्य दैनिक उपभोग्य वस्तुको माग धेरै हदसम्म ठोरी नाकाले धानेपछि सर्वसाधारणदेखि राष्ट्रिय नेताहरूले समेत ठोरी-केरुङ लोकमार्ग निर्माणको माग गरेका थिए ।

चीन र भारतलाई तीन घण्टाको सडक यात्रामा जोड्न सकिने छोटो अन्तर्राष्ट्रिय व्यापारिक मार्गको रूपमा यसको चर्चा त्यतिबेला चुलिएको थियो । ठोरीबासीले त यो मार्ग निर्माणका लागि दबाब स्वरूप भागवत सप्ताह र त्यससँगै ठोरीदेखि केरुङसम्म मोटरसाइकल र्‍यालीसमेत निकालेका थिए । माओवादी अध्यक्ष पुष्पकमल दाहालको संसदीय क्षेत्र भएर गुज्रिने यो मार्ग निर्माणबारे उनले लामो समयदेखि बोल्दै आएका पनि छन् ।

ठोरीका युवा व्यवसायी सुदीप थापा ठोरी-केरुङ मार्ग निर्माण भएपछि नेपाल-भारत र चीनजस्ता दुई छिमेकी मुलुकको ट्रान्जिटको रूपमा स्थापित हुने र यसले नेपाललाई पनि संघीय राजधानी काठमाडौंसँग एउटा छोटो दूरीको नाका उपलब्ध हुने बताउँछन् । उनले एक महिनाअघि सीमापारि भारत भ्रमणमा जाँदा त्यहाँ बेतिया क्षेत्रबाट निर्वाचित भारतीय सांसद शैलेन्द्र गडुवालसँग आफूले भेट गर्दा उनी पनि यो मार्ग निर्माणको विषयमा गम्भीर रहेको आफूले पाएको बताए । 'भारतीय जनता र त्यस भेगका प्रभावशाली नेता पनि यो मार्ग निर्माण भए त्यस भेगमा पर्यटन र बन्द व्यापार बढ्ने आशामा छन्,' उनले भने, 'उनीहरू चीनसँग छोटो मार्ग खोजिरहेका छन्, अन्य मार्गभन्दा ठूलो जनसंख्या भएको बिहार र उत्तर प्रदेश राज्यका लागि यही मार्ग सबैभन्दा छोटो हुन्छ ।'

२०६९ सालदेखि रसुवा स्याफ्रुबेंसी-धादिङ गल्छीसम्मको सडक निर्माणको काम नेपाली सेनाले गरिरहेको र चितवनको भण्डारादेखि मलेखुसम्म चेपाङ मार्ग कालोपत्रे काम पनि धेरै हदसम्म भइसकेकाले अब यो मार्गमा चितवनको भण्डारादेखि ठोरीसम्म मात्र काम हुन बाँकी रहेको थापा बताउँछन् । 'अब भण्डारादेखि ठोरीसम्म ३० किलोमिटर मात्र छिचोल्न बाँकी छ,' उनले भने, 'यसमा निकुञ्ज ऐन २०२९ तगारो छ, निकुञ्जमा सडक निर्माणका लागि डीपीआर गर्न नपाइने, वन फडानी गर्न नपाइने व्यवस्था ऐनमा छ, सर्वोच्च अदालतले पनि यस्तै आदेश गरेको छ, यसरी सरकार र निकुञ्जबीच सधैं द्वन्द्व भई ठोरीले मुलुककै मुख्य नाका हुने अवसर कसरी पाउन सक्छ ।'

स्थानीय प्रकाश खनालले संघीय सरकारसँग यो लोकमार्ग निर्माणको माग राख्दै आए पनि सरकार गम्भीर नभएको बताए । 'सधैं चितवन राष्ट्रिय निकुन्जको संवेदनशिलताको विषय उठान गरेर यो मार्ग निर्माणको मागलाई थातिराख्ने काम गरिन्छ,' उनले भने, 'सडक बनाउँदैमा निकुञ्जमा नकारात्मक प्रभाव पर्छ भने देशभरि कतिपय निकुञ्ज भएर राजमार्ग गुज्रिएका छन्, ठोरीको कुरा आउँदा सधैं कुनै तगारो हाल्ने काम मात्र गरिन्छ ।'

स्थानीय शिक्षक चिरञ्जीवी सापकोटा यो मार्ग निर्माण हुनुपर्छ भन्नेमा ठोरीवासी मात्र नभई भारतको एउटा पक्ष पनि जोडदार लागेको बताउँछन् । 'नेपालसँग सीमा जोडिएको भारतीय संसदीय क्षेत्रबाट जितेका सांसदहरूले पनि यो मार्ग निर्माणको लबिइङ गर्दै आएका छन्,' उनले भने, 'उनीहरूले बिहार र उत्तरबाट खुर्सानीलगायत खाद्यान्नले चीनमा बजार पाउने र चीनले भारतको बिहार र उत्तर प्रदेशको ठूलो जनसंख्यालाई आफ्नो बजारको रूपमा हेरिरहेको छ ।'

त्यतिबेला ठोरी-केरुङ मार्ग निर्माण अभियानको अग्रसरतामा डा राजन सुवाल नेतृत्वको टोलीले गरेको अध्ययनले यो मार्ग हालको भन्दा छोटो हुन सक्ने देखाएको सापकोटा बताउँछन् । '२०७२ सालमा सुवालको टोलीले गरेको प्राविधिक अध्ययनमा उत्तरी सीमानामा रहेको केरुङदेखि भारतको सिमानामा रहेको ठोरीसम्म १ सय ६८ किलोमिटर लामो सडकले जोड्न सक्ने सम्भाव्यता देखिएको छ,' सापकोटा भन्छन्, 'सडकमा घुम्ती कम हुने गरी अध्ययन गरिएकाले सजिलैसँग प्रतिघण्टा ६० देखि ७० किमि गतिमा सवारीसाधन कुदाउन सकिने सुवालको प्रतिवेदनमा उल्लेख छ ।'

यो मार्ग बनाउनका लागि त्यतिबेला गरिएको अध्ययनले ३० अर्ब रुपैयाँ खर्च लाग्ने प्रारम्भिक अनुमान गरिएको थियो । ३ दशमलव ५ किलोमिटर सुरुङमार्ग निर्माण गर्न १४ अर्ब रुपैयाँ र बाँकी बाटो बनाउन १५/१६ अर्ब रुपैयाँ लाग्ने उक्त अध्ययनले देखाएको सापकोटा बताउछन् । 'कुल १ सय ६८ किलोमिटरमध्ये ४० देखि ५० किलोमिटर मात्रै नयाँ बाटो बनाउनुपर्ने र बाँकी रहेको केही सडक स्तरोन्नती गरे पुग्ने प्रस्ताव गरिएको थियो,' उनले भने, 'केरुङ र ठोरी दुबै व्यापारिक नाका हुन्, रसुवागढीदेखि चीनको व्यापारिक नाका केरुङ पुग्न २५ किमि र पर्साको ठोरीदेखि भारतको व्यापारिक सहर नरकटिमागन्ज पुग्न १२ किमि पार गर्नुपर्छ ।'

# ३० वर्षपछि कुलो मर्मत

## वर्षौं पुरानो कुलो जीर्णोद्धार गरेपछि किसानले सिँचाइको समस्या भोग्नुपरेको छैन



धनुषाको लक्ष्मीनिया गाउँपालिका-२ दोहरमा मुख्य कुलोबाट सहायक कुलोमा पानी पट्याउँदै स्थानीय ।
तस्बिर : श्यामसुन्दर/कान्तिपर

**श्यामसुन्दर शशि** (जनकपुर)

खडेरीका कारण यस वर्ष धनुषाका केही खेतमा रोपाइँ नै हुन सकेन । रोपाइँ भएका स्थानमा पनि धान सुक्न थालेको छ । तर, जिल्लाकै केही गाउँका खेतमा भने लहलहाउँदो धान छ । वर्षौं पुरानो कुलो जीर्णोद्धार गरेपछि किसानले सिँचाइको समस्या भोग्नुपरेको छैन ।

जनकपुरधाम उपमहानगरपालिका-२१ कुर्था, लक्ष्मीनिया गाउँपालिका-२ का दोहर, सिनुरजोडा र महोत्तरीको लोहारपट्टी नगरपालिकाको तपनपुर, महदैया र बसपिटीलगायत गाउँमा सिँचाइको समस्या हटेको हो । पर्याप्त पानी उपलब्ध हुनुको कारण हो, ३० वर्षपछि बिग्घी नदीमा बाँध बाँध्नु अनि पारम्परिक कुलोको जीर्णोद्धार गरेर गाउँसम्मै नदीको पानी लग्नु । उपमहानगरको सक्रियतामा सिँचाइको प्रबन्ध भएको हो ।

कुर्थाका किसान दशकौंदेखि लक्ष्मीनियाको दोहरमा बाँध बाँधेर सिँचाइ गर्थे । हाल, जीर्णोद्धार गरिएको कुलोको संरचना पनि त्यतिकै पुरानो छ । तर, ३० वर्षयता न बाँध बाँधिएको थियो न त कुलो जीर्णोद्धार । खडेरीको समस्या बल्झिने भएपछि उपमहानगर र किसानको सक्रियामा सिँचाइ सम्भव भएको हो । पुरानो संरचनालाई जीर्णोद्धार गरिएकै कारण किसानले पनि विरोध नगरेको स्थानीय चित्रनारायण साहको भनाइ छ । 'दोहरदेखि कुर्थासम्म र दोहरभन्दा तलदेखि महोत्तरीको तपनपुर- महदैयासम्म कुलो खनिएको छ । पारम्परिक कुलो नभएको भए कुन किसानले निजी जग्गामा कुलो खन्न दिन्थे ?' उनले भने ।

८ किलोमिटर लामो कुलोबाट दोहरको १ सय बिघा, सिनुरजोडाको ५ सय, तपनपुरको ५ सय, महदैयाको ५ सय, कुर्थाको १ हजार ३ सय र बिसपिटीको ५ सय बिघ गरी कुल ३ हजार ६ सय बिघामा सिँचाइ सुविधा उपलब्ध गराइएको छ । 'बाल्यकालमा गाउँको खेतमा तीन बाली फलेको देखेको थिए । तर ३० वर्षयता बाँध बाँधिएन । खेत बाँझो रहन थाले । हामीले बाँध र कुलोलाई चुनावी नारा बनायौं । मतदाताहरू पत्याउनुभयो अनि मेयरसाबले विश्वास गरेपछि यो क्रान्ति सफल भएको हो,' जनकपुरधाम-२१ कुर्थाका वडाध्यक्ष राजनारायण साहले भने । साहका अनुसार बाँध निर्माण र कुलो जीर्णोद्धारमा हालसम्म १८ लाख रुपैयाँ खर्च भएको छ । मुख्य खर्च डोजरबाट माटो खन्ने र पुर्ने काममा भएको हो । स्थानीयले पनि श्रमदान गरे । बाँध र कुलोको सुरक्षा र मर्मतका लागि ५ जनाले खटेका छन् ।

जनकपुरधाम उपमहानगरपालिकाले बाँध र कुलो निर्माणको भुक्तानी गर्न बाँकी रहेको जनाएको छ । उपमहानगर प्रमुख मनोजकुमार साहले प्रमुख प्रशासकीय अधिकृतको सरुवा भएकाले भुक्तानी रोकिएको बताए । पालिकाको खाता खुल्नासाथ भुक्तानी हुने उनले बताए । बिग्ही नदीसँगै हर्दिनाथ सिँचाइ आयोजनाअन्तर्गतको कुलो पनि जीर्णोद्धार गरिएको छ । धनुषा र महोत्तरीको सीमामा रहेको बिग्घी, मध्य धनुषाबाट बग्ने जलाद, अहरी, जमुनी, बेलौती, बछराजालगायतका नदीमा बाँध बाँधेर जग्गा सिँचाइ गरिँदै आएको हो । बाँध र कुलोको निर्माण सामूहिक श्रमदानबाट गर्ने परम्परा थियो । तर विकासे बजेट आउन थालेपछि खेती गर्ने पारम्परिक तरिकामा ह्रास आएको छ ।

कमला सिँचाइ आयोजनाका पूर्व डिभिजनल इन्जिनियर रत्नेश्वरलाल कर्णका अनुसार सुक्खामा पारम्परिक पद्धतिबाट मधेसका अधिकांश खेतीयोग्य जग्गामा सिँचाइ गर्न सकिन्छ । अधिकांश गाउँमा पारम्परिक कुलोको अवशेष पनि छन् । सिँचाइको स्थायी संरचना निर्माण गर्दा पनि पुराना कुलोलाई नहरको रूपमा प्रयोग गर्नुपर्ने उनको सुझाव छ । 'मैले दुई वर्षअघि मधेस सरकारलाई सिँचाइको संरचना र सम्भावनाबारे एउटा रिपोर्ट नै बुझाएको थिए । तर यो रिपोर्ट कहाँ छ ? के भयो ? मलाई थाह भएन,' कर्णले भने । इकोसिस्टमका दृष्टिले जमिनमुनिको भन्दा नदी र खोलाको पानीबाट हुने सिँचाइलाई प्राथमिकता दिनुपर्ने उनको सुझाव छ ।

# एकैसाथ देखियो डेंगु र स्क्रब टाइफस

पर्सा (कास)- वीरगन्ज महानगर क्षेत्रमा एकैसाथ डेंगु र स्क्रब टाइफसका बिरामी फेला परेका छन् । नारायणी अस्पतालका चिकित्सक डा. जेपी जैसवालले आफ्नो क्लिनिकमा बुधबार एकै दिन ३ जना डेंगु बिरामी सम्पर्कमा आएको बताए ।

'तीनै जना काठमाडौंबाट फर्किएका पर्सावासी पुरुष हुन्,' उनले भने, 'उनीहरूमा ज्वरो, टाउको दुख्ने, जीउ दुख्नेजस्ता साझा समस्या थियो ।' वीरगन्ज मात्र नभई हेटौंडाबाट समेत डेंगुका बिरामी सम्पर्कमा आएको उनले उनले बताए । '३/४ दिनमै झन्डै १ दर्जन डेंगु बिरामी मेरो सम्पर्कमा आएका छन्,' उनले भने, 'अन्य चिकित्सकको सम्पर्कमा आउने तथा अस्पतालमा भर्ना भएर उपचार गराउने अन्य डेंगु बिरामी धेरै हुन सक्छन् ।'

गतवर्ष पनि यसै समयमा वीरगन्जमा डेंगु र स्क्रब टाइफसका बिरामी एकैसाथ ठूलो संख्यामा देखिएका थिए । नारायणी अस्पतालका अर्का चिकित्सक डा. उदयनारायण सिंह पनि डेंगु र स्क्रब टाइफसका बिरामी एकैसाथ उपचार गराउन आइरहेको बताउँछन् । एडभान्स अस्पतालमा २ जना स्क्रब टाइफसका बिरामी भर्ना भई उपचार गराइरहेका छन् । गतवर्ष कोभिड महामारीपछि यो समस्या वीरगन्जमा देखिन थालेको हो,' उनले भने, 'त्यसैगरी सातामा ३/४ डेंगु बिरामी पनि सम्पर्कमा आइरहेका छन्, दुवैको ग्राफ बिस्तारै उकालो लागिरहेको छ ।'

डेंगु जमेको सफा पानीमा बस्ने गरेको लामखुट्टेले सार्ने भएकाले घर तथा घरको वरपरसमेत पानी जम्न नदिने, घरमा पनि गमला तथा एसीमा जमेको पानी बेलाबेला फाल्ने गर्नु नै सावधानी रहेको उनले बताए । स्क्रब टाइफसका बिरामीमा उच्च ज्वरो, टाउको दुख्ने, शरीर र मांसपेशी दुख्ने, शरीरका विभिन्न भागमा साना र ठूला गरी रातो डाबर आउनेजस्ता लक्षण देखिने गरेको उनले बताए ।

सन् २०१५ देखि पर्सालगायत मधेसका जिल्लामा यो बिमार देखा पर्न थालेको उनले बताए । पहिलो वर्ष रोगको पहिचान हुन नसक्दा बिरामीले लामो समय अस्पताल भर्ना भएर उपचार गराउनु परेको थियो ।

# गण्डकमा थपियो २ सय क्युसेक पानी



पर्सा (कास)- नेपालीको आग्रहपछि भारतले गण्डक नहरमा २ दिनयता रातको समयमा मात्र थप २ सय क्युसेक पानी दिन थालेको छ । नारायणी सिंचाई व्यवस्थापन कार्यालयका सूचना अधिकृत इन्जिनियर सुबोध कुशवाहाले बिहीबारयता रातको समयमा भारतीय पक्षले २ सय क्युसेक पानी नहरमा थपेको बताए ।

'बिहीबार र शुक्रबार दुई रात भारतीय पक्षले नहरमा थप २ सय क्युसेक पानी दिइरहेको छ, साबिकको ४ सय ६० क्युसेकमा यो थपिएर ६ सय ६० क्युसेक पानी पुग्दैछ,' उनले भने,'हामीलाई २४ सै घण्टा सम्झौताअनुसारको ८ सय ५० क्युसेक पानी चाहिन्छ, तर भारतीय पक्षले रातको समयमा यसरी लुकाएर पानी दिनु आश्चर्यजनक छ ।'

भारतले नहरमा गण्डक सम्झौताको आधामात्रै पानी दिएपछि आफूसहितको कार्यालयको टोली भारतको रामनगरस्थित दोन नहर प्रणाली कार्यालय पुगेर त्यहाँका प्रमुख इन्जिनियर चन्द्रभूषण कुमारसहितको अधिकारीसँग द्विपक्षीय वार्ता गरी नेपालमा सम्झौताअनुरूपको पानी दिन आग्रह गरेको उनले बताए । 'मौखिक र लिखित रूपमै पत्र दर्ता गरेर आफ्नो माग राख्यौं र कुमारले नेपाललाइ आवश्यक पानी दिने प्रतिबद्धतासमेत जनाएका थिए,' उनले भने, 'तर उनको प्रतिबद्धता पूरा भएन, भारतीय पक्षले गण्डक सम्झौताको पालना गर्न चाहेन ।'

भारतसँगको गण्डक सम्झौताअनुसार, भारतले धान र गहुँ बालीका लागि वर्षमा दुई सिजन नहरमा ८ सय ५० क्युसेक पानी दिनुपर्छ । भारतले पानी नदिएको र पर्याप्त वर्षा पनि नभएकाले नहरमा आश्रित पर्सा र बाराका किसानलाई सिँचाइमा समस्या भएर किसानको चर्को दबाब थेग्नु परेको कुशवाहा बताउँछन् । 'हामीलाई किसानको चर्को दबाब छ,' उनले भने, 'अब दबाब थेग्नै नसक्ने अवस्था आएको छ ।'

नवलपरासीको भैंसालोटनस्थित नेपाल-भारत सीमामा निर्मित ब्यारेजबाट भारतीय पक्षले नहरमा पानी छोड्ने गर्छ । भारतमै ९२ किमि यात्रा गरेर यो नहर पर्साको जगरनाथपुर गाउँपालिकाको जानकीटोलाबाट नेपालमा प्रवेश गर्छ । पर्सा, बारा र रौतहटमा गरी १५ ब्लकमा विभाजित गण्डक नहरको लम्बाइ नेपालतर्फ ८१ किमि छ । सन् १९७५ र ७६ मा दुई चरणमा भारत सरकारले नेपाल सरकारलाई गण्डक नहर हस्तान्तरण गरेको हो । गण्डक नहरबाट पर्सा, बारा र रौतहट गरी तीनवटा जिल्लामा गरी ३७ हजार ४ सय हेक्टर जग्गा सिञ्चित गर्ने लक्ष्य भए पनि बर्सेनि कुनै न कुनै समस्या आएर भारतले सम्झौताअनुरूपको ८ सय ५० क्युसेक पानी नेपाललाई दिँदैन । गण्डक ब्यारेजको निर्माण भारतले आफैं गरेको र सञ्चालन पनि भारतीय पक्षले गर्छ । उसले ब्यारेजबाट नेपालभन्दा भारतीय भूमिमा बढी पानी लगेको छ । नेपालतर्फ पर्सा र बाराका किसानले मात्र पानी पाउँछन् । रौतहटसम्म पानी पुग्दैन ।


Radio Kantipur

KMG

**JOIN OUR TEAM**

**Kantipur Media Group** is the Country's first and leading private media group. With the mission of enhancing Nepalese people's right to right information, KMG is committed to propagating responsible journalism, offering value to our subscribers and providing an effective platform for advertisers. Kantipur Publications, Radio Kantipur, Kantipur Television, Kantipur Digital Corp and Kantipur Foundation are the main brands under KMG's umbrella.

**HEAD MARKETING - 1**

The ideal candidate for this role is highly-organized, forward-thinking, ambitious and has the ability to develop, expand and explore the business opportunities of Radio Kantipur and lead the team to achieve the departmental goals.

**Qualifications and Requirements**

- Master's Degree in Management with concentration in Marketing with three years of relevant work experience.
- Strong leadership and management skills.
- Superior oral and written communication skill in English & Nepali language.
- Excellent presentation and negotiation skills.
- Good interpersonal skill and ability to work under pressure.
- Media marketing experiences; especially in Radio will be an added advantage.

**EXECUTIVE MARKETING - 3**

Minimum of Bachelor's Degree in any discipline with good communication skills in both English and Nepali, having the passion and dedication towards the marketing job with creative and outstanding personality are advised to apply for the position.

**Qualifications and Requirements**

- Strong Interpersonal and Communications skills
- Candidates should be computer literate for all job positions
- Good problem solver and multi-tasking skills
- Basic computer skills for all positions.
- Candidate having 'Two Wheeler' will be an added advantage for Executive- Marketing

**To Apply:**

Interested Nepali Citizens having met the above requirements are encouraged to submit their application along with a cover letter and updated CV at **kfm@kmg.com.np** no later than 17:00 hours, **September 4, 2022.**



**VACANCY ANNOUNCEMENT**

SINOHYDRO CORPORATION LTD. TANAHU HYDROPOWER PROJECT MANAGEMENT PACKAGE 2 needs to recruit several draftsman for work needs; the main job is to draw workshop drawings according to the design drawings approved by Engineer. The requirements are as follows:

1. CTEVT graduate or Similar , major in Drafting;
2. Proficient in using CAD Drawing, MS-OFFICE and other office software,Good English writing ability
3. Two years or above working experience in drafting;
4. Can understand civil engineering drawings, can understand EM & HM drawings is preferred;
5. The salary is negotiable.

**Contact:** 9826638509 Ms. Saraswoti
**Email:** yr.yangzhenhua@powerchina.cn



**वर्गीकृत डिस्प्ले**

Housing Project
को लागि अनुभवी पार्टनर

रूपन्देही जिल्लाको Lumbini Circuit Road नजिकै र उदयमान सौ. फर्साटिकर बजारबाट ३00 मि. को दुरीमा ८ विगाहाको जग्गामा आधुनिक हाउजिङ्ग प्रोजेक्ट Partnership मा गर्न इच्छुकहरूले सम्पर्क गर्नु होला ।
मोबाइल : ९८५७०७०९२८
Email : info@safnepal.com



INDUSTRIAL EXHAUST ROOF FAN
SB Machinery
Contact No.
9851185162, 9802016221
E: cavikashbajaj@gmail.com

यौन-शक्ति बर्द्धक
यौन दुर्बलता कमजोरी हटाई EXTRA TIME बढाई यौनशक्ति बढाउने विश्वस्तरिय HERBAL SUPPLIMENT. GERMAN, USA, LONDON PRODUCTS ARE AVAILABLE (80 वर्षसम्म हुन)
जाँड-रक्सी कुलत थाहै नदिई छुटाउने
स्तन बढाउने घटाउने, गुप्तांक टाइट गर्ने, मोटोपन घटाउने बढाउने ।
हाइट बढ्ने स्टेपअप
SEX TOY पाईन्छ ।
FREE HOME DELIVERY ALL OVER NEPAL
9851147810,9818941842

**Teacher Wanted Urgently**
1. Pre-Primary incharge: Should be Montessori trained and Experienced
2. Maths teacher: For grade IV, V, and VI

**Gyan Niketan Secondary English School,**
Shankhamool, Kathmandu
Contact No.: 9863355558

**वर्गीकृत डिस्प्ले**
श्याम स्वेत: रू. ३000/-*
स्पट कलर: रू. ३५00/-*
मल्टि कलर: रू. ५000/-*

**अब मल्टिकलरमा पनि छाप्न सकिने**
सम्पर्क नं. ५१३५000, ५१३५00४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# स्थापनाको ४६ वर्षपछि डायलसिस सेवा

## दुवै मिर्गौला फेल भएका बिरामीले बेंसीसहरस्थित जिल्ला अस्पतालबाट सेवा पाउने

### प्रदेश सरकारमार्फत ७ वटा मेसिन प्राप्त भएकोमा ६ वटा जडान

**आश गुरुङ** (लमजुङ)

दोर्दी गाउँपालिका-८ की ७० वर्षीया अनारुपी गुरुङले ३ वर्षदेखि मिर्गौलाको डायलसिस गराउँदै आएकी छन् । उनले यसअघि दमौलीमा गएर डायलसिस गराउन आउजाउमा ६ घण्टा लाग्थ्यो । 'डायलसिसमा पैसा नलागे पनि यताउता गर्दा त ३/४ हजार खर्च भइजाने नि,' शुक्रबार बेंसीसहरस्थित जिल्ला अस्पताल लमजुङमा पहिलोपटक डायलसिस गरेकी उनले भनिन्, 'अब त सजिलो हुने भयो । आफ्नै घरआँगनमा सेवा पाइयो ।' स्थापना भएको ४६ वर्षपछि अस्पतालले मिर्गौलाको डायलसिस सेवा सुरु गरेको हो ।

दूधपोखरी गाउँपालिका-५ का ६३ वर्षीय कमानसिंह गुरुङ र १७ वर्षीय आश्मा गुरुङले पनि शनिबार जिल्ला अस्पतालबाट डायलसिस सेवा लिएका छन् । ७ वर्षयता मिर्गौलाको डायलसिस सेवा लिँदै आएका उनीहरूले पहिलोपटक आफ्नै जिल्लामा सेवा पाएका छन् । यसअघि काठमाडौं-पोखरा गएर सेवा लिँदै आएका दुवै जनाले २०७५ मा दमौलीमा सुरु भएपछि त्यहाँ गएर सेवा लिँदै आएका थिए ।

दुवै मिर्गौला फेल भएर डायलसिस गर्दै आएका बिरामीले बेंसीसहरस्थित जिल्ला अस्पतालबाट सेवा पाउन थालेका छन् । अस्पतालले शुक्रबारबाट मिर्गौलाको डायलसिस सेवा सुरु गरेको छ । २०३२ सालमा १५ शय्याको जिल्ला अस्पतालका रूपमा स्थापना भएको यो अस्पताल २०५८ मा समुदायलाई हस्तान्तरणपछि सरकारको पब्लिक प्राइभेट पार्टनरसिप नीतिअनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मानव विकास तथा सामुदायिक सेवा (एचडीसीएस) र लमजुङे नागरिकको प्रतिनिधित्व गर्दै लमजुङ एकीकृत स्वास्थ्य केन्द्रबीचको सम्झौताअनुसार सुरुमा ५ वर्ष सञ्चालन गरिएको थियो । त्यसपछि एचडीएसले मात्रै सरकारसँग सम्झौता गरेर अस्पताल सञ्चालन गर्दै आएको छ । गण्डकी प्रदेश सरकार र एचडीसीएसबीच ५ वर्षको व्यवस्थापन सम्झौता गरेर एचडीसीएसले सञ्चालन गरिरहेको उक्त अस्पताल सरकारलाई बुझाउन प्रदेश सरकारले ताकेता गरेको छ ।

डायलसिसका लागि ४ जना स्टाफ नर्सले तालिम लिएर आएका छन् । एक जना विदेशी नागरिक मिर्गौला रोग विशेषज्ञ डा. एमिल बिटी, जनरल सर्जन डा. सुवास मगर, इन्टरनल मेडिसिन डा. अञ्जु गुरुङलगायतले निगरानी गरिरहेका छन् । डा. सुवास मगरका अनुसार डायलसिस हेमो डायलसिस र पेरिटोनियल डायलसिस गरी २ प्रकारका हुन्छन् । लमजुङमा हेमो डायलसिस सुरु भएको हो ।



लमजुङको बेंसीसहरस्थित जिल्ला अस्पताल लमजुङमा डायलसिस गराउँदै मिर्गौलाका बिरामी । *तस्बिर : कान्तिपुर*

दुवै मिर्गौला फेल भएका व्यक्तिले १ सातामा २ देखि ३ पटकसम्म डायलसिस गर्नुपर्छ । उनका अनुसार मधुमेह, उच्च रक्तचाप, फोक्सोको संक्रमणलगायत समस्याका कारण मिर्गौला फेल हुन्छ । मिर्गौलाको आन्तरिक कारणले पनि फेल हुन्छ । प्रत्यारोपण गर्न नसक्ने अवस्थामा र नगरिसकेको अवस्थामा गर्ने भनेको डायलसिस हो । 'जिल्लामै डायलसिस सुविधा पाउनु भनेको राम्रो हो,' उनले भने ।

अस्पताल प्रमुख हेमन्त श्रेष्ठका अनुसार इमर्जेन्सी सेवाका लागि कोभिडकालमा निर्माण गरिएको प्रिफ्याबको भवनमा अहिले डायलसिस सेवा सुरु गरिएको छ । भवनका लागि गण्डकी प्रदेश सरकारले २५ लाख रुपैयाँ विनियोजन गरेको थियो । 'प्रदेश सरकारमार्फत ७ वटा मेसिन प्राप्त भएकोमा ६ वटा जडान गरिएको छ । एउटा भने बाँकी छ,' उनले भने । उनका अनुसार लमजुङका मात्रै नभएर अब छिमेकी जिल्ला मनाङ, तनहुँ, गोरखालगायतका जिल्लाले पनि सेवा पाउनेछन् ।

थोरै जनाबाट सुरु गरिए पनि एउटै मेसिनले दैनिक कम्तीमा २ जनालाई डायलसिस गर्न सकिने उनले बताए । 'मिर्गौला फेल भएपछि एकै व्यक्तिलाई हप्ताको २/३ पटक डायलसिस गर्नुपर्छ । अहिले त सरकारले गरिदिन्छ, ठिकै हो । इमर्जेन्सी गर्नुपरेमा २ हजार ५ सयदेखि ३ हजार लिन सक्छ । आउजाउको भाडा, बास बस्नुपर्ने । खर्चिलो हुन्थ्यो,' उनले भने, 'अब जिल्लामै यो सुविधा पाउने भएपछि खर्च जोखियो ।'

स्वास्थ्य कार्यालय लमजुङका प्रमुख अमर दवाडीका अनुसार डायलसिसका ३ वटा मेसिन स्वास्थ्य कार्यालयमार्फत खरिद गरिएको थियो । आवश्यक सामग्रीसहित यसका लागि ५० लाख रुपैयाँ बजेट आएको थियो । ४ वटा मेसिन भने प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले उपलब्ध गराएको उनले बताए । लमजुङमा हाल बाहिरी जिल्लामा डायलसिस गरिरहेका बिरामीको संख्या ६४ जना छन् ।

# जनशक्ति कटौतीले अस्पताल सेवा प्रभावित

**अगन्धर तिवारी** (पर्वत)

भदौ ३ का लागि श्रीमतीको सुत्केरी हुने मिति तोकिएको थियो । शल्यक्रिया गर्नुपर्ने भए पनि अन्त कतै लैजानुपर्दैन भन्ने पर्वत अस्पतालका स्वास्थ्यकर्मीको आश्वासन पाएकाले कुश्मा-५ मा अस्थायी रूपमा बस्दै आएका किशोर चौधरी ढुक्क थिए । तर, तोकिएभन्दा ३ दिन नाघेपछि किशोर श्रीमती देविकालाई लिएर सोमबार अस्पताल पुगे । स्वास्थ्यकर्मीले एक सातासम्म मिति कटेमा पनि जोखिम नहुने र सामान्य रूपमै बच्चा जन्माउन सकिने बताए । मंगलबार बिहानदेखि सुत्केरी व्यथाले च्यापेपछि श्रीमती लिएर उनी पुनः अस्पताल पुगे । तर, स्वास्थ्यकर्मीले उनलाई 'यहाँ सम्भव छैन, तुरुन्तै पोखरा लैजानुस्' भनेपछि उनी आत्तिए ।

उनका अनुसार स्वास्थ्यकर्मीले शिशुको धड्कन कम चलेको र शल्यक्रिया नै गर्नुपर्ने हुन सक्ने बताएका थिए । तर, पर्वत अस्पतालमै शल्यक्रिया गर्न जनशक्ति नरहेको बताइएको थियो । 'त्यसमाथि मंगलबारै नेपाल बन्द रहेछ,' उनले भने, 'गाडी खोज्दा कतै पाइएन । समयमा नपुऱ्याए जे पनि हुन सक्ने स्थिति भएकाले पोखरा नपुगी भएन ।' चौधरीले दूध बोक्ने गाडीलाई हारगुहार गरेर जसोतसो श्रीमतीलाई पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पुऱ्याए । 'यहाँ आएपछि अलि ढुक्क भएको छ,' उनले भने, 'पर्वतमा पहिल्यै यहाँ हुँदैन भनेको भए केही दिनअगाडि नै ल्याउन हुन्थ्यो । बिरामीलाई सहज पनि हुन्थ्यो ।'

पर्वत अस्पतालमा चौधरीले खेपेको समस्या पहिलो भने होइन । जनशक्ति अभावकै कारण धेरै बिरामी सामान्य उपचारका लागि पनि अन्यत्रै धाउनुपर्ने बाध्यता छ । मंगलबारै अस्पतालमा भिडियो एक्सरेका लागि पालो कुरेकी कुश्मा-१३ की सविता पौडेललाई पछि सेवा नभएको भन्दै अन्तैको निजी अस्पताल पठाइयो । गतसाता एक्सरे गर्न पुगेका कुश्मा-३ का ऋषिराम शर्मालाई पनि अस्पतालले सेवा नभएको भन्दै निजी अस्पतालमै जान भनेको थियो । यसअघि करारमा कार्यरत २१ जना स्वास्थ्यकर्मीको सम्झौता तोडिएपछि उपचार सेवा दिन समस्या भइरहेको अस्पतालले जनाएको छ ।

अस्पतालमा एक्सरे, भिडियो एक्सरे, ल्याबलगायतका सेवा नियमित हुन सकेका छैनन् । हाल हरेक सेवाका एक-एक जना मात्रै जनशक्ति भएकोले केही एक जना मात्रै बिदामा बस्दा बिरामीले दुःख पाउने अवस्था छ । भौतिक संरचना बनाइएसँगै अस्पतालमा ३ वर्षअघिदेखि शल्यक्रिया सेवा थालनी गरिएको थियो । तर, शल्यक्रिया गर्न आवश्यक स्थायी दरबन्दीका चिकित्सक नै छैनन् । हाल एक मात्र सर्जन कार्यरत रहेको र उनी केही दिनका लागि बिदामा बसेकाले शल्यक्रिया सेवा नै ठप्प भएको अस्पतालले जनाएको छ । 'शल्यक्रिया गर्न करारमा डा. हेमन्त बराल मात्रै कार्यरत हुनुहुन्छ,' अस्पतालका सूचना अधिकारी लक्ष्मण उपाध्यायले भने, 'उहाँ बिदामा भएकाले शल्यक्रिया रोकिएको छ ।'

# स्थानीयले पाएनन् पर्याप्त पानी

**कान्तिपुर संवाददाता** (गोरखा)

सात महिनाअघि पूर्णता पाएको गोरखाको दरौंदी लिफ्टिङ खानेपानी आयोजनाबाट स्थानीयले पर्याप्त पानी पाउन सकेका छैनन् । गोरखा सदरमुकामलगायत आसपासका क्षेत्रमा पर्याप्त खानेपानी सुविधा उपलब्ध गराउने उद्देश्यले आयोजना निर्माण गरिएको थियो । दैनिक २० लाख लिटर पानी वितरण गर्न सक्ने गरी बनाइएको भनिए पनि स्थानीयले भने उक्त मात्रामा वितरण नभएको भन्दै गुनासो गरेका छन् ।

सदस्य संस्थामार्फत पानी वितरण गर्ने दरौंदी गोरखा (बृहत् लिफ्टिङ) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको योजना छ । यसअघि सदरमुकामलगायत आसपासका क्षेत्रमा पानी वितरण गर्दै आएका २२ वटा खानेपानी उपभोक्ता समितिको ट्यांकीमा दरौंदीको पानी खसालेर वितरणको योजना बनेको हो । दरौंदी लिफ्टिङमा आबद्ध २२ उपभोक्ता संस्थामध्ये हाल ६ वटाले मात्र दरौंदीको पानी लिएका छन् । तर सदस्य संस्थाले पर्याप्त पानी नलिँदा छेलोखेलो हुने तवरले पानी वितरण गर्न नसकेको दरौंदी गोरखा (बृहत् लिफ्टिङ) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष विनोद अर्याल बताउँछन् ।

उनका अनुसार सदस्य संस्थाले आफ्नै स्रोतको पानी वितरणलाई प्राथमिकता दिएका छन् । साना सहरी, कर्णे खोला, तीनचापे, जुंगेपानी, पोखराथोक-हटियाथोक, तीनधारे र थाकलडाँडाका उपभोक्ता समितिले चार महिनामा २५ हजार ९ सय ६२ युनिट पानी खपत गरेको अर्यालले बताए ।

'दरौंदी लिफ्टिङको दैनिक २० लाख लिटर पानी उत्पादन गर्ने क्षमता छ, गोरखा बजार र आसपासको क्षेत्रमा दैनिक १८ लाख पानी भए पर्याप्त हुन्छ,' उनले भने, 'तर चार महिनामा २५ हजार युनिट मात्र पानी खपत भयो ।' आबद्ध संस्थाले परम्परागत तवरले पानी वितरणमा जोड दिँदा दरौंदीको पानी पर्याप्त खपत हुन नसकेको अर्यालको दाबी छ । अब आबद्ध संस्थासँगको समन्वयमा वितरण व्यवस्थापन बलियो बनाएर पानी वितरणको योजना अघि बढाउने उनले बताए । दरौंदीबाट ल्याइएको पानी फिल्टर गरेर पिउनयोग्य रहेको उनको दाबी छ । 'अब एक वर्षभित्र उपभोक्ता समूहका संरचनालाई व्यवस्थित गर्न ध्यान दिन्छौं,' उनले भने, 'हामी पनि धारा जडान गर्ने, पानी धेरै भए बोटलिङ गरेर बिक्री गर्नेसम्मको योजनामा छौं ।' उपभोक्ता संस्थाबाहेक पनि निजी धारा जडान गर्ने अवधारणा लिएको उनले बताए ।

गोरखा सदरमुकाम क्षेत्रमा पृथ्वीनारायण साना सहरी खानेपानी आयोजनाले १ हजार ३ सय उपभोक्तालाई पानी वितरण गर्दै आएको छ । लुदी खोलाबाट लिफ्टिङ गरेर ल्याइएको साना सहरी आयोजनाको खानेपानी चौबीसै घण्टा वितरण हुँदैन । उक्त आयोजनाको पानी पिउनयोग्य नरहेको भन्दै उपभोक्ताले चिन्ता जनाउँदै आएका छन् । साना सहरी पनि दरौंदी लिफ्टिङको सदस्य संस्था छ । साना सहरीले दरौंदी लिफ्टिङको पानी उपभोक्तालाई पर्याप्त हुने तवरले लिए सदरमुकाम क्षेत्रको

**दैनिक २० लाख लिटर खानेपानी वितरण गर्ने दरौंदी आयोजनाको लक्ष्य पूरा भएन**

खानेपानीको समस्या केही हदसम्म हट्नेछ । दरौंदीको पानी खरिद गर्दा तिर्नुपर्ने युनिट तथा पानी वितरण गर्ने ट्यांकी तथा वितरण लाइनको सुधार गरेर पर्याप्त पानी वितरण गर्ने योजनामा सदस्य संस्था छन् । दरौंदी लिफ्टिङले महसुल निर्धारण र वितरण प्रारूपबारे टुंगो लगाउन समिति पनि गठन गरेको छ । ३७ करोडको लागतमा दरौंदी नदीबाट लिफ्ट गरेर गोरखा नगरपालिकाको ३ देखि ८ नम्बर वडाका स्थानीयलाई खानेपानी सुविधा उपलब्ध गराउनका लागि आयोजना निर्माण भएको हो । खानेपानी तथा ढल निकास विभागको सुक्खा क्षेत्र खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत उक्त आयोजना २०७३ सालबाट सुरु भएको थियो । गत फागुनबाट आयोजनाले परीक्षणका रूपमा पानी वितरण गर्दै आएको छ । दरौंदी नदीस्थित जरेबरबाट लिफ्ट भएको पानी संकलनका लागि उपल्लोकोटसम्म पाँचवटा ट्यांकी निर्माण भएको छ । आयोजनाले पूर्णता पाएसँगै यहाँका ४ हजार ८ सय ४८ घरधुरीका झन्डै २५ हजार स्थानीय लाभान्वित हुने अपेक्षा गरिएको छ ।


Radio Kantipur | KMG

**JOIN OUR TEAM**

**Kantipur Media Group** is the Country's first and leading private media group. With the mission of enhancing Nepalese people's right to right information, KMG is committed to propagating responsible journalism, offering value to our subscribers and providing an effective platform for advertisers. Kantipur Publications, Radio Kantipur, Kantipur Television, Kantipur Digital Corp and Kantipur Foundation are the main brands under KMG's umbrella.

**HEAD MARKETING - 1**

The ideal candidate for this role is highly-organized, forward-thinking, ambitious and has the ability to develop, expand and explore the business opportunities of Radio Kantipur and lead the team to achieve the departmental goals.

**Qualifications and Requirements**

- Master's Degree in Management with concentration in Marketing with three years of relevant work experience.
- Strong leadership and management skills.
- Superior oral and written communication skill in English & Nepali language.
- Excellent presentation and negotiation skills.
- Good interpersonal skill and ability to work under pressure.
- Media marketing experiences; especially in Radio will be an added advantage.

**EXECUTIVE MARKETING - 3**

Minimum of Bachelor's Degree in any discipline with good communication skills in both English and Nepali, having the passion and dedication towards the marketing job with creative and outstanding personality are advised to apply for the position.

**Qualifications and Requirements**

- Strong Interpersonal and Communications skills
- Candidates should be computer literate for all job positions
- Good problem solver and multi-tasking skills
- Basic computer skills for all positions.
- Candidate having 'Two Wheeler' will be an added advantage for Executive- Marketing

**To Apply:**

Interested Nepali Citizens having met the above requirements are encouraged to submit their application along with a cover letter and updated CV at **kfm@kmg.com.np** no later than 17:00 hours, **September 4, 2022.**


# पालिकाको साझेदारीमा 'कृषि तथा पशुपन्छी केन्द्र'

कास्की (कास)- कृषि तथा पशु सेवा केन्द्र भवन निर्माणको लागि गण्डकी प्रदेशमा ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाले लगानी गर्ने भएको छ । भौतिक पूर्वाधारसँगै कृषि र पशुपन्छी क्षेत्रमा लगानी गर्ने कार्यालयले जनाएको हो । कार्यालयका अनुसार गण्डकी प्रदेशका मध्यपहाडी लोकमार्गले छुने ५ जिल्लाका २१ वटा स्थानीय तहमा लगानी गरिनेछ ।

जसअन्तर्गत गण्डकीका १० पालिकाले कृषि तथा पशुपन्छी केन्द्रको लागि भवन निर्माणका लागि गत आर्थिक वर्षमा निवेदन दिएका थिए । जसमा बाग्लुङ नगरपालिका, कास्कीको अन्नपूर्ण गाउँपालिका, पोखरा महानगर, रुपा गापा, लमजुङको सुन्दरबजार र मध्य नेपाल नगरपालिका, गोरखाको पालुङटार नगरपालिकामा भवन निर्माणका लागि सम्बोधन भएका छन् । कार्यालय प्रमुख तपेन्द्रबहादुर शाहले यी पालिकामा डीपीआरको लागि तयारी भइरहेको बताए । बुटवलमा प्रमुख कार्यालय रहेको भए पनि यसै आर्थिक वर्षदेखि पोखरामा सम्पर्क कार्यालय रहनेछ । कार्यालयबाट उत्पादनमूलक संस्थालाई सामूहिक लगानी गर्ने शाहले बताए । 'व्यक्तिगत लगानी हुँदैन,' उनले भने, 'समूहमा एउटै परिवारका एक जनाभन्दा बढी बस्न पाइँदैन । संस्थाले ५० प्रतिशत लगानी गरे उपभोक्ताले पनि ५० प्रतिशत नै लगानी गर्नुपर्ने हुन्छ ।' उनले समूहमा रहेका जोकोहीलाई पनि प्रतिव्यक्ति दुई लाखको दरले लगानी गर्ने कार्यालयले जनाएको छ ।


**VACANCY ANNOUNCEMENT**

SINOHYDRO CORPORATION LTD. TANAHU HYDROPOWER PROJECT MANAGEMENT PACKAGE 2 needs to recruit several draftsman for work needs; the main job is to draw workshop drawings according to the design drawings approved by Engineer. The requirements are as follows:

1. CTEVT graduate or Similar , major in Drafting;
2. Proficient in using CAD Drawing, MS-OFFICE and other office software,Good English writing ability
3. Two years or above working experience in drafting;
4. Can understand civil engineering drawings, can understand EM & HM drawings is preferred;
5. The salary is negotiable.

**Contact:** 9826638509 Ms. Saraswoti
**Email:** yr.yangzhenhua@powerchina.cn


# पोखरा उवासंघमा पवन र अर्जुन भिड्दै

पोखरा (कास)- पोखरा उद्योग वाणिज्य संघको अध्यक्षमा पवनकुमार प्रजापति र अर्जुन पोखरेलबीच प्रतिस्पर्धा हुने भएको छ । भदौ २४ र २५ मा हुने ३४ औं महाधिवेशनका लागि प्रजापति र पोखरेलले प्यानलसहित उम्मेदवारी घोषणा गरिसकेका छन् । प्रजापति हाल संघका वरिष्ठ उपाध्यक्ष हुन् भने पोखरेल वाणिज्यतर्फका उपाध्यक्ष हुन् ।

प्रजापतिको प्यानलमा वरिष्ठ उपाध्यक्षको उम्मेदवारमा गोकर्ण कार्की, उद्योग उपाध्यक्षमा हीरामणि पण्डित र वाणिज्यतर्फको उपाध्यक्षमा उत्तममान बुद्धाचार्य छन् । महासचिवको उम्मेदवारमा बलराम आचार्य, उपमहासचिवमा शोभा गौतम र कोषाध्यक्षमा दिनेशचन्द्र बाँस्तोलाले उम्मेदवारका रूपमा आफूलाई उभ्याएका छन् । नेतृत्व गर्न आफू सक्षम रहेको प्रजापतिले बताएका छन् । उनले संघको कार्यसमिति सदस्यमा २ कार्यकाल, कोषाध्यक्ष, उपाध्यक्ष र वरिष्ठ उपाध्यक्षको रूपमा एक-एक कार्यकाल काम गरेर अनुभव बटुलेका छन् । 'मेरो र टिमको उम्मेदवारी न्यायोचित र स्वाभाविक हो,' उनले भने, 'मेरो टिममा खारिएका अनुभवी व्यवसायी छन् ।'

उनले १४ बुँदे चुनावी प्रतिबद्धता सार्वजनिक गरेका छन् । व्यावसायिक वातावरण निर्माण र उद्योगी/व्यवसायीको सम्मान अभिवृद्धिलाई उनले पहिलो प्राथमिकतामा राखेका छन् । व्यावसायिक डाटा बैंक तथा प्रवर्द्धन केन्द्र स्थापना गर्ने, रुग्ण उद्योग र नोक्सानमा चलेका व्यवसायका लागि बैंक तथा घरबेटीसँग छलफल गरेर सहजता प्रदान गर्ने, व्यवसायी बन्न चाहनेका लागि आवश्यक तथ्यांक उपलब्ध गराउने, नवप्रवर्तन तथा महिला उद्यमशीलता विकासलाई केन्द्रमा राखेर काम गर्ने, बजारीकरण र प्रवर्द्धनमा सघाउने उनको प्रतिबद्धता छ । संघलाई साना, मझौला र ठूला व्यवसायीसहित महिला उद्यमीको साझा संस्था बनाउने, उद्योगी व्यवसायीमाथि पर्ने समस्या निराकरणका लागि राज्यबाट पाउनुपर्ने सबै खालका सुविधा दिलाउने र व्यवसाय रक्षामा विशेष ध्यान दिने उनको योजना छ ।

अर्जुन पोखरेलको प्यानलबाट वरिष्ठ उपाध्यमा हरिहर सापकोटा, उद्योगतर्फ उपाध्यक्षमा देवेन्द्र केसी, वाणिज्यतर्फ उपाध्यक्षमा मुना बाँस्तोला, महासचिवमा केशवबहादुर खत्री, उपमहासचिवमा हर्कबहादुर अधिकारी, कोषाध्यक्षमा हरिराज पन्तले उम्मेदवारी घोषणा गरेका छन् । सदस्यमा भरत केसी, धर्मेन्द्र बाटाजु, माधव बस्ताकोटी, उदयबहादुर केसी, दिलीप श्रेष्ठ, दुर्गा रञ्जित श्रेष्ठ, कृष्ण कोइराला र हिमनिधि लौडारीले उम्मेदवारी घोषणा गरे ।

अध्यक्षका दाबेदार पोखरेलसँग संघको सदस्य हुँदै क्रमशः उपमहासचिव, महासचिव र उपाध्यक्ष भएर ४ कार्यकालको अनुभव छ । संघलाई हाँक्न सक्षम उम्मेदवारको टिम बनाएको उनले बताएका छन् । पोखरालाई व्यवस्थित आधुनिक सहर बनाउन र पोखरेलीको साझा घरको रूपमा विकास गर्न संघलाई समुदायसँग जोड्ने अभियान चलाउने उनले प्रतिबद्धता व्यक्त गरे । आफ्नो कार्यकालमा संघको भवनलाई पुनर्निर्माण गर्ने, बहुउद्देश्यीय भवन बनाएर व्यापारिक प्रयोजनका लागि उपयोग गर्ने, दुईवटा पार्किङ, ३ वटा व्यापारिक कम्प्लेक्स र संघको कार्यालय बनाउने उनको कार्ययोजना छ ।

संघीय संरचनापछि संघको भूमिका घट्दै गएको गुनासो आइरहेकाले नागरिकसँग झन् नजिक हुनका लागि सरकार र सर्वसाधारणबीचको दूरीलाई घटाउन पुलको रूपमा काम गर्ने लक्ष्य रहेका उनले बताए । 'हामीलाई उद्योग व्यवसायीको हकहितका लागि पहिलो काम गर्नुपर्ने दायित्व रहिरहेको छ,' उनले भने, 'अग्रजको योगदानलाई मनमस्तिष्कमा राख्दै उहाँहरूले बनाएको जगमा उभिएर प्रतिफलमुखी काम गर्ने धोको छ ।'


**वर्गीकृत डिस्प्ले**

Housing Project को लागि अनुभवी पार्टनर
रुपन्देही जिल्लाको Lumbini Circuit Road नजिकै र उदयमान सौ. फर्साटिकर बजारबाट ३०० मि. को दूरीमा ८ विगाहाको जग्गामा आधुनिक हाउजिङ्ग प्रोजेक्ट Partnership मा गर्न इच्छुकहरूले सम्पर्क गर्नु होला ।
मोबाइल : ९८५७०७०९२८
Email : info@safnepal.com


INDUSTRIAL EXHAUST ROOF FAN
SB Machinery
Contact No.
9851185162, 9802016221
E: cavikashbajaj@gmail.com

यौन-शक्ति बर्द्धक
यौन दुर्बलता कमजोरी हटाई EXTRA TIME बढाई यौनशक्ति बढाउने विश्वस्तरिय HERBAL SUPPLIMENT. GERMAN, USA, LONDON PRODUCTS ARE AVAILABLE (80 वर्षसम्म हुन)
जाँड-रक्सी कुलत थाहै नदिई छुटाउने
स्तन बढाउने घटाउने, गुप्तांक टाइट गर्ने, मोटोपन घटाउने बढाउने । हाइट बढ्ने स्टेपअप
SEX TOY पाईन्छ ।
FREE HOME DELIVERY ALL OVER NEPAL
9851147810,9818941842

Teacher Wanted Urgently
1. Pre-Primary incharge: Should be Montessori trained and Experienced
2. Maths teacher: For grade IV, V, and VI
Gyan Niketan Secondary English School,
Shankhamool, Kathmandu
Contact No.: 9863355558

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रु. ३०००/-*
स्पट कलर: रु. ३५००/-*
मल्टि कलर: रु. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# बुटवलमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र



**अमृता अनमोल** (बुटवल)

अन्तर्राष्ट्रियस्तरका सभा, सम्मेलन, गोष्ठी र बैठकहरू गर्न मिल्ने गरी बुटवलमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण सम्पन्न भएको छ। केन्द्र रामनगरस्थित बुटवल मण्डपमा रहेको ९ बिघा ६ कट्ठा क्षेत्रफलमा फैलिएको छ। सम्मेलन केन्द्रको शनिबार विशेष समारोहका बीच प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गरेका हुन्। 'सभाहल सञ्चालनले बुटवलको आर्थिक विकास र सामाजिक गतिविधि बढाउन धेरै सहयोग पुग्नेछ। राष्ट्रिय/अन्तर्राष्ट्रिय सभा सम्मेलन बढ्ने र त्यसले यहाँको दिगो विकास हुनेछ,' उनले भने।

१ अर्ब ११ करोड रुपैयाँ लागतमा सहरी विकास मन्त्रालयले सम्मेलन केन्द्र बनाएको हो। यहाँ मुख्य सभाहलसहित १३ वटा हलमा २ हजार ७ सय जना अट्ने क्षमता छ। १ हजार जना हट्ने मुख्य सभाहललाई गौतमबुद्ध नाम दिइएको छ। उक्त हल बालकोनीसहितको छ। त्यसमा आकर्षक तरिकाले कुर्सी र साउन्ड सिस्टम जडान गरिएको छ। आसपासमा थप १२ वटा हल छन्। देवदह, तिलौराकोट, बागेश्वरी, रानीमहललगायत लुम्बिनी प्रदेशका पर्यटकीय क्षेत्रको नामबाट ती हलको नामकरण गरिएको छ। तिनमा थप १ हजार ७ सय जना बसेर कार्यक्रम गर्न सक्छन्। आधुनिक किसिमले बनाइएका हललाई आकर्षक किसिमले सिँगारिएको छ। 'यहाँ प्रयोग भएका सबै सामग्री र त्यसको सजावट उन्नत र अन्तर्राष्ट्रिय प्रविधिका छन्,' सभाहल तथा प्रदर्शनी केन्द्र निर्माण कार्यान्वयन इकाइका प्रमुख धर्मेन्द्र पन्थीले भने, 'सबै प्रकारका सम्मेलन, गोष्ठी र भीआईपी बैठकहरू गर्न मिल्ने गरी तयार गरिएको छ।'

सम्मेलन केन्द्रमा २ वटा भवन छन्। ती राष्ट्रिय झन्डाको चन्द्रसूर्य आकारका छन्। चन्द्र आकारमुनि २ वटा ठूला हल छन् भने सूर्य आकारको भवनमा ११ वटा हल छन्। त्यसमा दुईवटा लेक्चर हल, ६ वटा मिटिङ हल, भीआईपी, भिडिओ अडियो, ट्रान्सलेटरलगायतका कक्षको स्ट्रक्चर तयार पारिएको छ। यिनको निर्माणमा मात्रै २३ करोड रुपैयाँ खर्च भएको सभाहल तथा प्रदर्शनी केन्द्र निर्माण कार्यान्वयन इकाइले जनाएको छ। सम्मेलन केन्द्रको आन्तरिक परीक्षण गरिसकिएको छ। त्यसमा रंगरोगन, विद्युत्, साउन्ड सिस्टम, सीसीटीभी जडानलगायत सबै काम सम्पन्न भएका छन्।

**१ अर्ब ११ करोड रुपैयाँ लागतमा निर्माण सम्पन्न**

**चन्द्र-सूर्य झन्डा आकारको सम्मेलन केन्द्रमा २ हजार ७ जना अट्ने क्षमताका हल**

सम्मेलन केन्द्र २४ मिटर उचाइको छ। त्यसमा प्रतिघण्टा १० हजार लिटर फोहोर पानी प्रशोधन गर्न मिल्ने क्षमता छ। ८० हजार लिटरका अन्डरग्राउन्ड ४ वटा पानीका ट्यांकी छन्। हरेक हलमा अग्नि प्रतिरोधात्मक मेसिन जडान गरिएका छन्। साउन्ड सिस्टम र आवाज प्रतिरोधात्मक उपकरण जोडिएका छन्। हरेक हलमा आपत्कालीन द्वार राखिएका छन्। सम्मेलन केन्द्र पूर्णतया अपांगमैत्री र भूकम्पप्रतिरोधी छ। केन्द्रभित्रका सबै पूर्वाधार अन्तर्राष्ट्रिय भवन संहिता र मापदण्डअनुसार बनाएको प्रमुख पन्थीले बताए।

सम्मेलन केन्द्रको चारैतिर आकर्षक पाँचवटा प्रवेशद्वार बनाइएको छ। प्रवेश गर्ने र बाहिरिनेका लागि छुट्टाछुट्टै द्वार छन्। ती प्रवेश, निकास, भीआईपी र सर्भिसद्वार हुन्। केन्द्रभित्रै दुईतले भवनमा व्यावसायिक क्षेत्र, रेस्टुराँ, बैंक एटीएम, खाजा घर र प्रशासनिक कामका लागि छुट्टाछुट्टै कोठा निर्माण गरिएको छ। सभाहलसँगै नर्थ र साउथ गरी दुईवटा बहुउद्देश्यीय भवन बनेका छन्। यी १ सय क्षमताका छन्। त्यसबाहेक दोस्रो २ वटा सर्भिस ब्लक, १ क्यान्टिन, १ ग्रिनहाउस, ६ जना बस्न मिल्ने स्टाफ क्वार्टरका लागि समेत भवन निर्माण गरिएको छ। कर्मचारीका लागि तीन तलाको छुट्टै आवासगृह छ।

सम्मेलन केन्द्र बाहिर आकर्षक पानीका फोहोरासहितका पोखरी छन्। ती सबैमा चन्द्रसूर्य आकारका फोहोरा निस्कन्छन्। रातिमा राष्ट्रिय झन्डासहितको धुन बज्छन्। त्यही आकारका लाइटिङ गरिएको छ। अन्तर्राष्ट्रियस्तरबाट आएका पाहुनालाई नेपालीपन र राष्ट्रियता देखाउन यसो गरिएको हो। साना-साना सुन्दर बगैंचा छन्। तिनलाई हरियाली बनाइँदै छ। बीचबीचमा रंगीन फूल रोपिनेछ। सम्मेलन केन्द्र बाहिर खुला पार्किङ स्थल छ। त्यसमा चारपांग्रे ४ सय र दुईपांग्रे ४ सय गरी ८ सय गाडी पार्किङ गर्न सकिन्छ। हेलिकोप्टर चार्टरका लागि केन्द्रभित्रै हेलिप्याडसमेत बनाइएको छ।

पाँच वर्षमा निर्माण सक्ने गरी २०७१ माघ १५ मा बुटवल सम्मेलन केन्द्र निर्माणको काम सुरु भएको थियो। पाँच वर्षमा सक्ने भनिए पनि सम्मेलन केन्द्रको १ अर्ब ३ करोड रुपैयाँमा दुई चरणमा बाँडेर ठेक्का सम्झौता गरिएको थियो। निर्माण सक्दा ८ करोड रकम बढेको छ। सहरी विकास तथा भवन निर्माण विभागले निर्माण थालेको सम्मेलन केन्द्रको रविना समानान्तर चन्द्रसूर्य जेभी निर्माण कम्पनीले पहिलो चरणको ठेक्का लिएको थियो। यद्यपि, आयोजनाले विभिन्न कारण देखाउँदै म्याद थपेको थियो। सम्मेलन केन्द्रको सञ्चालनको मोडालिटी भने स्पष्ट छैन।

# राजधानीमा प्रदेशसभा भवन सार्ने चटारो

'आउँदो संसद् बैठक यतै बस्ने गरी तयारी भएको छ। भवन भदौ महिनाभित्रै तयार पारिसक्ने योजना छ'

**दुर्गालाल केसी** (दाङ)

लुम्बिनी प्रदेशको स्थायी राजधानी कार्यान्वयनमा तीव्रता दिइएको छ। प्रदेशसभा भवन निर्माणको काम अन्तिम चरणमा पुगेको छ। असोजमा संसद् बैठक दाङमै बस्ने गरी तयारी गरिएको प्रदेश पूर्वाधार विकास प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत छविराज पोखेलले बताए।

बाहिरी संरचना सबै निर्माण भइसकेको र भित्री सजावटका कामहरू तीव्र गतिमा भइरहेको उनले बताए। 'आउँदो संसद् बैठक यतै बस्ने गरी तयारी भएको छ। भवन भदौ महिनाभित्रै तयार पारिसक्ने योजना छ,' उनले भने, 'सभामुख आएर सबै काम हेर्नुभयो। काममा सन्तुष्ट हुनुभएको छ। अब सभा बस्न सक्ने कुरा निश्चित भएको छ।' यसका साथै राजधानी कार्यान्वनका लागि ११ वटा मन्त्रालयका भवनहरू निर्माण गर्न टेण्डर प्रक्रियामा जान थालेको पोखेलले बताए। 'मन्त्रालयका भवनहरू निर्माणको प्रक्रिया थालनी भैसकेको छ। अन्य डीपीआर निर्माणका कामहरू पनि भइरहेका छन्,' उनले भने, 'यस वर्ष मात्रै ७ सय बिघा जमिन उपयोगका लागि तयार अवस्थामा राख्ने गरी काम भइरहेको छ।'

५ करोड २१ लाख ९३ हजारको लागतमा संसद् भवन निर्माण गरिएको हो। प्रदेशसभा भवन २०७८ वैशाख २४ मा सम्झौता गरी प्रिफ्र्याब मोडेलमा साउन ३० भित्र सम्पन्न गर्ने गरी सम्झौता भएको थियो। बीचमा डिजाइन फेरेर बनाउन थालिएपछि अर्थ मन्त्रालयले बजेट रोकेको थियो। बजेट रोकिएपछि पुरानै डिजाइनमा बनाउने गरी सम्झौता थप भएको थियो। टेन्डरको रकम अनुसारका सबै काम सम्पन्न भएको र अब छुट आइटमहरूको मात्रै काम बाँकी रहेको निर्माण कम्पनी वाइवी इन्फ्रास्ट्रक्चरका सञ्चालक तथा इन्जिनियर यज्ञ केसीले बताए। 'अब वायरिङ, चर्पी, आँखीझ्याललगायतका काममात्र बाँकी छन्,' उनले भने, 'दैनिक ६० जना मजदुरले काम गरिरहेका छन्। बजेट र सामान उपलब्ध भएमा काम केही दिनमै सकिन्छ।'



दाङको लालमटियामा निर्माण गरिएको लुम्बिनी प्रदेशसभा भवन। तस्बिर : दुर्गालाल/कान्तिपुर

लालमटियास्थित राप्ती प्राविधिक शिक्षालयका विद्यार्थीहरू गढवाको सरस्वती मावि विद्यानगरमा सार्न थालिएको छ। लालमटियामा प्रदेश सरकारको प्रशासनिक केन्द्र बनाउने योजना अनुसार राप्ती प्राविधिक शिक्षालय गढवा सार्न थालिएको हो। साउन ३१ गते गढवामा शिक्षालयको साइनबोर्ड टाँगेर स्थानान्तरणको काम थालिएको शिक्षालयका सहायक प्रमुख कुलराज चौधरीले बताए। 'पढाइ सुरु गर्न सक्ने संरचना सबै तयार भइसकेको छैन। अहिले विद्युत्, पानीलगायतका आधारभूत आवश्यकताहरू जडान भइरहेका छन्,' उनले भने, 'सबै संरचना तयार भएपछि कक्षा सुरु हुन्छ।' भदौ २० गतेभित्रै फार्मेसी कक्षा सञ्चालन गर्ने र बिस्तारै अन्य कक्षा पनि चलाउने गरी तयारी भइरहेको उनले जानकारी दिए।

सरस्वती माध्यमिक विद्यालयलाई नजिकैको प्राथमिक विद्यालयको पुरानो भवनमा पूर्वाधार थपेर स्थानान्तरण गरिएको छ। प्राविधिक शिक्षालयले उपयोग गरेको जग्गा तथा संरचना प्रदेश सरकारलाई उपभोग गर्न दिने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को २०७८ चैत १ गतेको बैठकले निर्णय गरेको थियो। प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को बैठकले पनि राप्ती प्राविधिक शिक्षालयलाई सरस्वती माध्यमिक विद्यालय विद्यानगर गढवामा स्थानान्तरण गर्ने निर्णय गरेको थियो। शिक्षालय एसियन विकास बैंकको सहयोगमा २०५० सालमा स्थापना भएको हो।

निर्वाचनअघि जसरी पनि प्रदेशसभा स्थायी राजधानीमा सार्ने योजना रहेको प्रदेशका स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्री इन्द्रजित थारुले बताए। 'स्थायी राजधानी कार्यान्वयन गर्न हामी तीव्रताका साथ लागिरहेका छौं। हामी बिस्तारै भौतिक संरचना भएसम्म प्रदेशसभा र अन्य मन्त्रालयलहरू सार्ने तयारीमा छौं,' उनले भने, 'मंसिरको निर्वाचनअघि नै प्रदेशसभा दाङमा ल्याउने योजना भइरहेको छ।'

हाल लालमटियामा पर्यटन, ग्रामीण तथा सहरी विकास मन्त्रालय र मुख्यमन्त्रीको सम्पर्क कार्यालय स्थापना गरिएको छ। सिसहनियामा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय स्थापना गरिएको छ। अन्य मन्त्रालयहरू पनि स्थानान्तरण गर्दै जाने मन्त्री थारुले बताए।

# बाढीले परीक्षा केन्द्र परिवर्तन

**मनोज पौडेल** (कपिलवस्तु)

बाढीले परीक्षा केन्द्रसम्म जान परीक्षार्थीलाई अवरोध पुऱ्याएपछि केन्द्र परिवर्तन गरेर परीक्षा सञ्चालन गरिएको छ। बाढीका कारण विद्यार्थीको परीक्षा नै रद्द हुने अवस्था आएपछि शनिबार वैकल्पिक व्यवस्था गरेर उनीहरूको एसईईको ग्रेड वृद्धिको परीक्षा सञ्चालन गरिएको हो।

वाणगंगा नगरपालिका-८, मोतीपुरस्थित बनगाई-भलवार्ड सडक खण्डअन्तर्गत कोइली खोलामा बाढी आएपछि भलवार्ड क्षेत्रका विद्यार्थीलाई समस्या परेको हो। वाणगंगा नगरपालिकाकै मोतीपुर मावि केन्द्रमा परीक्षा दिन आएका ३४ विद्यार्थीलाई बिहानै ७ बजेबाटै बाढीले बाटोमा रोकेको थियो। उनीहरूको परीक्षा बिहान ८ बजेबाट सुरु थियो। त्यसको २० मिनेटअघि मात्र खबर पाएपछि सशस्त्र प्रहरीको विपत् उद्धार टोली प्रभावित क्षेत्रमा पुगेको थियो। ३४ विद्यार्थीलाई खोला तार्न समय लाग्ने हुँदा पारितिर नजिकै वैकल्पिक परीक्षा केन्द्र सञ्चालन गर्ने जनशक्ति लैजान सजिलो हुने भएकाले त्यसै गरिएको सशस्त्रको २८ नम्बर गणका उपरीक्षक सूर्यबहादुर सेनवलीले बताए। 'शिक्षा समन्वय इकाई कार्यालय र नगर शिक्षा शाखासँग समन्वय गऱ्यौं,' उनले भने, 'सशस्त्रले डुंगामार्फत शिक्षक, निरीक्षक, केन्द्राध्यक्ष, गार्ड, सुरक्षाकर्मी, प्रश्नपत्र, उत्तरपुस्तिका र परीक्षा सञ्चालन गर्न चाहिने सबै सामग्री पारि पुऱ्याएर परीक्षा सञ्चालन गऱ्यौं।' ८ बजेको परीक्षा साढे ९ बजे सुरु भएको उनले बताए। खोला नजिकै साहित्य तीर्थ कपिलधामको सभा हलमा परीक्षा केन्द्रको नियमअनुसार परीक्षा सञ्चालन गरिएको वाणगंगा नगरपालिकाका शिक्षा शाखा प्रमुख खिमबहादुर जीसीले बताए। एसईईको स्तर वृद्धिका लागि ३० जनाले गणित, २ जनाले अंग्रेजी, एक जनाले सामाजिक र एक जनाले अर्थशास्त्र विषयको परीक्षा दिएका थिए। परीक्षा विषयअनुसार सवा दुई घण्टादेखि ३ घण्टा चलेको थियो।

सशस्त्रले उपरीक्षक नेतृत्वमा ३० टोली परिचालन गरेको थियो। उनीहरू प्लास्टिकको डुंगा र उद्धार सामग्री लिएर त्यहाँ पुगेका थिए। कोइली खोलामा पानी पर्नासाथ बाढी आउने र तत्कालै सुक्ने गर्छ। वाणगंगा नगरपालिका-९ को बस्ती कोइली खोला पारि पर्छ। वर्षाका बेला स्थानीयलाई निकै दुःख दिने गर्छ। पक्की पुल नहुँदा बर्सेनि भलवार्डवासीले समस्या झेल्दै आएको स्थानीय बाबुराम रायमाझीले बताए। दुई वर्ष पहिले कोइली खोलामा आएको बाढीले जिप बगाउँदा विद्युत् प्राधिकरण गजेहडा वितरण केन्द्रका प्रमुखसहित तीन जनाको ज्यान गएको थियो। कोइली खोलामा पक्की पुल बनाउने कुरा उठ्न थालेको दशकौं बिते पनि अझै बन्न सकेको छैन। गत वर्ष पुल निर्माणका लागि लुम्बिनी प्रदेश सरकारले बजेट विनियोजन गरेको थियो। तर, जग्गा विवादका कारण बजेट फ्रिज हुन पुगेको भलवाडवासी बताउँछन्।

## छोटकरी

### दलीय गठबन्धन आवश्यक : दाहाल

बुटवल (कास)- माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले देशलाई दुर्घटना हुनबाट बचाउन प्रदेश र संघीय चुनावमा दलीय गठबन्धन आवश्यक परेको बताएका छन्। शनिबार बुटवल आएका अध्यक्ष दाहालले पत्रकारहरूसँग कुरा गर्दै स्थानीय तहको चुनावमा गठबन्धन र तालमेल भनेजस्तो नभएको बताए। 'स्थानीय तहको चुनावमा आपसी गठबन्धन र तालमेल भनेजस्तो भएन,' उनले भने, 'तैपनि, गठबन्धन दल र सरकार मिलेर चुनाव गराउनु नै ठूलो कुरा भएको मानेका छौं।' दलीय गठबन्धन नभएको भए देश दुर्घटनामा जाने निश्चित रहेको बताउँदै उनले स्थानीय तहको चुनाव जेजस्तो भए पनि देशलाई दुर्घटनामा जानबाट बचाउन सफल भएकाले उपलब्धिमूलक मानेको बताए। 'निर्वाचन सफलतापूर्वक सम्पन्न गरेर संघीय लोकतान्त्रिक गणतन्त्र बचाउन दोस्रो चरणको संघ र प्रदेशको निर्वाचन गराउन लागेकाले यसलाई ठूलो उपलब्धि मान्नुहोला,' पत्रकारको प्रश्नको उत्तरमा उनले भने। अध्यक्ष दाहालले स्थानीय तहको चुनावबाट कमजोरीहरू पत्ता लगाएकाले त्यसबाट शिक्षा लिएर संघ र प्रदेशको चुनाव खोजेजस्तो गठबन्धन हुने दाबी गरे। चुनावको परिणामपछि देशमा संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने गरी अगाडि बढ्ने उनले विश्वास व्यक्त गरे।

### राहदानीबाट २ करोड ६२ लाख राजस्व

पाल्पा (कास)- जिल्ला प्रशासन कार्यालयमा राहदानी दस्तुरबापत एक वर्षमा २ करोड ६२ लाख राजस्व संकलन भएको छ। एमआरपी राहदानी र विद्युतीय राहदानी ४ हजार ४ सय ३१ जनाले लिएका छन्। जिप्रकाका अनुसार एमआरपी पासपोर्ट साधारण सिफारिस २ हजार २ सय १३, एमआरपी पासपोर्ट द्रुत सिफारिस ४ सय ६२, विद्युतीय राहदानी लाइभ इन्रोल्मेन्ट २ हजार ५ सय ७९ र विद्युतीय राहदानी द्रुत सिफारिस ८ सय ७ जनाको भएको छ। प्रमुख जिल्ला अधिकारी जगन्नाथ पन्तका अनुसार राहदानीका लागि प्रत्यक्ष अनलाइन दर्ता गर्न साउनबाट सुरु भएको हो। 'बाहिरबाट भर्नुपर्दा सेवाग्राहीले धेरै दुःख पाएको गुनासा आए,' उनले भने, 'त्यसपछि भित्रबाटै भर्ने व्यवस्था मिलाइएको छ।' जिप्रकाले गत आर्थिक वर्षमा १५ हजार ९ सय ५१ जनालाई नागरिकता प्रदान गरेको जानकारी गराएको छ। १२ हजार १ सय ४९ लाई वंशजका आधारमा, ३ हजार ७ सय ९६ नागरिकताको प्रतिलिपि र ६ जनालाई वैवाहिक अंगीकृत नागरिकता प्रदान गरेको सहायक प्रजिअ भक्तिसरा रानाले जानकारी गराइन्। प्रशासनले संस्था दर्ता तथा नवीकरणबाट १ लाख ६८ हजार रुपैयाँ र हातहतियार नवीकरण तथा नामसारीबाट १ लाख १२ हजार रुपैयाँ राजस्व संकलन गरेको उनले बताइन्। अन्य प्रशासनिक दस्तुरबापत १० हजार, प्रशासनिक दण्ड जरिवानाबाट २ लाख २९ हजार राजस्व संकलन भएको छ।

Radio Kantipur
KMG

**JOIN OUR TEAM**

**Kantipur Media Group** is the Country's first and leading private media group. With the mission of enhancing Nepalese people's right to right information, KMG is committed to propagating responsible journalism, offering value to our subscribers and providing an effective platform for advertisers. Kantipur Publications, Radio Kantipur, Kantipur Television, Kantipur Digital Corp and Kantipur Foundation are the main brands under KMG's umbrella.

**HEAD MARKETING - 1**

The ideal candidate for this role is highly-organized, forward-thinking, ambitious and has the ability to develop, expand and explore the business opportunities of Radio Kantipur and lead the team to achieve the departmental goals.

**Qualifications and Requirements**

- Master's Degree in Management with concentration in Marketing with three years of relevant work experience.
- Strong leadership and management skills.
- Superior oral and written communication skill in English & Nepali language.
- Excellent presentation and negotiation skills.
- Good interpersonal skill and ability to work under pressure.
- Media marketing experiences; especially in Radio will be an added advantage.

**EXECUTIVE MARKETING - 3**

Minimum of Bachelor's Degree in any discipline with good communication skills in both English and Nepali, having the passion and dedication towards the marketing job with creative and outstanding personality are advised to apply for the position.

**Qualifications and Requirements**

- Strong Interpersonal and Communications skills
- Candidates should be computer literate for all job positions
- Good problem solver and multi-tasking skills
- Basic computer skills for all positions.
- Candidate having 'Two Wheeler' will be an added advantage for Executive- Marketing

**To Apply:**

Interested Nepali Citizens having met the above requirements are encouraged to submit their application along with a cover letter and updated CV at **kfm@kmg.com.np** no later than 17:00 hours, **September 4, 2022.**

**VACANCY ANNOUNCEMENT**

SINOHYDRO CORPORATION LTD. TANAHU HYDROPOWER PROJECT MANAGEMENT PACKAGE 2 needs to recruit several draftsman for work needs; the main job is to draw workshop drawings according to the design drawings approved by Engineer. The requirements are as follows:

1. CTEVT graduate or Similar , major in Drafting;
2. Proficient in using CAD Drawing, MS-OFFICE and other office software,Good English writing ability
3. Two years or above working experience in drafting;
4. Can understand civil engineering drawings, can understand EM & HM drawings is preferred;
5. The salary is negotiable.

**Contact:** 9826638509 Ms. Saraswoti
**Email:** yr.yangzhenhua@powerchina.cn

# लागूऔषधमा निर्दोषलाई फसाएको आरोप

परासी (कास)- लागूऔषध मुद्दामा निर्दोषलाई फसाएको भन्दै नेपाली कांग्रेस र जनता समाजवादी पार्टी पश्चिम नवलपरासीले शनिबार घटनाको सत्यतथ्य छानबिन गर्न माग गरेका छन्। असार २२ मा जिल्लाको रामग्राम-१७ पिपरहियाबाट प्रहरीले भारत मोतीहारी घर भई भुमहीमा बस्ने रामा गुप्ता र जितेन्द्र पासवानलाई लागूऔषध ओसारपसार गरेको भन्दै पक्राउ गरेको थियो। पक्राउ परेका दुवै जनाविरुद्ध अहिले मुद्दा चलिरहेको छ।

कारोबारको कुरा गर्न बोलाएर प्रहरी प्रशासनको सहयोगमा निर्दोष व्यक्ति फसाउने काम भएको कांग्रेसका जिल्ला सदस्य राजेन्द्र सहानीले बताए। 'व्यक्तिगत लेनदेनको विषयमा नियोजित रूपमा प्रहरी प्रशासनको सहयोगमा निर्दोष व्यक्तिलाई फसाएको देखिन्छ,' उनले भने, 'गठबन्धन सरकारले माओवादी केन्द्रबाट निर्वाचित गाउँपालिका अध्यक्षलाई बचाउन अहिले चलखेल भइरहेको छ। हामी न्यायका लागि लडिरहेका छौं।'

घटनाले चर्को रूप लिएपछि सीआईबीको टोलीले जिल्लामा आएर स्थलगत अध्ययन गरी तयार गरेको छानविन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने उनीहरूको माग छ। राजनीतिक आडमा पाल्हीनन्दन गाउँपालिका अध्यक्षले प्रशासनलाई समेत प्रभावित पारेर अहिले मुचुल्का फेर्ने र आफू घटनाको योजनाकारबाट उन्मुक्ति पाउने काममा लागिपरेको जसपाका जिल्ला अध्यक्ष धरेन्द्र यादवको आरोप छ।

**वर्गीकृत डिस्प्ले**

Housing Project को लागि अनुभवी पार्टनर
रूपन्देही जिल्लाको Lumbini Circuit Road नजिकै र उदयमान सौ. फर्साटिकर बजारबाट ३०० मि. को दुरीमा ८ विगाहाको जग्गामा आधुनिक हाउजिङ्ग प्रोजेक्ट Partnership मा गर्न इच्छुकहरूले सम्पर्क गर्नु होला।
मोबाइल : ९८५७०७०९२८
Email : info@safnepal.com




INDUSTRIAL EXHAUST ROOF FAN
SB Machinery
Contact No.
9851185162, 9802016221
E: cavikashbajaj@gmail.com

यौन-शक्ति बर्द्धक
यौन दुर्बलता कमजोरी हटाई EXTRA TIME बढाई यौनशक्ति बढाउने विश्वस्तरिय HERBAL SUPPLIMENT. GERMAN, USA, LONDON PRODUCTS ARE AVAILABLE (80 वर्षसम्म हुन)
जाँड-रक्सी कुलत थाहै नदिई छुटाउने
स्तन बढाउने घटाउने, गुप्तांक टाइट गर्ने, मोटोपन घटाउने बढाउने। हाइट बढ्ने स्टेपअप
SEX TOY पाईन्छ।
FREE HOME DELIVERY ALL OVER NEPAL
9851147810, 9818941842

**Teacher Wanted Urgently**
1. Pre-Primary incharge: Should be Montessori trained and Experienced
2. Maths teacher: For grade IV, V, and VI
**Gyan Niketan Secondary English School,**
Shankhamool, Kathmandu
Contact No.: 9863355558

**वर्गीकृत डिस्प्ले** अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।

# तरकारी टनेलमा विद्यालय कक्षा



**तरकारी टनेलमा अध्ययनरत जाजरकोटको छेडागाड–१२ स्थित हिमालय आधारभूत विद्यालयका बालबालिका ।**

*तस्बिर : हरिहरसिंह/कान्तिपुर*

**हरिहरसिंह राठौर** (छेडागाड, जाजरकोट)

छेडागाड नगरपालिका-१२ स्थित हिमालय आधारभूत विद्यालयको भवन पहिरोका कारण चर्किएपछि बालबालिकाहरू झन्डै १ महिनादेखि तरकारी रोप्ने टनेलमा अध्ययन गर्न बाध्य छन् । साउन १० परेको झरीले विद्यालयको भवन चर्किएपछि उनीहरूलाई विद्यालयनजिकैको तरकारी टनेलमा राखेर पढाउन थालिएको हो ।

विद्यालयनजिकै पहिरो जाँदा विद्यालय भवन चर्किएको प्रधानाध्यापक तिलक अधिकारीले बताए । '२ वटा कक्षाको त ढोकासमेत खोल्न नमिल्नेछ,' उनले भने, 'चर्किएको भवनमा राखेर पढाउँदा जोखिम हुने भएकाले तरकारी टनेललाई कक्षाकोठा बनाएका छौं ।' कक्षा ५ सम्म पठनपाठन हुने विद्यालयमा पहिरोले २ वटा भवनको ४ वटा कक्षाकोठामा क्षति पुगेको छ । जसमा कक्षा ३ देखि ५ सम्मका बालबालिका पढ्ने ३ वटा कक्षाकोठा र भण्डार कक्ष क्षतिग्रस्त बनेको उनको भनाइ छ ।

टनेलमा शीतल हुँदा पढाउन सजिलो भए पनि ठूलो झरी अथवा चर्को घाम लाग्दा पनि प्लास्टिकमा बाफिएर पढ्न नसक्ने अवस्था छ । 'ठूलो पानी पर्ने सम्भावना भए वा चर्को घाम लागे बिदा दिएर विद्यार्थीलाई घर पठाउँछौं,' उनले भने, 'निकै दुःखले पढाइरहेका छौं ।' भवन चर्किएपछि वडा कार्यालय र नगरपालिकामा जानकारी गराए पनि तत्काल केही सहयोग गर्न नसक्ने जवाफ आएको प्रअ अधिकारीले बताए ।

विद्यालयमा अहिले बाल कक्षादेखि ५ कक्षासम्म ६६ बालबालिका अध्ययनरत छन् । २ स्थायी शिक्षक, १ राहत शिक्षक र १ बालविकास शिक्षक गरी ४ शिक्षक र १ विद्यालय कर्मचारी कार्यरत छन् । 'विद्यार्थीलाई पनि सास्ती नै छ, हामीलाई पनि पढाउन समस्या भयो,' प्रअ अधिकारीले भने, 'धन्न एक जना छिमेकी किसानले टनेलमा पठनपाठन गर्ने गरी सहयोग गर्नुभयो, नत्र विद्यालय चर्केपछि बिदा गर्नुको विकल्प थिएन ।'

भवन चर्किएको जानकारी पाए पनि स्थलगत निरीक्षण गर्न जान नसक्दा विद्यालयको अवस्था थाहा नपाएको नगरपालिकाको शिक्षा शाखा प्रमुख दीपक शाहीले बताए । 'अबको १/२ दिनभित्रै विद्यालयको अनुगमन गरी हामीले गर्न सक्ने सहयोग तत्काल गर्छौं,' उनले भने, 'बालबालिकाको पढाइ नरोकिने गरी थप सहयोग गर्नेबारे पनि सल्लाह भइरहेको छ ।'

# कर्णालीमा निर्वाचन तयारी

वीरेन्द्रनगर (कास)- कर्णालीमा मंसिर ४ गते हुने प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनको तयारी तीव्र पारिएको छ । प्रदेश निर्वाचन कार्यालयले निर्वाचनको तयारीस्वरूप निर्वाचन अधिको कार्यतालिका बनाएर काम गर्न थालेको हो । कार्यतालिका अनुसार भदौ १२ गते जिल्लाहरूले अद्यावधिक गरेका मतदाता नामावली प्रकाशन गर्ने छन् । भदौ १९ गतेसम्म मतदाता नामावलीमा दाबी विरोधको समय तय गरिएको छ ।

मतदाता नामावलीका त्रुटि सच्याउने र नामावली गल्तीरहित गराउनेतर्फ कार्यालय केन्द्रित रहेको प्रदेश निर्वाचन अधिकारी दुर्गाप्रसाद चालिसेले बताए । उनका अनुसार भदौ १२ गते सम्बन्धित स्थानीय तहका वडा कार्यालय र प्रमुख दर्ता अधिकारीको कार्यालयमार्फत मतदाता नामावली प्रकाशन गरिनेछ । भदौ १३ गतेदेखि १५ गतेसम्म मतदाता नामावलीमा रहेको गल्ती सच्याउन निवेदन दिने र सोही दिन मतदाता नामावलीमा कसैले झूटा विवरण दिई नाम समावेश गरेको भए विरोध उजुरी दिन पाइनेछ । मतदाताको नामावली एक स्थानभन्दा बढीमा भए एक ठाउँमा मात्र कायम गर्न निवेदन दिने समय पनि छुट्याइएको छ ।

# हिलाम्य सडकले सास्ती

## गाडी नचल्दा बिरामी बोक्न स्ट्रेचरकै भर पर्नुपर्ने बाध्यता



**सल्यान, कुमाखकी एक गर्भवतीलाई स्ट्रेचरमा बोकेर जिल्ला अस्पताल ल्याउँदै स्थानीय युवा ।**

*तस्बिर : विप्लव/कान्तिपुर*

**विप्लव महर्जन** (सल्यान)

थारमारे-चौरजहारी सडकअन्तर्गत बडागाउँदेखि रागेचौरसम्मको झन्डै १० किलोमिटर सडक मर्मत नहुँदा स्थानीय सास्ती भोग्न बाध्य छन् । हिलाम्मे सडकका कारण गाडी नचल्दा स्थानीयलाई बिरामी बोक्न स्ट्रेचरकै भर पर्नुपर्ने बाध्यता छ ।

सडक मर्मत नहुँदा विशेषगरी गर्भवती एवं गम्भीर अवस्थाका बिरामीलाई अस्पताल लैजान समस्या भएको हो । 'एक हप्तामा २ जना गर्भवतीलाई स्ट्रेचरबाटै अस्पताल पुर्‍यायौं,' स्थानीय कमल विकले भने, 'गाडी नचल्दा जटिल अवस्थाका बिरामीलाई अस्पताल पुर्‍याउन मुस्किल भयो ।' उनका अनुसार कुमाख गाउँपालिकाबाट चौरजहारीस्थित मिसन अस्पतालनजिक पर्छ । 'अस्पताल जाने अरू वैकल्पिक मोटरबाटो पनि छैन,' उनले भने, 'जताततै हिलैहिलो छ, गाउँमा कोही बिरामी भए कम्तीमा ४ घण्टा स्ट्रेचरमा बोकेर लैजानुपर्ने बाध्यता छ ।'

केही गम्भीर अवस्थाका बिरामीलाई भने झन्डै ५ घण्टा स्ट्रेचरमा बोकेर जिल्ला अस्पताल लैजानुपर्ने बाध्यता भएको उनले बताए । उनले डेढ महिनाको अवधिमा झन्डै १० जना गर्भवती र गम्भीर अवस्थाका बिरामीलाई स्ट्रेचरमै बोकेरै अस्पताल पुर्‍याइएको सुनाए । स्थानीयका अनुसार असार दोस्रो सातादेखि सडकमा गाडी चल्न सकेका छैनन् । मोटरसाइकल पनि फाट्टफुट्ट मात्र चल्ने गरेको स्थानीय लालबहादुर लालबहादुर चलाउनेले बताए । 'बाटोमा जमेको हिलो र खाल्डाखुल्डीले बटुवालाई पनि हिँड्न समस्या छ,' उनले भने, 'बडागाउँदेखि रागेचौरसम्म आउजाउ गर्ने अरू बाटो पनि छैन, सडकमा भने जताततै हिलैहिलो छ, हिलोमा फसे निस्कनै समस्या ।' पूर्वाधार विकास कार्यालयले सडकमा स्तरोन्नतिको काम थाले पनि बडागाउँदेखि रागेचौरसम्ममा भने कुनै काम भएको छैन । हिलाम्य सडकका कारण कालागाउँ, रागेचौर, जिमालीलगायत गाउँका बासिन्दा बढी प्रभावित भएको स्थानीय श्याम चलाउनेले बताए । 'सडकको दुरवस्थाले गाडी नचल्दा जरुरी काममा पनि बाहिर जान पाएका छैनौं,' उनले भने, 'गाडी चढ्न पनि अब त २ घण्टा हिँडेर बढागाउँ पुग्नुपर्ने अवस्था आयो ।' कुमाख गाउँपालिका अध्यक्ष मानबहादुर बुढाथोकीले बर्सेनि बजेट विनियोजन गरेर उक्त सडक खण्डमा मर्मत गर्ने गरिरहे पनि नाली नहुँदा समस्या भएको बताए । 'वर्षात् सकिएसँगै सधैं हामी सडक मर्मत गर्छौं, हिउँदभरि गाडी चल्छन्,' उनले भने, 'वर्षामा फेरि समस्या ।' पालिकामा आउने सीमित बजेटले सडक स्तरोन्नतिको काम गर्न नसकिएपछि प्रदेश र संघीय सरकारलाई सडकको अवस्थाबारे जानकारी गराइएको उनले बताए ।

# दुर्गममा प्रोजेक्टरबाट पढाइ

## 'कर्णालीको शिक्षालाई आम रूपमा हेर्ने दृष्टिकोण बदल्न पनि प्रविधिमैत्री विद्यालय बनाउन थालेका छौं'

**डीबी बुढा** (जुम्ला)

तातोपानी गाउँपालिका-४ स्थित नेत्रज्योति माध्यमिक विद्यालय हाँकुका शिक्षकहरू अहिले ल्यापटपमा पाठ्ययोजना बनाउँछन् । उनीहरूले दैनिकजसो विद्यालय जाँदा पावर प्वाइन्टमै पाठ्यसामग्री लैजान्छन् । 'प्रोजेक्टरबाट पढाउँदा विद्यार्थीले चाख मानेर सुन्छन् र पावर प्वाइन्टका विषयवस्तु हेर्छन्,' शिक्षक वीरेन्द्र बटालाले भने, 'हामीले पनि रमाएरै पढाउन पाएका छौं, शैक्षिक गुणस्तर बढेको छ ।'

उनका अनुसार एक दशक अघिसम्म चक र डस्टरको प्रयोग गरी कालोपाटीमा लेखेर सिकाइन्थ्यो । स्थानीय तह गठनपछि विद्यालयमा ह्वाइटबोर्ड र मार्कर प्रयोग हुन थाल्यो । 'प्रोजेक्टरबाट पढाउँदा विद्यार्थीले अक्षर मात्र देख्दैनन्, विभिन्न विषयको भिडियो र अडियो पनि सजिलै सुन्न पाएका छन्, जसले पढाइलाई झन् चाखलाग्दो बनाएको छ ।' प्रोजेक्टरबाट पठनपाठन सुरु भएपछि शिक्षकहरूले पनि विज्ञान प्रविधिप्रति चासो राख्न थालेको प्रधानाध्यापक ज्वजल्यराज न्यौपानेले बताए । उनका अनुसार शिक्षकहरूले हरेक दिन नयाँ नयाँ सन्दर्भ सामग्री तर्जुमा गरेर विद्यालयमा ल्याउने गरेका छन् । विद्यालयलाई प्रविधिमैत्री बनाउन प्रोजेक्टरबाट पढाउन थालिएको उनले बताए । 'अहिले हातले बनाएका शैक्षिक सामग्रीहरू ह्वाइटबोर्डमा लेखेर सिकाउनु पर्दैन,' उनले भने, 'कर्णालीको शिक्षालाई आम रूपमा हेर्ने दृष्टिकोण बदल्न पनि प्रविधिमैत्री विद्यालय बनाउन थालेका छौं ।'



**जुम्लाको नेत्रज्योति माध्यमिक विद्यालयका शिक्षकलाई ल्यापटप वितरण गर्दै तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईं ।**

*तस्बिर : डीबी/कान्तिपुर*

प्रोजेक्टरबाट पढाउन थालिएपछि शिक्षक मात्र होइन, विद्यार्थीसमेत खुसी छन् । 'शिक्षकले ह्वाइटबोर्डमा लेखेको पछाडिको बेन्चमा बसेकाहरूले नबुझ्ने र सरको आवाज पनि नसुन्ने समस्या थियो,' कक्षा ९ का छात्र समीर न्यौपानेले भने, 'अहिले त जता बसे पनि कुनै मतलबै छैन, श्रव्यदृश्य दुवै माध्यमबाट पढ्दा पठाएको कुरा छिट्टै बुझिन्छ ।' कक्षा ९ का अर्का छात्र कमल खत्रीले प्रोजेक्टरबाट पढ्दा शिक्षक र विद्यार्थी दुवैलाई थकान महसुस नहुने बताए ।

विद्यालयले सबै शिक्षकहरूलाई ल्यापटप उपलब्ध गराएको छ । विद्यार्थीलाई पावर प्वाइन्ट र एक्सलबाट नै पढाइन्छ । जसका कारण विद्यालयमा सञ्चालित कम्प्युटर कक्षा प्रभावकारी बनेको छ । पहिलो चरणमा गणित, नेपाली, सामाजिक, अंग्रेजी र विज्ञान विषय प्रोजेक्टरको माध्यमबाट पढाइ हुन थालेको हो ।

शिक्षाप्रेमी मुनप्रसाद खत्रीले निजी विद्यालयभन्दा सामुदायिक विद्यालय सूचना प्रविधिका हिसाबले अब्बल छन् भन्ने उदाहरण नेत्रज्योति मावि बनेको बताए । 'शिक्षकहरूले आफ्नो दक्षता र क्षमताको प्रदर्शन गर्ने ठाउँ पनि विद्यालय नै हो,' उनले भने, 'अहिले शिक्षकले इन्टरनेटबाट खोजेका सामग्रीले विद्यार्थीलाई बुझाउन धेरै सजिलो भएको छ ।'

विद्यालयमा अहिले ४ सय ५० विद्यार्थी अध्ययनरत छन् । कक्षा ६ देखि १२ सम्म अहिले प्रोजेक्टरको माध्यमबाट पठनपाठन भइरहेको छ । प्रत्येक कक्षकोठामा सीसी क्यामरा जडान गर्ने, साउन्ड बक्स राख्ने र कन्ट्रोल रुम बनाएर सबै शिक्षक तथा विद्यार्थीको निगरानी राख्ने कामको पनि थालनी भएको प्रधानाध्यापक न्यौपानेले बताए । उनका अनुसार विद्युतीय सामग्री सञ्चालनका लागि विद्यालयमा २ किलोवाटको सोलार सिस्टम राखिएको छ । उनले शैक्षिक सुदृढीकरण तथा गुणस्तरीय शिक्षा अभिवृद्धि कार्यक्रमअन्तर्गत विद्यालयमा डिजिटल प्रविधिसम्बन्धी काम अघि बढेको बताए । कार्यक्रममार्फत विद्यालयमा अहिलेसम्म झन्डै १० लाख रुपैयाँ खर्च भएको छ ।

गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले डिजिटल प्रविधिको प्रयोगले गुणस्तरीय शिक्षा हासिल गर्न सहयोग पुगेको बताए । 'अहिलेको जमाना चकले कालोपाटीमा लेखेर डस्टरले मेट्ने होइन,' उनले भने, 'अब त कम्प्युटरमा नेट/इन्टरनेटको प्रयोगले पठनपाठन गरेर अघि बढ्ने समय हो, विद्यालयले यसको प्रयोग गरिरहेको छ ।' विद्यालयलाई प्रविधिमैत्री बनाउन शिक्षकहरूलाई थप ल्यापटप वितरण गरिएको उनले बताए ।

Radio Kantipur | KMG

**JOIN OUR TEAM**

**Kantipur Media Group** is the Country's first and leading private media group. With the mission of enhancing Nepalese people's right to right information, KMG is committed to propagating responsible journalism, offering value to our subscribers and providing an effective platform for advertisers. Kantipur Publications, Radio Kantipur, Kantipur Television, Kantipur Digital Corp and Kantipur Foundation are the main brands under KMG's umbrella.

**HEAD MARKETING - 1**

The ideal candidate for this role is highly-organized, forward-thinking, ambitious and has the ability to develop, expand and explore the business opportunities of Radio Kantipur and lead the team to achieve the departmental goals.

**Qualifications and Requirements**

- Master's Degree in Management with concentration in Marketing with three years of relevant work experience.
- Strong leadership and management skills.
- Superior oral and written communication skill in English & Nepali language.
- Excellent presentation and negotiation skills.
- Good interpersonal skill and ability to work under pressure.
- Media marketing experiences; especially in Radio will be an added advantage.

**EXECUTIVE MARKETING - 3**

Minimum of Bachelor's Degree in any discipline with good communication skills in both English and Nepali, having the passion and dedication towards the marketing job with creative and outstanding personality are advised to apply for the position.

**Qualifications and Requirements**

- Strong Interpersonal and Communications skills
- Candidates should be computer literate for all job positions
- Good problem solver and multi-tasking skills
- Basic computer skills for all positions.
- Candidate having 'Two Wheeler' will be an added advantage for Executive- Marketing

**To Apply:**

Interested Nepali Citizens having met the above requirements are encouraged to submit their application along with a cover letter and updated CV at **kfm@kmg.com.np** no later than 17:00 hours, **September 4, 2022.**

**VACANCY ANNOUNCEMENT**

SINOHYDRO CORPORATION LTD. TANAHU HYDROPOWER PROJECT MANAGEMENT PACKAGE 2 needs to recruit several draftsman for work needs; the main job is to draw workshop drawings according to the design drawings approved by Engineer. The requirements are as follows:

1. CTEVT graduate or Similar , major in Drafting;
2. Proficient in using CAD Drawing, MS-OFFICE and other office software,Good English writing ability
3. Two years or above working experience in drafting;
4. Can understand civil engineering drawings, can understand EM & HM drawings is preferred;
5. The salary is negotiable.

**Contact:** 9826638509 Ms. Saraswoti
**Email:** yr.yangzhenhua@powerchina.cn

**वर्गीकृत डिस्प्ले**

Housing Project
को लागि अनुभवी पार्टनर
रुपन्देही जिल्लाको Lumbini Circuit Road नजिकै र उदयमान सौ. फर्सटिकर बजारबाट ३०० मि. को दुरीमा ८ बिगाहाको जग्गामा आधुनिक हाउजिङ्ग प्रोजेक्ट Partnership मा गर्न इच्छुकहरूले सम्पर्क गर्नु होला ।
मोवाइल : ९८५७०७०९२८
Email : info@safnepal.com



INDUSTRIAL EXHAUST ROOF FAN
SB Machinery
Contact No.
9851185162, 9802016221
E: cavikashbajaj@gmail.com

यौन-शक्ति बर्द्धक
यौन दुर्बलता कमजोरी हटाई EXTRA TIME बढाई यौनशक्ति बढाउने विश्वस्तरिय HERBAL SUPPLIMENT. GERMAN, USA, LONDON PRODUCTS ARE AVAILABLE (80 वर्षसम्म हुन)
जाँड-रक्सी कुलत थाहै नदिई छुटाउने
स्तन बढाउने घटाउने, गुप्तांक टाइट गर्ने, मोटोपन घटाउने बढाउने ।
हाइट बढ्ने स्टेपअप
SEX TOY पाईन्छ ।
FREE HOME DELIVERY ALL OVER NEPAL
9851147810,9818941842

**Teacher Wanted Urgently**

1. Pre-Primary incharge: Should be Montessori trained and Experienced
2. Maths teacher: For grade IV, V, and VI

**Gyan Niketan Secondary English School,**
Shankhamool, Kathmandu
Contact No.: 9863355558

**वर्गीकृत डिस्प्ले**
**अब मल्टिकलरमा पनि छाप्न सकिने**
श्याम स्वेत: रु. ३०००/-*
स्पट कलर: रु. ३५००/-*
मल्टि कलर: रु. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरूमा मूल्य अभिवृद्धि कर समावेश गरिएको छैन ।

# शुक्लाफाँटामा २३ सय बढी बाह्रसिंगा


कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको विशाल घाँसे मैदानमा बाह्रसिंगाको बथान । फाइल तस्बिर : कान्तिपुर

**भवानी भट्ट** (कञ्चनपुर)

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा २३ सय १४ बाह्रसिंगा रहेको तथ्यांक सार्वजनिक गरिएको छ । निकुञ्ज कार्यालयका अनुसार २६२ वयस्क, ८५८ वयस्क पोथी, ४३ अर्ध वयस्क भाले, १५२ अर्ध वयस्क पोथी, १६४ पाठापाठी र लिंग पहिचान हुन नसकेका ८३५ बाह्रसिंगा छन् । गत वर्षको गणनामा २२ सय ४६ बाह्रसिंगा थिए ।

२०१४ यता निकुञ्जमा बाह्रसिंगाको संख्या २३ सयकै हाराहारी छ । त्यतिबेला गरिएको गणनामा २३ सय १ बाह्रसिंगा थिए । त्यसयता २२ सयदेखि २३ सयकै हाराहारीमा बाह्रसिंगा भेटिएको निकुञ्ज कार्यालयले जनाएको छ । वैशाख १ देखि ७ सम्म वन्यजन्तु सप्ताहका अवसर पारी टाउको गणना विधिबाट बाह्रसिंगाको गणना तथा अनुगमन गरिएको हो । बाह्रसिंगा पाइने स्थानमा निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिकहरूले टेलस्कोप, बाइनोकुलर र क्यामेराको सहायताबाट गणना गरेका थिए ।

'अहिले देखिएको संख्या राम्रै हो,' शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत मनोज ऐरले भने, 'दुई हजारदेखि अढाई हजारसम्मको पपुलेसन राम्रो मान्न सकिन्छ ।' उनका अनुसार केही वर्षयता शुक्लाफाँटा घासे मैदानसँगै निकुञ्जको अन्य क्षेत्रमा पनि

> पछिल्लो गणनाअनुसार बाघको संख्या ३६ पुगेको छ, जसमा पोथी १६ र भाले १२ छन्

बाह्रसिंगा देखिन थालेको छ । तर फाटफुट रूपमा अन्य क्षेत्रमा गए पनि बासस्थान भने शुक्लाफाँटा घाँसे मैदान नै हो ।

'चौधर नदीपारि लालपानी र अन्य क्षेत्रमा पनि बाह्रसिंगा देखिएको छ,' ऐरले भने, 'यस वर्ष पहिलो पटक उक्त क्षेत्रमा पनि गणना गरिएको हो ।' यसअघि निकुञ्जको विशाल घाँसे मैदानमा मात्रै बाह्रसिंगाको गणना गरिदै आएको थियो । घासे मैदान व्यवस्थापन गर्न सके बाह्रसिंगाको संख्या थप बढाउन सकिने उनले बताए । ३०५ वर्गकिलोमिटर क्षेत्रफलमा रहेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको विशाल घाँसे मैदान ५४ वर्गकिलोमिटरमा छ । यसको नाम शुक्लाफाँटा घाँसे मैदान हो । यही विशाल घाँसे मैदान बाह्रसिंगाको प्रमुख बासस्थान हो । यहाँ हजारौंको झुन्डमा बाह्रसिंगा देख्न सकिन्छ । घाँसे मैदानमा बनेका ठुल्ठूला मचानबाट ठूलो झुन्डमा बाह्रसिंगा चरिरहेको दृश्य लोभलाग्दो देखिन्छ ।

बाह्रसिंगा बाघको प्रमुख आहारा पनि हो । पछिल्लो गणनाअनुसार यहाँ बयस्क बाघको संख्या ३६ पुगेको छ । निकुञ्ज कार्यालयले १६ पोथी र १२ भाले तथा अकुपेन्सी सर्भेका आधारमा ८ बाघ रहेको तथ्यांक सार्वजनिक गरेको हो । अघिल्लो गणनामा यहाँ १८ वयस्क बाघ छन् । पर्याप्त आहारा प्रजाति र बासस्थानको व्यवस्थापनकै कारण यहाँ बाघको संख्या वृद्धि भएको हो । बाह्रसिंगासँगै चित्तल, लघुना, जरायोलगायत वन्यजन्तु बाघका प्रमुख आहारा हुन् ।

# निजामती सेवा विधेयक एक वर्षपछि प्रदेशसभामा

## संशोधनसहित प्रदेशसभा विधेयकमा प्रस्तुत प्रावधानप्रति सांसदहरूको विरोध

**अर्जुन शाह** (धनगढी)

सरकारले प्रदेशसभामा दर्ता गराएको सुदूरपश्चिम प्रदेश निजामती सेवाको गठन, सञ्चालन तथा सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ०७८ एक वर्षपछि संसदीय समितिले छलफल तथा परिमार्जनसहित बैठकमा पेस गरेको छ । गत वर्ष ०७८ असारमा दर्ता भएको उक्त विधेयकलाई प्रदेशसभाको बैठकले विधायन तथा प्रदेश मामिला समितिमा छलफलका लागि पठाएको थियो । समितिले छलफलपश्चात् दुई दिनअघि पेस गरेको उक्त विधेयकका केही प्रावधानहरूलाई फेरबदल गरेको छ ।

हाल प्रदेश सचिव संघ सरकारको प्रतिनिधि रहने व्यवस्था रहेकोमा प्रदेश सरकारले प्रदेश सचिव मात्र नभई प्रमुख सचिवसमेत प्रदेशमातहतकै हुने प्रस्ताव गरेको थियो । बाह्रौं तहका पदाधिकारी कर्मचारी पनि प्रदेशले नियुक्त गर्ने प्रावधान प्रस्ताव गरिएको थियो । संसदीय समितिले उक्त प्रस्तावलाई फेरबदल गर्दै एघारौं तह (सहसचिव तह) सम्म नियुक्त गर्न प्रस्ताव गरेको छ । प्रमुख सचिवको कार्यकाल उमेरको हदबाहेक तीन वर्षको हुने भनिएको छ ।

अधिकृत बाह्रौं तह अर्थात् प्रमुख सचिव बढुवा गर्दा प्रदेश सरकारले एघारौं तहका कर्मचारीमध्येबाट ज्येष्ठता र कार्यकुशलताका आधारमा छनोट गर्ने भनिएको छ । प्रमुख सचिवका लागि सेवा समूहसँग सम्बन्धित विषयमा स्नातकोत्तर तह उतीर्ण हुनुपर्ने शैक्षिक योग्यता तोकिएको छ । हाल एघारौं तह अर्थात् सहसचिव प्रदेश मन्त्रालयका सचिव र बाह्रौं तह अर्थात् सचिव तहका कर्मचारी प्रदेश सरकारको प्रमुख सचिव हुने व्यवस्था छ । प्रदेश सचिव र प्रमुख सचिव दुवै संघ सरकारले खटाउने गरिएको छ ।

समितिले प्रस्ताव गरेको संशोधनमा हाल प्रदेश सरकारअन्तर्गतका विभिन्न कार्यालयमा नियूक्त करारका पदलाई स्थायी गर्ने उल्लेख छ । हलुका सवारी चालक, हेभी सवारी चालक र कार्यालय सहयोगी कर्मचारीलाई एक पटकका लागि प्रदेश लोकसेवा आयोगमार्फत स्थायी पदपूर्ति गर्ने प्रक्रिया पूरा गरी सहायक तेस्रो श्रेणीमा कायम हुने गरी स्थायी गर्ने प्रस्ताव गरिएको छ ।


सुदूरपश्चिम प्रदेशसभाको बैठकमा संशोधनसहितको विधेयक पेस गर्दै विधायन तथा प्रदेश मामिला समितिका सभापति नेपालु चौधरी । तस्बिर : अर्जुन/कान्तिपुर

प्रदेश सरकारले मातहतका निकायको संगठन संरचना र दरबन्दी सिर्जना गरेर पदपूर्ति गर्न सक्ने ब्यवस्था गरेको छ । त्यस क्रममा प्रदेश निजामती सेवामा आरक्षण र समावेशी व्यवस्थालाई पनि सुनिश्चित गरिएको हो । तर, सरकारले प्रस्ताव गरेको समावेशिताको प्रतिशतमा पनि समितिले फेरबदल गरेको छ । सरकारद्वारा प्रस्तावित समावेशी तथा आरक्षण कोटाहरूअन्तर्गत दलित २१ प्रतिशत, थारू २० प्रतिशत, आर्थिक रूपले विपन्न खस आर्य १७ प्रतिशत, आदिवासी जनजाति १५ प्रतिशत, पिछडिएको क्षेत्र १५ प्रतिशत, अपांग ५ प्रतिशत, मधेसी ४ प्रतिशत र मुस्लिम ३ प्रतिशत आरक्षण कोटा निर्धारण गरिएको थियो ।

समितिले भने महिला र रानाथारू समुदायलाई समेत आरक्षणमा समेटेको छ । त्यसअनुसार महिला ३३ प्रतिशत, दलित १४ प्रतिशत, थारू, रानाथारू १३ प्रतिशत, आर्थिक रूपले विपन्न खस आर्य ११ प्रतिशत, आदिवासी जनजाति १० प्रतिशत, पिछडिएको क्षेत्र १० प्रतिशत, अपांग ४ प्रतिशत, मधेसी ३ प्रतिशत र मुस्लिम २ प्रतिशत तोकिएको छ । सरकारले आरक्षण कोटामा ४९ प्रतिशत छुट्याएर एक सय प्रतिशत मानेर विभाजन गरेको थियो । संसदीय समितिले ४५ प्रतिशत कोटा छुट्याएर त्यसैलाई सय प्रतिशत मानेर विभिन्न समुदायलाई आरक्षण कोटा निश्चित गर्ने प्रस्ताव गरेको छ । रानाथारू समुदायका सांसदहरूले आफ्नो समुदायलाई आरक्षणमा छुटाइएको भन्दै लामो समय विरोध गर्दै आएका थिए ।

सुदूरपश्चिम प्रदेश निजामती सेवाको गठन, सञ्चालन तथा सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ०७८ समितिले संशोधनसहित प्रदेशसभा बैठकमा प्रस्तुत गरिएका प्रावधानप्रति विभिन्न दलका सांसदहरूले विरोध गरेका छन् । कांग्रेस सांसद भरतबहादुर खड्काले प्रस्तावित विधेयक हुबहु पारित गरिए आत्मघाती हुने बताए । 'आरक्षित कोटाको प्रतिशत मिलेको छैन,' उनले भने । माओवादी केन्द्रका सांसद महेशदत्त जोशीले संशोधित प्रावधानहरू पनि अनुपयुक्त रहेको बताए । कांग्रेस सांसद कुमारी नन्दा बमले सम्पूर्ण पदपूर्तिहरू प्रदेश लोकसेवा आयोगद्वारा प्रतिस्पर्धाका आधारमा गर्नुपर्ने बताइन् ।

# निःसन्तान दम्पतीलाई भत्ता

दार्चुला (कास)- व्यास गाउँपालिकाले निःसन्तान दम्पती र एकल पुरुषलाई मासिक सामाजिक सुरक्षा भत्ता दिने भएको छ । व्यास गाउँपालिकाको बुधबार ६ नम्बर वडा हुतीमा बसेको कार्यपालिका बैठकले व्यास गाउँपालिकाको स्थानीय सामाजिक सुरक्षा भत्ता कार्यविधि २०७९ पारित गर्दै भत्ता दिने निर्णय गरेको हो ।

बैठकले ४५ वर्ष पूरा भएका विवाह नगरेका वा श्रीमतीको मृत्यु भई अर्को कुनै विवाह नगरेका एकल पुरुष तथा ४५ वर्ष पूरा भएका निःसन्तान दम्पती दुवै जनालाई संघीय सरकारको भत्ता लागू नहुँदासम्म मासिक रूपमा गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता दिने व्यवस्था गरेको गाउँपालिका अध्यक्ष मंगलसिह धामीले बताए । हाल लाभग्राहीलाई मासिक रूपमा ५ सय रुपैयाँ वितरण गरिने छ । यसलाई व्यास गाउँपालिकाले प्रत्येक वर्ष समय सुहाउँदो थप गरी एकल पुरुष र निःसन्तान दम्पतीलाई निरन्तर रूपमा भत्ता दिने उनले जानकारी दिए ।

त्यस्तै, कार्यपालिका बैठकले महाकाली नदीमाथि तुइन अझै सञ्चालन भइरहेका बुदी, दुम्लिङ, धौलाकोट क्षेत्रमा नेपाल-भारत जोड्ने झोलुंगे पुलहरूको माग गर्ने निर्णय गरिएको छ । सीमा नदी महाकाली विभिन्न ठाउँहरूमा अझै जोखिमपूर्ण तुइनहरूको प्रयोग भइरहेकाले सम्बन्धित निकायलाई तुइन विस्थापन गरी झोलुंगे पुलहरूको माग गर्ने निर्णय गरिएको अध्यक्ष धामीले बताए । उनका अनुसार व्यास गाउँपालिका-१ को छाङरुलगायत ठाउँमा पुग्न नेपालतर्फको बाटो बन्द हुँदा भारतीय अनुमतिमा जानुपर्ने भएकाले तत्काल वैकल्पिक रूपमा दुम्लिङदेखि छाङरुसम्मको घोरेटो बाटो सुचारु गर्ने निर्णय गरिएको छ ।

ग्रामीण सडक सञ्चालन गर्ने, विद्युत् प्राधिकरण, नेपाल टेलिकम र दार्चुला-टिंकर सडकलाई गाउँपालिका भित्रका सडकलगायत संरचना निर्माणबारे ताकेता गर्ने र हुतीमा खाद्य डिपो माग गर्ने निर्णय गरेको अध्यक्ष धामीले बताए ।

# कञ्चनपुरमा डेंगु र मलेरिया

कञ्चनपुर (कास)- कञ्चनपुरमा पनि डेंगु र मलेरियाका बिरामी देखिन थालेका छन् । केही दिनयता स्वास्थ्य संस्थाहरूमा भाइरल ज्वरोको प्रकोपसँगै डेंगु र मलेरियाका बिरामी देखिन थालेका हुन् । जिल्ला स्वास्थ्य कार्यालयका अनुसार गतसाता गरिएको परीक्षणमा ४ जनामा डेंगु देखिएको छ । दोधारा चाँदनी नगरपालिकामा २० जनाको परीक्षण गर्दा डेंगु देखिएको हो ।

साउनयता ६ जनामा मलेरिया देखिएको छ । यतिबेला महाकाली प्रादेशिक अस्पतालसँगै विभिन्न स्वास्थ्य चौकीमा भाइरल र रुघा खोकीका बिरामी बढेका छन् । उनीहरूमध्ये नै डेंगु र मलेरिया देखिएको जिल्ला स्वास्थ्य कार्यालय कञ्चनपुरका औलो निरीक्षक सिद्धराज भट्टले बताए । महाकाली प्रादेशिक अस्पतालमा पनि मलेरिया र डेंगुका बिरामी देखिन थालेको अस्पतालका मेडिकल सुपरिण्टेण्डेण्ट डा. अर्जुन भट्टले बताए । उनकाअनुसार फाटफुट मात्रामा डेंगु र मलेरिया देखिन थालेका हो । गत सातासम्म ९ जनामा डंगु देखिएको अस्पतालले जनाएको छ । अहिले अस्पतालमा पनि भाइरल ज्परोका बिरामीको चाप बढेको छ ।

एडिस एजिप्टाइ र एडिस एल्बोपिक्टस जातको पोथी लामखुट्टेको टोकाइबाट डेंगु सर्ने गर्दछ । वर्षातको सिजनमा फुलदानी, पानीको ट्यांकी र पुराना टायर आदिमा जमेको पानीमा यो जातको लामखुट्टेले फुल पार्दछ । त्यसैबाट यसको वृद्धि भएर डेंगुको प्रकोप बढ्छ । यो लामखुट्टेले दिनमा टोक्ने भएकाले त्यसबाट जोगिनुपर्छ । घरवरपर पानी जम्न दिनु हुँदैन । धेरै मात्रामा लामखुट्टे देखिएमा कुहिरोजस्तो धूवाँयुक्त विषादी छर्किनुपर्ने उनले बताए । 'यो पनि एक प्रकारको भाइरल हो,' औलो निरीक्षक भट्टले भने, 'उच्च ज्वरो, हाड जोर्नी दुख्ने टाउको दुख्ने, आँखाको भित्री भाग दुख्ने यसका प्रमुख लक्षण हुन् ।' उनका अनुसार धेरैमा डेंगु देखिए केहीमा श्वासप्रश्वासको समस्या देखिन सक्ने उनले बताए । कञ्चनपुरमा गतवर्ष १५ जनामा डेंगु देखिएको थियो ।

डेंगु र मलेरियाका बिरामी देखिन थाले पनि जिल्लामा परीक्षणका लागि कीटको अभाव रहेको औलो निरिक्षक भट्टले बताए । उनकाअनुसार प्रदेश आपूर्ति केन्द्रले सय कीट पठाएको थियो । उक्त कीटहरू जिल्लाका सबै पालिकामा वितरण गरिएको उनले बताए । 'पर्याप्त कीटको अभावमा परीक्षण हुन सकेको छैन,' उनले भने, 'विभागमा माग गरिएको छ, आपूर्ति भएपछि परीक्षण बढाउन सकिनेछ ।'

# ८५ जनाद्वारा रक्तदान

धनगढी (कास)- बैतडी समाज कैलालीले शनिबार धनगढीमा आयोजना गरेको कार्यक्रममा ८५ जनाले रक्तदान गरेका छन् । समाजले हरेक वर्षमा दुई पटक रक्तदान र स्वास्थ्य शिविरको आयोजना गर्दै आएको समाजका अध्यक्ष मायाप्रकाश भट्टले बताए । आफ्नो वार्षिक कार्यक्रम अनुसार समाजले शनिबार धनगढी उपमहानगरपालिका ४ मा रहेको पदमा नर्सिङ कलेजको प्रांगणमा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । रक्तदान कार्यक्रमको धनगढी उपमहानरपालिका प्रमुख गोपाल हमाल र समाजका अध्यक्ष भट्टले संयुक्त रुपमा शुभारम्भ गरेका थिए । समाजले यसपटक निःशुल्क स्वास्थ्य शिविर, निःशुल्क आँखा जाँच शिविर र निःशुल्क दन्तसेवा शिविर पनि सञ्चालन गरेका छ । धनगढी नेत्रालयको सहयोगमा गरिएको निःशुल्क आँखा जाँच शिविरमा ३१८ जनाले सेवा लिएका छन । उनीहरूलाई निःशुल्क चस्मा र औषधि वितरण गरिएको थियो । सारथि अस्पतालको सहयोगमा गरिएको निःशुल्क स्वास्थ्य शिविरमा १५५ ले सेवा लिएका छन् । फिजिसियन चिकित्सकद्वारा जाँच, ब्लड सुगर जाँच र एक महिनासम्मको औषधि निःशुल्क प्रदान गरिएको थियो । समृद्धि डेन्टलको प्रायोजनमा चिकित्सकद्वय डाक्टर सन्तोष पाण्डे र डाक्टर विमल थापाले दन्त सेवा दिएका थिए ।


बैतडी समाजद्वारा आयोजित रक्तदान । तस्बिर सौजन्य : बैतडी समाज धनगढी

Radio Kantipur
KMG
JOIN OUR TEAM
Kantipur Media Group is the Country's first and leading private media group. With the mission of enhancing Nepalese people's right to right information, KMG is committed to propagating responsible journalism, offering value to our subscribers and providing an effective platform for advertisers. Kantipur Publications, Radio Kantipur, Kantipur Television, Kantipur Digital Corp and Kantipur Foundation are the main brands under KMG's umbrella.

HEAD MARKETING - 1
The ideal candidate for this role is highly-organized, forward-thinking, ambitious and has the ability to develop, expand and explore the business opportunities of Radio Kantipur and lead the team to achieve the departmental goals.

Qualifications and Requirements
- Master's Degree in Management with concentration in Marketing with three years of relevant work experience.
- Strong leadership and management skills.
- Superior oral and written communication skill in English & Nepali language.
- Excellent presentation and negotiation skills.
- Good interpersonal skill and ability to work under pressure.
- Media marketing experiences; especially in Radio will be an added advantage.

EXECUTIVE MARKETING - 3
Minimum of Bachelor's Degree in any discipline with good communication skills in both English and Nepali, having the passion and dedication towards the marketing job with creative and outstanding personality are advised to apply for the position.

Qualifications and Requirements
- Strong Interpersonal and Communications skills
- Candidates should be computer literate for all job positions
- Good problem solver and multi-tasking skills
- Basic computer skills for all positions.
- Candidate having 'Two Wheeler' will be an added advantage for Executive- Marketing

To Apply:
Interested Nepali Citizens having met the above requirements are encouraged to submit their application along with a cover letter and updated CV at kfm@kmg.com.np no later than 17:00 hours, September 4, 2022.

VACANCY ANNOUNCEMENT
SINOHYDRO CORPORATION LTD. TANAHU HYDROPOWER PROJECT MANAGEMENT PACKAGE 2 needs to recruit several draftsman for work needs; the main job is to draw workshop drawings according to the design drawings approved by Engineer. The requirements are as follows:
1. CTEVT graduate or Similar , major in Drafting;
2. Proficient in using CAD Drawing, MS-OFFICE and other office software,Good English writing ability
3. Two years or above working experience in drafting;
4. Can understand civil engineering drawings, can understand EM & HM drawings is preferred;
5. The salary is negotiable.
Contact: 9826638509 Ms. Saraswoti
Email: yr.yangzhenhua@powerchina.cn

वर्गीकृत डिस्प्ले

Housing Project को लागि अनुभवी पार्टनर
रुपन्देही जिल्लाको Lumbini Circuit Road नजिकै र उदयमान सौ. फर्सातिकर बजारबाट ३०० मि. को दूरीमा ८ विगाहाको जग्गामा आधुनिक हाउजिङ्ग प्रोजेक्ट Partnership मा गर्न इच्छुकहरूले सम्पर्क गर्नु होला ।
मोबाइल : ९८५७०७०९२८
Email : info@safnepal.com


INDUSTRIAL EXHAUST ROOF FAN
SB Machinery
Contact No.
9851185162, 9802016221
E: cavikashbajaj@gmail.com

यौन-शक्ति बर्द्धक
यौन दुर्बलता कमजोरी हटाई EXTRA TIME बढाई यौनशक्ति बढाउने विश्वस्तरिय HERBAL SUPPLIMENT. GERMAN, USA, LONDON PRODUCTS ARE AVAILABLE (80 वर्षसम्म हुन)
जाँड-रक्सी कुलत थाहै नदिई छुटाउने
स्तन बढाउने घटाउने, गुप्तांक टाइट गर्ने, मोटोपन घटाउने बढाउने ।
हाइट बढ्ने स्टेपअप
SEX TOY पाईन्छ ।
FREE HOME DELIVERY ALL OVER NEPAL
9851147810,9818941842

Teacher Wanted Urgently
1. Pre-Primary incharge: Should be Montessori trained and Experienced
2. Maths teacher: For grade IV, V, and VI
Gyan Niketan Secondary English School,
Shankhamool, Kathmandu
Contact No.: 9863355558

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।